
CLINICE

मजदूरद्वारा मजदूरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर


संख्या [illegible], साउन २०५९, मूल्य रु. १५।




COOPERATIVE

# स्वास्थ्यमा महासंघको लगानी

HEALTH




संख्या ७१, साउन २०५९

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**विशेष सहयोग**
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयुका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं. १०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२ (हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु. १५।-

**आवरण**
एम्ज माउस, २६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४३७४४८, अनामनगर।

**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।

**Partly supported by:** ILO/IPEC

# हाम्रो भनाई

ट्रेड यूनियन आन्दोलन भनेको के हो ? के यसको काम हडताल, घेराउ, ढुंगा-मुढा र झै-झगडा मात्रै हो ? या त्यो भन्दा पनि पर केही हो ? समाजका विभिन्न अंगबाट हाम्रो देशको ट्रेड यूनियन आन्दोलनलाई हेर्ने र बुझ्ने परम्परागत धारणामा केही मात्रामा भए पनि नयाँ दिशा दिन सकियोस् भनेर हामीले यस पटक पृथक प्रकृतिको आवरण कथा प्रस्तुत गरेका छौं।

श्रमिक स्वस्थ भएमा श्रम बजार-फुर्तिलो गतिलो हुन्छ भन्ने आफ्नो मान्यतालाई व्यवहारमा लागू गर्न जिफन्टको स्वास्थ्य क्षेत्रमा भएको लगानीको नालीवेली आवरण कथामा प्रस्तुत गरिएको छ। यो सांकेतिक सूचना हो। हाम्रा थुप्रै स्थानीय यूनियनद्वारा हुने गरेको र भइरहेको सबै कार्यको विवरण भने हामीले यसमा आत्मसात गर्न सकेका छैनौं।


५

... राज्यसत्ता नभई समाजवादको अभ्यास गर्न सकिन्न भन्ने यान्त्रिक कुरामा मात्र सीमित हुन सकिन्न। समृद्ध जीवनका लागि समाजवादको अभ्यास गर्ने धेरै उपायहरूमध्ये सामूहिक हितको लागि सामूहिक प्रयत्न गर्ने सहकारिता पनि एउटा हो। त्यसैले श्रमिक सहकारी अभियानको पहिलो खुड्किलोको रूपमा जिफन्ट स्वास्थ्य सहकारी संस्था शुरू गरिएको छ...

नेपाली ट्रेड यूनियन आन्दोलनको ४३ औं वर्ष र जिफन्ट स्थापनाको ठ्याक्कै एक वर्ष पछि २०४७ सालको भाद्र महिनामा श्रमिक खवरले जन्म लियो। नेपाली मजदुर वर्गको पहिलो पत्रिका नभए पनि मजदुरहरूको पहिलो समाचारपत्रको रूपमा यो अस्तित्वमा आयो। श्रम र श्रमिकसंग सम्बन्धित समाचारहरू नेपाली पत्रकारिता क्षेत्रबाट उपेक्षित रहेको वातावरणले श्रमिक खवरको प्रकाशन जरुरी भएको थियो।



११



२५

शीत युद्धको समाप्ति संगै अन्तरराष्ट्रिय ट्रेड यूनियन आन्दोलनको स्वरूप पनि फेरिएको छ। विश्वको ट्रेड यूनियन आन्दोलनको आकार र दिशा आजभोली आईसीएफटीयू-इन्टरनेशनल फेडेरेसन अफ फ्रि ट्रेड यूनियन्स्को योजना र निर्देशनमा भरपर्दो हुन थालेको छ। यसरी आईसीएफटीयू आज वास्ता गर्नै पर्ने संस्थाको रूपमा अगाडि आएको छ।

**दुई महिनाको नेपाल** / ३
**त्यो किसान जो कहिल्यै नेता हुन सकेन – ओम कोइराला** / १५
**फेरि कृषि मजदुरकै विषयमा** / १६
**दर्शन भनेको के हो ? – मुकुन्द न्यौपाने** / २१
**रोजा लग्जेम्वर्गः विश्व समाजवादी आन्दोलनका अथक योद्धा – विन्दा पाण्डे** / २३
**आफ्नो आस्थामा दृढ कृषि मजदुर सीताराम चौधरी** / २८
**कृषि मजदुरः समस्या र समाधान – रुद्र गौतम** / ३०
**आइएलओमा जिफन्टको मुद्दा** / ३६

## १० वर्ष अधिको श्रमिक खबरबाट

अहिले निजीकरणको अभियान चलिआएका अधिकांश देशहरूको औद्योगिक विकास र राष्ट्रिय पूँजी निर्माणको कम्तीमा ६०/७० वर्ष लामो इतिहास छ। वेलायत जस्तो औद्योगिक क्रान्तिको जन्मथलोले केवल ८/९ वर्ष अघि मात्रै निजीकरण गर्ने आँट गर्‍यो। अस्ट्रेलिया जस्तो विकसित राष्ट्र भर्खर निजीकरणतर्फ लाग्दैछ। भारत, श्रीलंका जस्ता मुलुकमा भरखर-भरखर निजीकरण गरिंदैछ। यति हुँदा हुँदै पनि यी सबै देशका सिंगो समाज निजीकरणको विपक्षमा किन उभिएको छ ? ... निजीकरण गर्नै पर्ने निचोड निकाल्ने (नेपाल) सरकार यसबारे किन सोच्दैन ?


**श्रमिक खवर** संख्या २४, असोज, २०४९





**श्रमिक खवर** पढेर धेरै ज्ञान हासिल गर्न सकिन्छ। यसमा श्रमिकहरुको यथार्थ चाहनाहरु छापिएको छ। गएका अंकमा श्रमिक सांस्कृतिक अभियानले गरिएको श्रमिक साँझ बारे पनि समाचार छापिएको रहेछ। मलाई खुसी लाग्यो। यस्तै श्रमिक कलाकारलाई प्रोत्साहन दिने खवरहरु श्रमिक खवरमा छापिएमा ट्रेड यूनियन आन्दोलनलाई सघाउ पुग्ने आशा गरेको छु।

- **न्हेमा दोर्जे तामाङ**, बौद्ध महांकाल, साँस्कृतिक विभाग सदस्य, नेस्वकामयू




**श्रमिक खवर**को म नियमित पाठक हुँ। श्रमिक खवरले मजदुरहरुको सांगठनिक गतिविधिका साथै मजदुरहरुको समस्या र समाधानका थुप्रै विषयहरु प्रकाशित गरिरहेको छ। अन्य देशका मजदुरहरुको खवर समेत प्रकाशित गरी चेतना अभिवृद्धि गर्ने सशक्त संचारको कार्य गर्दै आएको छ। भविष्यमा अझ खोजमूलक समाचार प्रकाशित गरोस् यही मेरो कामना छ।

- **ध्रुव सापकोटा**, कोटेश्वर, केन्द्रीय सदस्य, नेस्वप्रेमयू



**श्रमिक खवर**को मे दिवस अंक पढ्न पाएँ। खुसी लाग्यो। श्रमिक खवरमा प्रकाशित बालश्रम शोषण सम्बन्धी कार्टुनको स्तम्भ धेरै राम्रो छ। यस्तै अन्य श्रमशोषणको पनि कार्टुन चित्रहरु र श्रम ऐनको संक्षेपमा साधारण मजदुरले समेत बुझ्न सकिने खालको स्तम्भ राखे अझ सुनमा सुगन्ध हुने थियो।

- **अच्युतम आचार्य**, सानोठिमी, केन्द्रीय सदस्य, नेस्वप्रेमयू



**श्रमिक खवर** धेरै पहिलेदेखि पढ्दै आइरहेको छु। राम्रो लागिरहेको छ। अंक ७० पढें। यो अंक महत्त्वपूर्ण छ। यसमा प्रकाशित यशोधा धितालसंगको कुराकानीले मेरो मन रुवायो, शोकाकुल बनाइदियो। यस्तै वेदना र कथाहरू लेखेर श्रमिक खवरले सम्पूर्ण नेपाली श्रमिकहरूको मन जित्न सकोस्।

**नरवहादुर केसी**, अध्यक्ष, नेपाल स्वतन्त्र खाद्य तथा पेय मजदुर यूनियन, कास्की




'श्रमिक खवर'
ट्रेड यूनियन आन्दोलनमा
सधैं मजदुर पक्षीय
भइरहोस् !

जोरपाटी गाउँ विकास समिति,
काठमाडौं

'श्रमिक खवर'
ट्रेड यूनियन आन्दोलनमा
सधैं मजदुर पक्षीय
भइरहोस् !

काठमाडौं महानगर पालिका
७ वडा कार्यालय

नव वर्ष २०५९ को
सुखद उपलक्ष्यमा सम्पूर्ण
देशवासीमा हार्दिक शुभकामना
व्यक्त गर्दछौं।

छठु प्रसाद यादव
सभापति

बलवीर चौधरी
उपसभापति

एवं जिल्ला विकास समिति, बारा परिवार

अत्याधुनिक जापानी प्रविधिबाट उत्पादित
अन्तर्राष्ट्रिय गुणस्तरको
गैंडा छाप सिमेन्ट
प्रयोग गरी ढुक्क हुनुहोस् ।



उदयपुर सिमेन्ट उद्योग लिमिटेड
जलजले, उदयपुर
फोन ०३५-२०२७५, २०२८०, २०२३१

# दुई महिनाको नेपाल

## (२०५९ वैशाख १६ – २०५९ असार १५)

**वैशाख १६:** माओवादी नेतालाई जिवित वा मृत अवस्थामा बुझाउनेलाई पचास लाखसम्म पुरस्कार दिने घोषणाप्रति प्रमुख विपक्षी एमाले र संसदको परराष्ट्र तथा मानव अधिकार समितिद्वारा गम्भीर आपत्ति।

**वैशाख १७:** सूचना तथा सञ्चार मन्त्रालयका निमित्त सचिव प्रभाकर अधिकारीमाथि कार्वाही गर्न अनुसन्धान आयोगलाई सार्वजनिक लेखा समितिको आदेश।

**वैशाख १८:** देशव्यापी रूपमा मे दिवस कार्यक्रम सम्पन्न।

नेपाल बैंक भ्रष्टाचारको प्रकरणमा तत्कालीन नायब महाप्रबन्धक शेरवहादुर थापा र व्यापारी मोहन साहनी लगायत १२ जनाबाट साढे ३ करोड रूपैंयाको धरौटी माग।

माओवादीको हिंसात्मक गतिविधिका कारण यो वर्ष ४१ बालकको मृत्यु भएको सीवीन को रिपोर्ट।

माओवादीद्वारा वार्ताका लागि जुनसुकै कदम चाल्न तयार रहेको विज्ञप्ति सार्वजनिक।

भ्रष्टाचारमा आरोपित सञ्चार मन्त्रालयका निमित्त सचिव प्रभाकर अधिकारीको घटुवा।



हाम्रो सम्पत्ति विवरण बुझाउने पालो चैं कैले आउने चैं'छ भाइ ?!

साभार: स्पेश टाइम

**वैशाख २१:** प्यूठान र रोल्पा सीमामा पर्ने लिस्नेमा माओवादी तालिम शिविरमा सुरक्षा फौजको कारवाहीमा २०० भन्दा बढी माओवादीको मृत्यु।

**वैशाख २२:** प्रधानमन्त्री देउवा अमेरिका भ्रमणमा प्रस्थान।

६ वर्ष अघि घरमा काम गर्ने बालकलाई साङ्गलाले बाँधेर यातना दिने घर मालिक विरुद्ध ७८ हजार क्षतिपूर्तिको अदालतको फैसला।

हिंसा बन्द गरी संवाद प्रक्रिया थाल्न संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूद्वारा दुवै पक्षलाई आव्हान।

**वैशाख २५:** केन्द्रीय तथ्यांक विभागले तयार गरेको प्रतिवेदनमा यो वर्षको आर्थिक वृद्धि दर ६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा १ प्रतिशत भन्दा कम हुने उल्लेख।

**वैशाख २६:** प्रधानमन्त्री शेरवहादुर देउवा र अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसबीच वासिङ्टनमा वार्ता, अमेरिकी राष्ट्रपतिद्वारा माओवादी विरुद्धको कारवाहीको दृढ समर्थन।

**वैशाख २७:** सरकारले पार्टीलाई बेवास्ता गरेको कांग्रेस संस्थापन पक्षको आरोप।

**वैशाख २८:** आतंक बिरुद्ध काठमाडौंको खुलामञ्चमा सर्वदलीय ऐक्यबद्धता सभा। नेपाली कांग्रेस, नेकपा एमाले लगायत संसदमा प्रतिनिधित्व गर्ने सबै पार्टीहरूद्वारा संसदीय प्रजातन्त्रको पक्षमा उभिने प्रतिबद्धता व्यक्त।

चिनियाँ राजदूतद्वारा माओवादी आतंकको भर्त्सना, माओको नाम दुरूपयोग गरेको आरोप।

**वैशाख २९:** कथित बोक्सीको आरोपमा आरोपित मरनीदेवी संघर्षशील नारी पुरस्कारले सम्मानित।

**वैशाख ३१:** प्रधान मन्त्री देउवा र वेलायतका प्रधानमन्त्री टोनी ब्लेयर बीच लण्डनमा वार्ता, आतंकवाद विरोधी कार्वाहीमा वेलायतले पनि सहयोग गर्ने।

**जेठ १:** नेपालको ७८ प्रतिशत जनसंख्याको प्रमुख आयस्रोत कृषि भए तापनि आफ्नो जग्गा नहुनेको संख्या बितेको दश वर्षमा दोब्बर भएको समाचार प्रकाशित।

**जेठ २:** प्रधानमन्त्री देउवा अमेरिका र वेलायतको भ्रमण सिध्याएर स्वदेश फिर्ता।

**जेठ ३:** सगरमाथाको सर्वोच्च शिखरमा एकै दिनमा पहिलो पटक ५४ जना पर्वतारोही पुग्न सफल। आप्पा शेर्पा बाह्रौं पटक सर्वोच्च शिखरको आरोहण गर्न सफल।

माओवादी अध्यक्ष प्रचण्डले सत्तारुढ दल लगायतका पार्टीका नेताहरूलाई वर्तमान समस्या समाधान गर्न अनुरोध गर्दै पत्र लेखेको समाचार प्रकाशित।

**जेठ ३:** सरकारद्वारा संकटकाल लम्ब्याउने प्रस्ताव दर्ता, सत्तारुढ कांग्रेसको असहमतिको सूचना प्रकाशित।

अल्प सूचनाद्वारा संसद आव्हान।

**जेठ ५:** सुर्खेत स्थित एसओएस बालग्राम माथि माओवादीको आक्रमण, एक सय छयालिस बालबालिकाको ओछ्यान जलाइएकोले करिब ५ सय बालबालिका प्रभावित।

**जेठ ६:** नेकपा (एमाले) ले संकटकाललाई अनुमोदन नगर्ने समाचार प्रकाशित।

**जेठ ७:** सत्तारुढ नेपाली कांग्रेसद्वारा प्रधानमन्त्री देउवासंग स्पष्टीकरण माग।

विश्व बैंकद्वारा सरकारले विकास सुधारका सिर्जनात्मक कार्यक्रम प्रस्तावित भए हाल दिँदै आएको ऋण भन्दा २ गुणा बढी (झण्डै ८ अर्ब रूपैंया) ऋण दिने समाचार प्रकाशित।

राती १० बजे अकस्मात प्रधानमन्त्री शेरवहादुर देउवाद्वारा कार्तिक २७ गते मध्यावधि निर्वाचनको घोषणा सहित प्रधिनिधि सभा विघटन।

**जेठ ९:** सत्तारुढ नेपाली कांग्रेसद्वारा प्रधानमन्त्री देउवाको संसद भंग गर्ने कदम प्रजातन्त्र मास्ने षडयन्त्र भएको आरोप।

**जेठ १०:** प्रधानमन्त्री देउवा पार्टीको निर्णयको उल्लंघन र अवज्ञा गरी प्रतिनिधि सभा विघटन गरिएकोमा सत्तारुढ नेपाली कांग्रेसद्वारा साधारण सदस्यबाट समेत निलम्बन, मन्त्री परिषदका सबै सदस्यहरूलाई ३ दिन भित्र राजीनामा गर्न आव्हान।

: प्रतिनिधि सभा विघटनको एमाले लगायत विभिन्न राजनीतिक दलद्वारा विरोध।

**जेठ १३:** प्रधानमन्त्री देउवा सत्तारुढ पार्टी नेपाली कांग्रेसबाट ३ वर्षको लागि साधारण सदस्यबाट निष्कासित

अधिराज्यभरी पुन: ३ महिनाको लागि संकटकाल लागू।




साभार: समाचारपत्र

: प्रधानमन्त्री देउवाद्वारा कांग्रेस महाधिवेशन बोलाउने तयारी।

**जेठ १५:** रुकुममा माओवादीद्वारा सैनिक शिविरमा आक्रमण, प्रतिकारमा १ सय ५२ माओवादीको मृत्यु, ५ सैनिक मारिए।

नेपालको मानवअधिकार स्थिति संकटमा भएको एम्नेस्टीको भनाइ प्रकाशित।

**जेठ १८:** प्रधानमन्त्री देउवाले नेपाली कांग्रेसले आफूलाई गरेको निष्कासनको कार्वाही फिर्ता नगरेमा नयाँ पार्टी खोल्ने संकेत।

एशियन एयर लाइनको हेलिकप्टर बेपत्ता।

**जेठ २०:** प्रजातन्त्रमा पनि मताधिकारबाट बञ्चित महोत्तरी जिल्लका १४ सय महिलाद्वारा मताधिकारको लागि आन्दोलन शुरु।

**जेठ २१:** सरकारी पक्षबाट नेपाली कांग्रेसका सभापतिलाई नेतृत्वबाट हटाई पार्टी कब्जा गर्ने चेतावनी।

सत्तारुढ दल नेपाली कांग्रेसका निवर्तमान ५६ जना सांसदहरूबाट प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता।

**जेठ २२:** राजा ज्ञानेन्द्रबाट नेपाल टेलिभिजनलाई विशेष अन्तवार्ता।

**जेठ २५:** संकटकाल यता १ सयभन्दा बढी पत्रकार गिरफ्तार भएको प्रतिवेदन सार्वजनिक।

**जेठ २६:** चितवनमा टाइफाइडको प्रकोप, एकै दिनमा सयौं बिरामी अस्पतालमा।

**जेठ २९:** नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराईद्वारा तत्काल पार्टी केन्द्रीय समितिको बैठक बोलाई समस्या सुल्झाउन आग्रह।

**जेठ ३०:** चीनले नेपालको शान्ति सुरक्षामा सहयोग गर्ने चिनियाँ राजदूतको भनाइ।

**जेठ २९:** रुकुमको खारामा माओवादी र सेनाबीच भिडन्त। ७ सेना र ५० औं माओवादीको मृत्यु।

**असार १:** कोइरालाद्वारा प्रतिनिधि सभा ब्युँताउन प्रधानमन्त्रीलाई सहयोगको आग्रह।



साभार: समाचारपत्र

**असार २:** कारवाही फिर्ता नगरेमा सभापति परिवर्तन गर्ने प्रधानमन्त्री देउवाको चेतावनी।

मध्यमार्गीहरूद्वारा मेलमिलापको पहल भइरहेको सार्वजनिक।

२०५८ सालको एस. एल. सी. परीक्षाको परीक्षाफल प्रकाशित। ३१. २२ प्रतिशत उत्तीर्ण।

सन् २०१५ भित्रमा गरिबी आधा घटाउने प्रतिबद्धता साथ विश्व खाद्य सम्मेलन सम्पन्न।

**असार ३:** सरकार पक्ष कांग्रेसको असार २ गतेदेखि भेला शुरु, देउवा माथिको कारवाही फिर्ता नभएमा कोइरालालाई सभापति पदबाट हटाउने चेतावनी।

नेपाली कांग्रेस विधिवत विभाजित, विवाद नमिलेपछि विभाजनको घोषणा, मध्यस्थकर्ताको प्रयास असफल।

बोक्सीको आरोपमा पैंसठ्ठी वर्षीय सुदामा देवीलाई कुटपीट गर्ने रामबाबु साफी र श्याम साफी जेल चलान।

**असार ४:** नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि भेला महाधिवेशनमा परिणत, महाधिवेशनले पार्टी सभापति गिरिजा प्रसाद कोइरालालाई निष्कासन गरेको घोषणा।

**असार ६:** कांग्रेस महाधिवेशनबाट देउवा सभापतिमा निर्वाचित, कांग्रेस केन्द्रीय कार्य समितिमा हेरफेर भएको जानकारी निर्वाचन आयोगमा दर्ता।

नेपाल सहायता सम्बन्धी बैठक लण्डनमा शुरु, बैठकमा संकटपूर्ण अवस्थामा नेपाललाई गर्न सकिने सहयोग बारे छलफल।

**असार ७:** नेपाललाई सहायता उपलब्ध गराउन बेलायतद्वारा अन्तरराष्ट्रिय समुदायसंग आग्रह।

**असार ८:** नेपाल बैंक लिमिटेडका सञ्चालक र व्यापारीमाथि २१ करोड भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर।

कोइराला कांग्रेसमा नेतृत्व परिवर्तनको प्रस्ताव।

**असार ९:** प्रतिनिधि सभा पुन: स्थापना भए सरकारको नेतृत्व गर्न पनि एमाले तयार रहेको एमाले महासचिवको भनाइ सार्वजनिक।

**असार १२:** वित्तीय संकटका कारण शानेवानिका ८ सय कर्मचारी निकालिने र सो निगमलाई निजीकरण गर्ने निर्णय।

सार्वजनिक संस्थान निजी क्षेत्रलाई हस्तान्तरण गर्ने कार्य ढिलाइ भएको दाबीका साथ बेलायती सहयोग बन्द।

**असार १४:** प्रतिनिधि सभा विघटनको मुद्दामा सर्वोच्च अदालतमा बहस शुरु।

राजधानीमा लुटेराहरूद्वारा दिउँसै गोली प्रहार एकको मृत्यु, एक घाइते।

**असार १५:** जनादेशका सम्पादक कृष्ण सेनको हत्या गरिएको समाचार प्रकाशित, मानव अधिकार संस्थाद्वारा सरकारको कडा भर्त्सना।

माओवादीलाई भारतीय भूमिबाट सहयोग पुऱ्याइरहेको आशंकामा अखिल भारत नेपाली एकता समाजलाई भारत सरकारको अनौपचारिक रूपमा बन्देज लगाउने निर्णय सार्वजनिक।

**प्रस्तुति : विदुर कार्की**

# दुई महिनाको दक्षिण एशिया

दुई महिनाको बीचमा दक्षिण एशियाका भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकामा दर्जनौं श्रम सम्बन्धी चर्चित घटना घटेका छन्। यी मध्ये जुन २६ मा अन्तरराष्ट्रिय मुद्राकोषको दवावमा **बंगलादेश**को सबै भन्दा पुरानो जुटमील बन्द गरिएको घटना प्रमुख छ।

राज्यद्वारा संचालित अडामजी जुटमीलमा कार्यरत २७ हजार श्रमिकहरूले पूर्णत: रोजगारी गुमाए। यो मील ५० वर्षदेखि संचालित दक्षिण एशियाको सबैभन्दा ठूलो जुटमील हो।

“जुन ३० तारिख आइतवारका दिन मीलको अन्तिम सिफ्टको साइरन बज्यो। कारखाना बन्द भयो। यो बन्द अर्को दिनको नयाँ सिफ्ट सम्मको लागि मात्र नभएर सदा सदाको लागि हो।” एउटा चर्चित अखवारले लेख्यो- “राजधानी ढाकाबाट १२ माइल पूर्व नरयागंजमा श्रमिकहरूको विरोधको डरले सुरक्षा कडा थियो। तर संघर्षशील इतिहास बोकेका श्रमिकहरूले अनौठो शान्ति कायम राखे।”

खालिदा जियाको सरकारले जुन २४ मा ‘गोल्डेन ह्याण्डसेक’ कार्यक्रम अन्तर्गत ५ करोड अमेरिकी डलर बराबरको क्षतिपूर्ति दिएर सम्पूर्ण मजदुरहरूलाई कटौती गर्ने निर्णय गरेको थियो। निजी तथा सरकारी क्षेत्रबाट संचालित ७२ वटा जुटमीलमा कार्यरत १२ लाख ७० हजार श्रमिकहरूको चर्को विरोध हुने डरले सरकारले “हल्लाखोरहरूको पछि नलाग्न” अनुरोध गर्दै आडमजी जुटमील बाहेक अन्य कुनै पनि मील बन्द गर्ने योजना नरहेको स्पष्ट पारेको थियो।

स्मरणीय छ, आडमजी जुटमील १९५१ सालमा निजी क्षेत्रबाट स्थापना भएको थियो। त्यसको ३ वर्ष पछि सरकारले यसलाई राष्ट्रियकरण गरेको थियो। विगत ३ वर्षदेखि सरकारी गलत नीतिका कारण मीलले प्रत्येक वर्ष घाटा व्यहोर्दै आएको थियो। गत वर्षको घाटा ३ करोड २० लाख अमेरिकी डलर बराबर थियो। मीलमा २० हजार स्थायी श्रमिकका अतिरिक्त ७ हजार अस्थायी श्रमिकले काम गर्दै आएका थिए। बितेका वर्षहरूमा यसलाई बन्द गर्ने सरकारी योजनालाई यूनियनको प्रतिरोधले तुहाइदिएको थियो।



जिफन्टको स्वास्थ्य क्षेत्रमा भएको लगानी

# सबै मिली एकलाई, एकले सबैलाई सहयोग गर्ने हाम्रो अभियान

श्रम गरी खाने मानिसहरूको लागि राम्रो स्वास्थ्य अनिवार्य कुरा हो। तर, श्रम गरी खाने मानिसहरू अर्थात् मजदुर र तिनका परिवारका लागि दुई छाक धान्न पनि गाह्रो परिरहेको छ। नेपाली श्रमजीवीहरूको आम्दानी ज्यादै कम छ र शोषणको मारमा परेका छन्। तर यस अवस्थामा सुधार गरेर समृद्ध जीवन पाउनका लागि संघर्षका कार्यक्रमले मात्र पुग्दैन, सृजनात्मक सुधारका काम पनि उत्तिकै जरुरी छन्। "सम्मानित श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवाद" जिफन्टको लक्ष्य हो। यस लक्ष्य प्राप्तिका लागि धेरै सृजनात्मक कामहरू समेतलाई अघि बढाएर आजैबाट समाजवाद निर्माणको अभ्यास

विष्णु रिमाल



गनुपर्छ। राज्यसत्ता नभई समाजवादको अभ्यास गर्न सकिन्न भन्ने यान्त्रिक कुरामा मात्र सीमित हुन सकिन्न। समृद्ध जीवनका लागि समाजवादको अभ्यास गर्ने धेरै उपायहरूमध्ये सामूहिक हितको लागि सामूहिक प्रयत्न गर्ने सहकारिता पनि एउटा हो। त्यसैले श्रमिक सहकारी अभियानको पहिलो खुड्किलोको रूपमा जिफन्ट स्वास्थ्य सहकारी संस्था शुरू गरिएको छ। मे १, २००० देखि संचालित यो संस्था खोल्दा निम्न कारण दिइएका थिए :

१. श्रमजीवी जनताको स्वास्थ्यको अवस्था कमजोर छ।
२. स्वास्थ्य सेवा ज्यादै महंगो हुँदै गएको छ। किनभने, सरकारी अस्पतालको कमी र निजीकरण बढ्दो छ। औषधि महंगो र गरीब जनताको आयले धान्न नसक्ने बनेको छ। औषधिको खरीद-बिक्रीमा कुनै मोल-मोलाइ छैन र मूल्यमा मनपरीतन्त्र छ।
३. जनस्वास्थ्यका अभियानहरू संचालन गर्नु जरुरी भइसकेको छ।
४. श्रमिकहरू बीच "व्यवसायजन्य सुरक्षा र स्वास्थ्य" को अभियान र जागरण आवश्यक भइसकेको छ।

**सहकारीका उद्देश्य र कामहरू**


यसका ३ वटा मूल उद्देश्य छन्- सदस्यहरूको स्वास्थ्य क्षेत्रको खाँचो पूरा गर्ने, उनीहरूलाई स्वावलम्बि, सहयोगी र मितव्ययी बन्ने बानीको विकास गराउने र उनीहरूको आर्थिक र सामाजिक स्तर उठाउने। यसका लागि निम्न कामका योजना बनाइएका छन्-

१. स्वास्थ्य सहकारी क्लिनिक मनमोहन मजदुर भवनमा संचालन गर्ने
२. औषधि बिक्री-बितरण गर्ने
३. क्लिनिकबाट हुन नसक्ने सेवाहरू सहुलियत दरमा काठमाडौं मोडेल अस्पतालबाट प्राप्त गराउने
४. "व्यवसायजन्य सुरक्षा र स्वास्थ्य" को अभियान देशव्यापी रूपमा संचालन गर्ने
५. तालिम दिई तालिम प्राप्त मजदुर स्वास्थ्यकर्मीहरूको एउटा समूह तयार गर्ने।


## कसले कति सम्मको सेवा सित्तैंमा पाए ?

**जिफन्ट स्वाथ्य सहकारीबाट काठमाडौं मोडेल अस्पतालमा तिरिएको रकम (अक्टोबर १२, २०००-डिसेम्बर ३१, २००१)**

| रूपैयाँ | लाभान्वित संख्या |
|---|---|
| २०० सम्म | ११७ जना |
| ४०० सम्म | १९ जना |
| ६०० सम्म | ३ जना |
| ८०० सम्म | १ जना |
| १,००० सम्म | ६ जना |
| १,२०० सम्म | १ जना |
| १,४०० सम्म | ५ जना |
| १,६०० सम्म | ० जना |
| १,८०० सम्म | १ जना |
| २,००० सम्म | २ जना |
| ४,००० सम्म | ५ जना |
| ६,००० सम्म | ४ जना |
| ८,००० सम्म | ० जना |
| १०,००० सम्म | ४ जना |
| १२,००० सम्म | १ जना |
| १४,००० सम्म | १ जना |
| १६,००० सम्म | १ जना |
| १८,००० सम्म | १ जना |
| २०,००० सम्म | २ जना |
| जम्मा | १७४ जना |







# यातायात मजदुर भलाइ कोष

त्यतिखेर निरंकुश पंचायती व्यवस्थाको विगविगी थियो। यूनियनहरू प्रतिबन्धित थिए। राष्ट्रिय रूपमा मजदुरका समस्या उठाउने र उनीहरूलाई राहत दिने संयन्त्र नै थिएन।

यसैले २०३० सालमा यातायात मजदुरहरूले एउटा जुक्ति निकाले। मजदुरलाई शोषण गर्ने व्यवसायीकै रकमबाट मजदुरहरूलाई राहत दिने। सवारी दुर्घटना हुँदा यातायात मजदुरलाई सहयोग गर्ने मूल उद्देश्य राखेर लुम्बिनी अञ्चलको बुटवल स्थित प्रधान कार्यालयमा रहने गरी उनीहरूले एउटा संस्था खोले- यातायात मजदुर भलाइ कोष। यसको वैधताको लागि २०३१ सालमा तत्कालीन लुम्बिनी अञ्चलाधीशको कार्यालयमा संस्था दर्ता गराए। 'कोही पनि चालक परिचालकले जेल जान नपरोस्', 'दुर्घटनामा परेका कोही पनि उपचार नपाएर मर्न वा अपांग हुन नपरोस्' यस्तो भावना बोकेको भलाइ कोष अहिले सम्पूर्ण यातायात-मजदुरहरूको साझा संस्था बन्न पुगेको छ। यसको आफ्नो भवन सहित लाखौंको सम्पत्ति छ।

यसको नेतृत्व चयन प्रत्येक ३ वर्षमा प्रत्यक्ष मतदानद्वारा हुन्छ। हाल यातायात मजदुर कुमार थापा यसको अध्यक्ष छन् र १७ सदस्यीय कार्य समिति छ। नेयास्वमसंगठनको सदस्यहरूको भूमिकाले निर्वाचनको नतिजामा प्रत्यक्ष प्रभाव पार्दछ। नेयास्वमसंगठनले यसलाई आफ्नो सहयोगी संस्था ठान्दछ। कोषका अनुसार नेपाल अधिराज्य भित्र गुड्ने गाडीहरूले आफूले यात्रा गर्ने किलोमिटरको आधारमा स्थानीय शाखा कार्यालयमा शुल्क बुझाउँछन्। त्यसैले जुनसुकै स्थानमा दुर्घटना भए पनि कोषको प्रधान कार्यालयले केस हल गर्छ।

यसका मातहतमा १४ वटा शाखा कार्यालय छन्। हेटौंडाको शाखा कार्यालयलाई मकवानपुरदेखि पूर्वको सम्पूर्ण अञ्चलको जिम्मा हुन्छ। नेपालगंज-कोहलपुर शाखाको कार्यक्षेत्र भित्र भेरी, सेती र महाकाली अञ्चल पर्दछन्। राप्ती भालुवाङ शाखामा र गण्डकी, धौलागिरी चाहिं पर्वतको कुश्मा शाखाको क्षेत्र भित्र पर्दछ। लुम्बिनीको दरखस्वा शाखाले त भारतको नौतनवा, गोरखपुरसम्मको केस हेर्छ।

यातयात मजदुर भलाइ कोष मूलतः सवारी दुर्घनासंग सम्बन्धित संस्था भए तापनि अहिले यसले सदस्यहरूलाई विभिन्न प्रकारको सेवा पुऱ्याउँदै आएको छ। उदाहरणको लागि उपचार खर्च वार्षिक १० हजार र दुर्घटनाको कारणले अंगभंग भएमा वा पक्षघात भएका व्यक्तिलाई आजीवन १ हजार मासिक भत्ताको समेत व्यवस्था छ। यसका अतिरिक्त मजदुरका एक जना बच्चालाई वार्षिक ३ हजार छात्रवृत्तिको व्यवस्था र बिरामीलाई वेड भत्ता समेतको सुविधा कोषले दिंदै आएको छ।

कोषको नियमावली पनि कडा छ। कसैले कहिल्यै पनि कोषको दुरूपयोग गर्न नसकोस् भनेर नै यदि कुनै सदस्यले चलाएको गाडी दुर्घटना भएको दिन ट्रिप शुल्क स्थानीय चौकीमा बुझाएको रहेनछ भने उसलाई केही पनि राहत दिइंदैन। तर नियमित योगदान गर्ने चालक, परिचालक, खलासी लगायतका यातायात मजदुरले दुर्घटना सम्बन्धी कुनै पनि खर्चको चिन्ता लिनु पर्दैन, कोषको प्रधान कार्यालयले जे जति लागे पनि व्यहोर्छ। कोषको अर्को महत्त्वपूर्ण काम भनेको दुर्घटनामा पर्ने मजदुर मात्र होइन यात्रुको समेत उपचार सदस्य सरह नै गर्नु हो।

आ.व. ०५७।५८ मा कोषसंग सम्बन्धित ८३६ गाडी दुर्घटना भयो। मानिसको मृत्यु, अंगभंग र घाइतेको संख्या ५७३ थियो। पशु-पंछीमा गाई-गोरु ४३, रांगा-भैंसी ३९, खसी-बाखा १०७, बंगुर ११, साइकल-रिक्सा ६३ वटा दुर्घटनामा परे। जसमा कोषले क्षतिपूर्ति र राहत स्वरूप जम्मा १ करोड, ४९ लाख ३१ हजार २५९ खर्च गऱ्यो।




**नेपाल स्वतन्त्र केमिकल आइरन मजदुर यूनियनको भृकुटी पल्प एण्ड पेपर यूनियनले एम्बुलेन्स सेवा शुरु गरेको छ। यो एम्बुलेन्स सेवाले कारखाना वा श्रमिकलाई मात्र नभएर त्यो क्षेत्रका सम्पूर्ण जनतालाई यथोचित सहयोग गरेको छ।**

# स्वास्थ्य-सुरक्षाको क्षेत्रमा भएको नेयास्वमसंगठनको लगानी

२०३६ सालमा स्थापना भएदेखि नै नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले सदस्यहरूलाई विभिन्न विषयमा सेवा पुऱ्याउँदै आएको छ। संगठनको सेवा र सदस्यको आर्थिक योगदान नेयास्वमसंको कामका दुई पाटा हुन्। हरेक दिन सदस्यले लगानी गर्ने र भर-अभरमा संगठनले पूरा सहयोग गर्ने विधिलाई यसले अँगालेको छ।

जतिखेर यातायात मजदुरहरूको दुर्घटनामा बीमा थिएन, त्यही समयदेखि यसले राहतको कार्यक्रम शुरू गऱ्यो। ०३१ सालमा औपचारिक रूपमा स्थापित यातायात मजदुर भलाइ कोषले भाडाका सवारी साधनमा काम गर्ने यातायात मजदुरहरूलाई सवारी दुर्घटनामा राहत दिन शुरू गऱ्यो। संगठनले भने सम्पूर्ण यातायात मजदुरलाई समेट्ने कार्य शुरू गऱ्यो। भलाइ कोष र यसको बीचमा रहेको अर्को भिन्नता भनेको कोषले भाडाका सवारीको चलानीको आधारमा शुल्क संकलन गर्छ र केन्द्रिकृत रूपमा सेवा प्रदान गर्छ। तर संगठनले विकेन्द्रित रूपमा मजदुरद्वारा प्रत्यक्ष लगानीको लागि उत्प्रेरित गर्छ।

नेयास्वमसंगठनका कामका विभिन्न क्षेत्रहरू छन्। सदस्यको शुल्कबाट यसले अन्य ट्रेड यूनियनले जस्तै गतिविधि संचालन गर्छ। तर स्वास्थ्य, सुरक्षा र दुर्घटनाका सवालमा प्रत्येक दिन छुट्टै शुल्क संकलन गरिन्छ र त्यही शीर्षकमा मात्रै खर्च गरिन्छ।

मेचीदेखि महाकालीसम्म हाल नेयास्वमसंगठनले १०९ स्थानबाट शुल्क संकलन गर्छ। सबैभन्दा कम सगरमाथा अञ्चलमा १ ठाउँबाट संकलन हुन्छ। त्यसपछि मेची, महाकाली र जनकपुरमा क्रमशः ३, ५ र ६ स्थानबाट शुल्क संकलन गरिन्छ। गण्डकी, कोशी र नारायणी अञ्चलमा क्रमशः ११, १३ र १४ स्थानमा शुल्क संकलन गरिन्छ। लुम्बिनी र बागमतीमा अत्यधिक स्थानमा क्रमशः ३२ र २५ स्थानबाट रकम संकलन हुन्छ।

शुल्क संकलनको दर भने सवारी साधन र दुरी हेरी फरक फरक छ। उदाहरणको लागि गण्डकी अञ्चलले ट्याक्सी तथा साना गाडीसंग दैनिक रु. १ मात्र लिन्छ। लामो दुरीका सवारी साधन पोखरा प्रवेश गर्दा प्रति ट्रिप रु. १५ लिइन्छ।

बागमती अञ्चलको अरनिको इकाइले सबैभन्दा बढी एक ट्रिपको रु. १००।- शुल्क संकलन गर्छ। देशभरीको सरदर रेट रु. १०।- प्रति ट्रिप हुन आउँछ।

कतिपय अञ्चलले मासिक रूपमा मात्र यस्तो शुल्क संकलन गर्छन्। मासिक शुल्क ५० रूपैयाँ प्रति सदस्य भन्दा कम छैन। नारायणी अञ्चलका विभिन्न विन्दुमा भारतबाट आउने सवारी साधनबाट समेत शुल्क उठाउने गरिएको छ।



### यातायातको कुन अञ्चलले कति आम्दानी गर्छ ?

| क्र.सं. | अञ्चल | दैनिक आय | मासिक आय |
|---|---|---|---|
| १. | मेची | १२४।- | ३,७००।- |
| २ | कोशी | २,९६७।- | ८९,०००।- |
| ३ | सगरमाथा | २१७।- | ६,५००।- |
| ४ | जनकपुर | १,५००।- | ४५,०००।- |
| ५ | नारायणी | २,६२०।- | ७८,१००।- |
| ६ | बागमती | १३,१५८।- | ३,९५,७२०।- |
| ७ | गण्डकी | १,९४८।- | ५८,४५०।- |
| ८ | लुम्बिनी | २,७८२।- | ८३,४६०।- |
| ९ | महाकाली | १,१००।- | ३३,०००।- |
| | जम्मा | २६,४१५।- | ७,९२,४४०।- |

यसरी सिंगो देशभरीबाट नेयास्वमसंगठनले मोटामोटी रूपमा दैनिक २६ हजार ४१९ रूपैयाँ संकलन गर्छ। मासिक आय हिसाब गर्दा लगभग ७ लाख ९२ हजार ४४० रूपैया संकलन भएको देखिन्छ।

खर्चको शीर्षक पनि चानचुने छैन। नेयास्वमसंगठनले संचालित शुल्कबाट हिरासत भत्ता, उपचार खर्च, सदस्यको मृत्यु भएमा दिइने खर्च, भर-अभरमा दिइने आर्थिक सहयोग, कानूनी सहायता खर्च जस्ता शीर्षकमा खर्च गर्छ। विविध शीर्षकमा- निष्कासित मजदुरलाई टोकन राहत, अस्पताल भत्ता, बिरामी हुँदाको खर्च, यात्रुको उपचारको आर्थिक खर्च र अंगभंग भएमा सहानुभूति खर्च समेत दिइने गरिएको छ।

सवारी दुर्घटना पछि हिरासतमा रहेका यातायात मजदुरलाई हिरासत भत्ता कति दिने भन्ने सवालमा ठाउँ अनुसार फरक फरक छ। मेची अञ्चलमा रु. ४०-५० सम्म दैनिक भत्ता दिइन्छ। कुनै ठाउँमा रु. २०० देखि ४०० सम्म पकेट खर्च मात्र दिइन्छ। जनकपुर अञ्चलमा न्यूनतम रु. ५०।- र अधिकतम रु. ७००।- सम्म दिइन्छ। नारायणीमा हिरासतमा रहेसम्म रु. ५०।- का दरले दैनिक भत्ता दिइन्छ। बागमतीमा रु. १००-१५० सम्म दैनिक भत्ताको व्यवस्था छ। महाकालीमा दैनिक रु. १००।- छ।

उपचार खर्चको व्यवस्था पनि इकाइपिच्छे फरक छ। यसो हुनुको कारण आयमा रहेको भिन्नता हो। मेचीमा सिकिस्त बिरामीलाई रु. १,५००।- सम्म र अंगभंग भएमा अवस्था अनुसारको व्यवस्था गरिन्छ। कोशीमा बढीमा ५ हजार रूपैयाँ सम्म खर्च दिइन्छ। नारायणीमा जिल्ला पिच्छे फरक फरक व्यवस्था छ। जस्तो कि, पर्सामा अस्पतालमा रहँदा दैनिक रु. ५०।- को व्यवस्था छ भने चितवनमा १ हजार रूपैयाँसम्म दिइन्छ, रु. ५ सय सम्मको व्यवस्था बाँकी जिल्लामा छ। बागमतीका इकाइहरूमा विविधता छ। जस्तो कि धुलिखेल इकाइले रु. १० हजारसम्म खर्च गर्छ भने जोरपाटी इकाइले कूल खर्चको आधा व्यहोर्छ। लुम्बिनी अञ्चलले उपचार अनुसारको खर्चको व्यवस्था गरेको छ। सामान्य उपचारको रु. ३ सय, अस्पतालको वेडमा रहेमा दैनिक रु. ५०।-, भाँचिएको हात प्लास्टर गर्दा रु. २ हजार, खुट्टा प्लास्टरको रु. ३ हजार, पक्षाघात भएमा रु. ३ हजार, अप्रेसनमा रु. १ हजार र मगज बिग्रेमा ५ हजार रूपैयाँ दिने व्यवस्था छ। यी सबै मध्ये बागमतीको अरनिको बस इकाइले नयाँ परियोजना शुरू गरेको छ- १२ वर्ष नियमित यूनियन सदस्य रही ५५ वर्ष उमेर पुगेर हेभी गाडीको लाइसेन्स क्यान्सील भएका चालकलाई एक मुष्ट ५० हजार रूपैयाँ आर्थिक अनुदान दिने र नियमित सदस्य दुर्घटनाबाट अंगभंग भई अशक्त भएमा एक मुष्ट रु. ४० हजार आर्थिक सहयोग गर्ने व्यवस्था छ।

### जिफन्ट स्वास्थ्य सहकारी संस्थाको संचालन र सेवाको प्रकृया


१०० रूपैयाँ प्रवेश शुल्क (शेयर मूल्य) तिर्ने ५०० सदस्यहरूबाट प्राप्त रु. ५०,०००।- र जिफन्टबाट प्राप्त रु. ५०,०००।- अनुदान सहित एक लाख रूपैयाँको मूल पूँजीबाट यो अभियान शुरू भएको छ। यसका अतिरिक्त प्रत्येक सदस्यले दिनको रु. १।- को दरले महिनाको ३० रूपैयाँ जम्मा गर्छन्। यसरी क्लिनिक र सेवा संचालनका लागि हुने चालू खर्च रु. १५,०००।- मा जिफन्टबाट १० प्रतिशत अर्थात रु. १,५००।- प्रत्येक महिना थप गरिन्छ। हाल यो अभियान काठमाडौं उपत्यका बाहिर पनि विस्तार गर्ने प्रयत्न शुरू भएको छ। सहकारी क्लिनिकमा उपचार हुन नसकेका बिरामीहरूलाई काठमाडौं मोडेल अस्पतालमा उपचारको लागि रिफर गरिन्छ।

संस्थाले सदस्यका परिवारका लागि पनि सेवा दिन्छ। परिवारका सदस्य भन्नाले परिवारमा आश्रित व्यक्ति हो। उनीहरू बाबु-आमा, छोरा छोरी, कोही पनि नातेदार वा सदस्यले पाल्नु पर्ने जो कोही पनि हुनसक्छन्। तर सदस्यले आफ्नो परिवारका आश्रित सदस्यहरूको नाम, उमेर र आवश्यक विवरण शुरूमै दिनुपर्छ, जसलाई सदस्यता कार्डमा उल्लेख गरिन्छ। हरेक सदस्यले आफ्ना परिवारका सदस्यमध्ये एक जनाका लागि आफूले पाउने सरह सुविधा पाउँछन्। परिवारका सदस्यहरू मध्ये जो पहिला बिरामी हुन्छ, उसैले यो सुविधा वर्षभरी पाउँछ। श्रमिक परिवारका सगोलका जुनसुकै सदस्य पनि सहकारीको सदस्य बन्न सक्छन्।

### हालसम्म भएका कामहरू

सहकारी सदस्य र अन्य व्यक्तिप्रतिको सेवामा केही भिन्नता हुन्छ। सहकारी सदस्य र उनमा आश्रित एक जनाले स्वास्थ्य जाँचका लागि सहकारी क्लिनिकमा रु. ६०।- मात्र तिरे पुग्छ। जिफन्ट र अन्य घटक यूनियनका सदस्यहरूले रु. ७०।- तिर्नु पर्छ। क्लिनिकले अन्य जनसाधारणलाई पनि सेवा प्रदान गर्छ। उनीहरूले स्वास्थ्य जाँचको लागि रु. ७५।- तिर्नुपर्छ। यस्तो डाक्टरी जाँचको लागि अरू प्राइभेट क्लिनिकमा यसको दोब्बर शुल्क लाग्छ।

जिफन्ट क्लिनिकमा प्रत्येक दिन साँझ ४-६ बजेसम्म अनुभवी




डाक्टर उपलब्ध हुनुहुन्छ। प्राथमिक उपचार र अन्य सुविधा यहाँ उपलब्ध छ।

यति मात्र नभई, गम्भीर प्रकृतिको बिरामी र थप स्वास्थ्य परीक्षणको लागि काठमाडौं मोडेल अस्पतालसंग सहकारीले सम्झौता गरेको छ। यस बापत सहकारी सदस्य र तिनका आश्रित परिवारलाई अस्पतालमा सेवा हेरी २० देखि ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ। जिफन्टले यसलाई मजदुर र तिनीहरूसंग सम्बन्धितको स्वास्थ्यमा गरेको लगानी भन्ने गरेको छ। धनमा सबैभन्दा उत्तम धन स्वास्थ्य हो। त्यसको सुरक्षा र सम्बर्द्धन हुनुपर्छ भन्ने जिफन्टको धारणा हो।

अक्टोवर १२, २००० देखि डिसेम्बर ३१, २००१ सम्म यस्ता १७४ जना व्यक्तिले मोडल अस्पतालबाट सहुलियतमा सुविधा प्राप्त गरिसकेका छन्। १७४ जनाको उपचारमा कूल २ लाख ४६ हजार ६६४ रूपैयाँ खर्च भएको छ। यो खर्च मध्ये ६१ हजार ६६६ रूपैयाँ जिफन्टले तिरेको छ भने त्यति नै रकम ऐक्यबद्धता स्वरूप सहकारीको पार्टनर फेक्ट-नेपालबाट प्राप्त भएको छ।

यो अभियानमा पञ्च लामा, गंगाराम नेपाल जस्ता व्यक्तिहरूले २० हजार सम्म, श्रीधर र जयदेवीले क्रमशः १८ हजार र १६ हजारसम्मको सहयोग उपचारको क्रममा पाएका छन्।


यो अनुभवले बताउँछ- नाफालाई रूपैंयाबाट मात्रै नाप्न सकिंदो रहेनछ, सेवाबाट समेत प्रत्यक्ष अनुभव गर्न सकिंदो रहेछ।




## आफूद्वारा .... आफैलाई जिफन्ट आकस्मिक कोष

आफ्ना सदस्यहरूलाई भर-अभरमा सहयोग गर्न जिफन्टले २०५१ साल मंसिरमा आकस्मिक कोष परियोजना शुरु गऱ्यो। शुरुमा रू.१ लाख अक्षय कोषमा राखी अघि बढाइएको यो अभियानमा महिनाको ५ रुपैयाँ तिर्ने प्रत्येक सदस्यले कामबाट निष्कासित हुँदा, हडताल वा तालाबन्दीको समयमा तलब नपाउँदा, बिरामी परी व्यवस्थापनद्वारा सहयोग नपाउँदा अनुदान सहयोग गर्ने नीति बनाएको थियो। कोषको सदस्य भई ८ महिना सम्म नियमित शुल्क तिर्ने प्रत्येक सदस्यले १ वर्षको अवधिमा निष्कासित हुँदा २०००।- सम्म र हडताल वा तालाबन्दीमा न्यूनतम ज्याला बराबर क्षतिपूर्ति दिइने नियमावली बनाइएको छ।

# सहकारिता के हो ?



सहकारिता भनेको समाजका निश्चित व्यक्तिहरू मिलेर समान सहभागिता र लगानीमा आधारित सहकार्य हो।

धेरैजसो उत्पादन र सेवाका विभिन्न क्षेत्रमा सहकारिताको प्रयोग गर्न सकिन्छ। यसबाट सहकारी समूहका सदस्यहरू मात्र लाभान्वित नभएर सिंगो समाज नै लाभान्वित हुन्छ। सामूहिकतामा आधारित उत्पादन र सेवासंग सम्बन्धित भएकोले सहकारिता समाजवाद विकासतर्फको नगरी नहुने अभ्यास पनि हो। आन्दोलनका रूपमा संसारमा सहकारिता अगाडि बढेको छ। तर, सफलता-असफलताका अनुभवहरू भने फरक-फरक र मिश्रित खालका छन्।

सहकारिता अरु व्यवसायिक संगठन भन्दा फरक किन हुन्छ भने यो शुद्ध व्यवसायिक र लाभ केन्द्रित नभएर सेवामूलक र सामाजिक दायित्वप्रति सचेत हुन्छ। त्यसैले, सहकारी स्वामित्वमा संचालित उद्यम वा व्यवसाय अरु किसिमको स्वामित्वमा संचालित भन्दा फरक हुन्छ।

सहकारिताका धेरै प्रकारमध्ये श्रमिक सहकारिता विशेष प्रकृतिको हुन्छ। यो, श्रमिकहरूको सानो वा ठूलो समूहले प्रजातान्त्रिक किसिमबाट साझा व्यवस्थापन र साझा स्वामित्वमा संचालित गरेको उत्पादनमूलक वा सेवामूलक संस्था हो। आफ्नो सदस्यहरूको हितमा प्रत्यक्ष रूपले र गैरसदस्य श्रमजीवीहरूको हितमा अप्रत्यक्ष रूपले श्रमिक सहकारिता क्रियाशील हुन्छ। त्यसैले सहकारितालाई आर्थिक सामाजिक रूपान्तरणमा भूमिका खेल्ने संस्थाका रूपमा लिइएको देखिन्छ।

सहकारिताका मूल विशेषताहरू यस प्रकार छन् :

१. संयुक्त स्वामित्व र श्रम
२. प्रजातान्त्रिक ढंगको व्यवस्थापन
३. सदस्यहरूको श्रम र लगानीको प्रतिफल बराबर बाँडफाँड
४. सम्बन्धित समुदाय वा समाजको हित र सेवासंग संलग्न

त्यसैले, सहकारिता भनेको प्रजातान्त्रिक व्यवस्थापनमा आधारित र कसैको शोषण नगरी सामूहिक प्रयत्नद्वारा आर्थिक-सामाजिक-सांस्कृतिक हितहरू प्रवर्द्धन गर्न उत्पादन अथवा सेवाको कामका लागि सहमत भएका व्यक्तिहरूको सामूहिक संगठन हो।

**मार्क्स र श्रमिक सहकारिता**

कार्ल मार्क्सले श्रमिक सहकारितालाई वर्ग सचेतताको पाठशाला मानेका छन् र यसले ट्रेड यूनियन आन्दोलनको सहायकको रूपमा भूमिका खेल्ने बताएका छन्। श्रमिक सहकारिताले श्रमिकहरू उत्पादनका साधनको उचित व्यवस्थापन गर्न सक्षम छन् भन्ने कुरा व्यवहारमा प्रदर्शन गर्न सक्दछ।

सन् १८६६ को इन्टरनेशनल वर्किङमेन्स एशोसिएसनको अधिवेशनमा मार्क्सले भनेका थिए - वर्ग संघर्षमा आधारित वर्तमान समाजलाई रूपान्तरण गर्न सक्ने शक्तिको रूपमा सहकारिता आन्दोलनलाई हामीले बुझ्नु पर्दछ।

पूँजीपति वर्गको श्रेष्ठतालाई चुनौती दिन आपसी सहयोगका अन्य तरिका भन्दा श्रमिक सहकारिता बढी प्रभावकारी हुन्छ।

सन् १८६८ मा इन्टरनेशनल वर्किङ मेन्स एशोसियसनले ले ट्रेड यूनियनहरूको उद्देश्य श्रमिक कम्पनीहरूको रूपमा आफूलाई परिवर्तन गर्न सक्ने हुनुपर्छ भन्ने प्रस्ताव समेत पारित गऱ्यो। प्रस्तावमा उल्लेख गरिएको थियो - 'ट्रेड यूनियनहरू ठूला श्रमिक कम्पनीका भ्रुणहरू हुन् र यिनीहरूले कुनै दिन पूँजीपतिका कम्पनीहरूलाई विस्थापित गर्नेछन्। किन भने ज्याला-दासता र सामूहिकताका बीचमा अरु कुनै मध्यमार्ग छैन।'

मार्क्सले राज्यद्वारा संचालित सहकारी संस्था भन्दा श्रमिक सहकारितामा ठूलो जोड दिएका छन् - 'सामाजिक वा राष्ट्रिय स्तरमा सहकारी उत्पादन संचालन गर्न श्रमिकहरू उत्सुक हुनु भनेको वर्तमान उत्पादनको अवस्थामा क्रान्ति ल्याउने चेतना हो र यस्तो चेतना तथा प्रयत्नको राज्यद्वारा संचालित सहकारितासंग कुनै साइनो हुँदैन।'




# श्रमिक खबर आफ्नै सर्वेक्षण

**उमेश उपाध्य, रुद्र गौतम**




## शुरुआत

नेपाली ट्रेड युनियन आन्दोलनको ४३ औं वर्ष र जिफन्ट स्थापनाको ठ्याक्कै एक वर्ष पछि २०४७ सालको भाद्र महिनामा श्रमिक खवरले जन्म लियो। नेपाली मजदुर वर्गको पहिलो पत्रिका नभए पनि मजदुरहरूको पहिलो समाचारपत्रको रूपमा यो अस्तित्वमा आयो।

श्रम र श्रमिकसंग सम्बन्धित समाचारहरू नेपाली पत्रकारिता क्षेत्रबाट उपेक्षित रहेको वातावरणले श्रमिक खवरको प्रकाशन जरुरी भएको थियो। पाँच हजार रूपैयाँको सहयोगबाट शुरु भएको र दुई रूपैयाँ मूल्य राखिएको श्रमिक खवर मासिक रूपमा प्रकाशित हुँदै गयो। पहिलो अंक मोडर्न प्रेसबाट छापिए पनि २०४७ असारदेखि २०५० भाद्रसम्म शिवशक्ति प्रिन्टर्समा यो छापियो।

श्रमिक खवर आठ पेजमा शुरु भएको थियो। पहिलो पेजमा महिनाको प्रमुख विषय, दोस्रोमा सम्पादकीय र महासंघका गतिविधि, तेस्रोमा परिचय, चौथोमा प्रशिक्षण, पाँचौंमा बहसको लागि लेख, छैटौंमा अन्तरराष्ट्रिय अनुभव, सातौंमा घटक यूनियन गतिविधि र आठौंमा चिन्तन-मननयुक्त लेख राख्ने गरिएको थियो।

श्रमिक खवरको शुरुको टिममा मुद्रण प्रविधिका जानिफकार साथीहरू पनि रहेकाले श्रमिकखवर लेटर प्रेसबाट शुरु भएन, यसले आधुनिक अफसेटबाटै जन्म लियो। श्रमिक खवरका सम्वाददाताहरूको भेला र प्रशिक्षण गर्नाले दोस्रो वर्षदेखि नै श्रमिक खवरले ठूलो सामूहिक भावनाका साथ नयाँ गति लियो।

२०५० सालमा आएर यसमा पृष्ठ थप गर्ने र द्वैमासिक रूपमा निकाल्ने तयारी भयो। आवरण कथा राख्ने र त्यसका लागि अनुसन्धान र खोजवीन गर्ने असल परम्परा पनि शुरु भयो। २०५१ सालमा पहिलो पटक श्रमिक खवरको वार्षिक अंक प्रकाशित भयो। पचासौं अंकको रूपमा स्वर्ण अंक समेत प्रकाशित भयो। तर, ४९ अंकसम्म छुट्टै आवरण पृष्ठ राख्ने गरिएको थिएन। ५० औं अंक (स्वर्ण अंक) मा आकर्षक कभरका साथै आकर्षक कलरमा छाप्ने काम भयो। त्यसपछि ५० देखि ५९ औं अंकसम्म दुई कलरमै छापियो। ६० औं अंकदेखि मल्टी कलर अर्थात् रंगीन कभरमा प्रकाशित गरिन थालियो।

केही समय द्वैमासिक रहे पनि फेरि मासिक र कहिले कहिले त्रैमासिक बन्दै प्रकाशित हुँदै गए पनि ६० औं अंकबाट यसले द्वैमासिककै रूपमा एक प्रकारको स्थिरता लिएको छ। श्रमिक खवर बुलेटिन ४ पेजको मासिक रूपमा र श्रमिक खवर त्रैमासिक म्यागेजिनको रूपमा पनि बीचमा झण्डै एक वर्ष चलाइएको थियो। त्यस्तै घटक यूनियनहरूको सामूहिकता र साझा पत्रिकाको रूपमा एक एक अंक एक एक घटक यूनियनको प्रमुखतामा निकाल्ने अभ्यास पनि केही समय गरिएको थियो। तर यी दुवै अभ्यासहरू थोरै समय मात्र चले। त्यसले अपेक्षित आवश्यकता पूरा गर्न सकेन।

६० औं अंकदेखि द्वैमासिकको रूपमा श्रमिक खवरले स्थिरता लिएको छ। विषयवस्तुमा छुट्टै किसिमको स्तरीयता कायम गरेको छ र आकर्षक साजसज्जामा आएको छ।

## वर्तमान प्रतिक्रिया

नेपाल ट्रेड यूनियन महासंघका दश वटै अञ्चल कार्यालयका ३८ जना सक्रिय कार्यकर्ताबाट श्रमिक खवरबारे तोकिएको ढाँचामा प्रतिक्रिया र सुझाव २०५८ चैतमा संकलन गरिएको थियो। प्रतिक्रिया उपलब्ध गराउनेहरूमा नेपाल स्वतन्त्र चिया मजदुर यूनियन बाहेक







सबै १४ वटा घटक यूनियनका प्रतिनिधिहरू परेका छन्।

श्रमिक खबरका ७० वटा अंकहरू प्रकाशित भइसकेका छन्। प्रतिक्रिया व्यक्त गर्नेहरू मध्ये शुरु अंकदेखि नै पढ्ने पाठकहरू लगभग ४० प्रतिशत भेटिए भने त्यसपछिको बढी संख्या ६० औं अंक अर्थात् २०५८ सालदेखि मात्र पढ्ने पाइए।

अधिकांश (८१.६ प्रतिशत) ले श्रमिक खबरको नियमित ग्राहक भएर पढ्ने गरेका छन् भने लगभग ८ प्रतिशत चाहिं निःशुल्क पाएमा पढी हाल्ने नत्र खोजीनीति नगर्ने खालका छन्। अर्काथरी कार्यकर्ताहरू सकभर मागेर पढ्ने र माग्दा नपाए किनेर भए पनि नियमित पढ्न रुचाउँछन्। समग्रमा हाल ९२ प्रतिशतले नियमित पढ्ने गर्दछन्।

श्रमिक खबर पत्रिका मजदुरहरूका लागि कत्तिको उपयोगी छ भन्ने सन्दर्भमा झण्डै ३ चौथाइले ज्यादै उपयोगी रहेको महसुस गरे भने २४ प्रतिशतले सामान्य उपयोगी बताए। मात्र २.६ प्रतिशतले जवाफ दिएनन्। त्यसैगरी ८२ प्रतिशत ग्राहकहरूकहाँ पत्रिका समयमा नै पुग्ने गरेको पाइयो। तर, केही अञ्चल कार्यालयमा भने समयमा नपुगेको गुनासो रह्यो।

साजसज्जा, सामग्री आदिलाई हेर्दा बजारमा उपलब्ध अन्य पत्रिकाको तुलनामा श्रमिक खबर सस्तो रहेको केही कार्यकर्ताहरूले बताए भने धेरैजसोले मूल्य उचित रहेको बताए।

समग्रमा श्रमिक खबरमा समावेश सामग्रीहरूको गुणस्तरको मूल्यांकन गर्दै मजदुर नेताहरू मध्ये आधा भन्दा बढी (५२.६) ले ज्ञानवर्धक रहेको बताए भने ३४ प्रतिशतले उपयोगी रहेको मूल्यांकन गरे। नगण्य अर्थात् लगभग ५ प्रतिशतले सामग्रीहरू कामचलाउ मात्र भएको उल्लेख गरेका छन्।

श्रमिक खबरमा प्रयोग भएको कागज, छापिएका सामग्रीहरू, छपाइ, कभर प्रति सबै पाठकहरूले सन्तोष प्रकट गरेका छन् भने साजसज्जा र कार्टुन चित्र कथा धेरैले राम्रो भने तापनि केही पाठकहरूले प्रतिक्रिया व्यक्त गर्न नचाहेको पाइयो।

समसामयिक विषयमा छापिएका पछिल्ला आवरण लेखहरू मध्ये २००३ सालको आन्दोलन, मे दिवस, श्रम ऐन संशोधन र कमैया मुक्ति जस्ता मजदुरहरूसंग प्रत्यक्ष सरोकारका विषयहरूले पाठकहरूलाई बढी प्रभावित पारेको पाइयो भने दरवार हत्याकाण्ड, वैदेशिक रोजगार जस्तो विषय कमै उपयोगी देखिए। होटल व्यवसायसंग सम्बन्धित सेवा शुल्क सम्बन्धी आन्दोलनका बारेमा भने धेरै (३९ प्रतिशत) ले प्रतिक्रिया जनाएनन्। २१ प्रतिशत पाठकका लागि सबै विषयहरू उपयोगी रहे।

**हाम्रो भनाइ शीर्षक अन्तर्गतको सम्पादकीय नोटका बारेमा पनि** समसामयिक आवरण लेखमा छापिएका विषयहरू दोहोरिएका जस्ता देखिए भन्ने टिप्पणी पाइयो। यस सवालमा पनि २००३ सालको आन्दोलन, श्रम ऐन संशोधन जस्ता विषयहरू बढी समसामयिक र सटिक रहेको अनुभव पाठकहरूको रह्यो। श्रमिक खबर नयाँ कलेवरमा आइसकेपछि विभिन्न विषयहरूमा थोरै पाठकहरूले महासंघको भनाइ आधुरो भएको गुनासो व्यक्त गरेको पाइयो। प्रस्तुत सबै विषयहरू ३२ प्रतिशत पाठकका दृष्टिमा समसामयिक ठहरिए। चित्र र कविता बीचको तालमेल भए नभएको निर्क्यौल गर्न निकै पाठकले नसकेको देखिए पनि सबै विषयमा बहुसंख्यकले सटिक प्रस्तुति भएको प्रतिक्रिया व्यक्त गरे। लगभग ४७ प्रतिशत पाठकका लागि सबै विषय सटिक लाग्यो भने २६ प्रतिशतले कुनै पनि विषयमा प्रतिक्रिया जनाएनन्। त्यसरी नै दर्शन सम्बन्धी लेख आधाभन्दा बढी पाठकका लागि ज्ञानवर्धक, ३५ प्रतिशतका लागि उपयोगी रह्यो भने थोरै पाठकहरूले उक्त लेखहरू मध्ये 'मानिस र अन्य जीवमा भिन्नता', 'हामी किन वृहत एकताको कुरा गरिरहेका छौं' र 'मानव र श्रम सम्बन्धमा वैज्ञानिक खोज' बुझ्न नसकेको गुनासो व्यक्त गरेका छन्। कसै कसैले भने प्रतिक्रिया व्यक्त गरेनन्। तर, २१ प्रतिशतका लागि सबै लेखहरू ज्ञानवर्धक भए।

मजदुर आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्ने प्रेरणाका स्रोत राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरूमा भीमदत्त पन्त, बमबहादुर खड्का




तथा ललित बस्नेत प्रेरणादायी व्यक्तित्वको रूपमा र फुलनदेवी, पराजुली बा सम्बन्धी लेखहरू निकै पाठकहरूका नजरमा रोचक छन्। सरदरमा एक चौथाइ पाठकहरूले यस सम्बन्धमा कुनै प्रतिक्रिया दिएनन्। धेरै पाठकहरूबाट कुनै प्रतिक्रिया नआएका लेखहरूमा नेपालीमा मुनेश्वरी चौधरी, चन्दा गुरुङ छन् भने विदेशी व्यक्तित्वमा कोलोन्ताइ, नोम चोम्स्की, ओलिभिया नेल्सन, थोमस संकरा रहेका छन्।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय ट्रेड यूनियनहरूको प्रोफाइल सम्बन्धी लेखहरूमा २८ प्रतिशतको कुनै प्रतिक्रिया प्राप्त भएन। मूल्यांकनकर्ताहरू मध्ये बहुमतले ठिकै रहेको बताए भने एक तिहाइ भन्दा बढीले सटिक प्रस्तुति रहेको भनेका छन्।

श्रमिक खवरका हरेक अंकमा मजदुरका सम्बन्धमा छापिएको शब्द परिचय अधिकांश पाठकहरूका लागि उपयोगी रहेको पाइयो तर इन्टरनेट सम्बन्धी शब्द परिचय केही पाठकहरूका लागि अनुपयोगी रह्यो। आधुनिक विद्युतीय संचार माध्यमबारे कम परिचित हुनाले यो स्वभाविक पनि हो। समसामयिक लेखहरू सबै उपयोगी भए पनि व्यवसायजन्य रोग, एक्काइसौं शताब्दीको समाजवाद र लेनिन, समाजवाद निर्माणमा भिन्न अनुभव, के हो सामाजिक सुरक्षा, समाजवाद के हो ?, इतिहासको कोणबाट वर्ग संघर्षलाई हेर्दा जस्ता शीर्षकका लेखहरू ८० प्रतिशत भन्दा बढी पाठकका लागि उपयोगी भएका छन् भने ६६ प्रतिशतले उपयोगी लेखको रूपमा 'नेपाली जाति सत्ताको विकास र नेपाली जाति' लाई लिएका छन्।

जेन्डर र महिला श्रम सम्बन्धी लेखहरूबाट लगभग ७५ देखि ९० प्रतिशत सम्म पाठकहरू लाभान्वित भएका छन्। तथ्यांक अनुसार जेन्डर शब्द परिचय सबभन्दा कम उपयोगी रह्यो भने जेन्डर समानता र प्रवर्धनका लागि ट्रेड यूनियन पाठकहरूको आँखामा सबै सामग्रीहरूमा उत्कृष्ट ठहरिएको छ।

धेरै पाठकहरूका लागि साहित्यिक सामग्रीहरू पनि उपयोगी भए, तर पनि अन्य सामग्रीहरूको तुलनामा कम उपयोगी भएको मजदुर नेताहरूले बताएका छन्। निकै ठूलो हिस्साका पाठकहरूबाट यस विषयमा प्रतिक्रिया व्यक्त नभएको पाइयो। साहित्यिक सामग्रीहरू मध्ये माकुरो र भिंगा, पढ्ने धोको, गड्याङ देख्ने को बढी उपयोगी देखिए।

चार वटै चित्र कथा मजदुरहरूका लागि निकै उपयोगी रहेको पाठकहरूले बताएका छन्। जसमध्ये पेरिस कम्युन र ज्याला बढी उपयोगी भए।

सबै विषयहरूमा प्रकाशित सामग्रीहरू धेरैका लागि उपयोगी भएको र नगण्य पाठकहरूका लागि कुनै कुनै सामग्रीहरू अनुपयोगी रहेको पनि पाइयो।


प्रकाशित सात वटा विषय अन्तर्गतका शब्द परिचय ५५ प्रतिशत पाठकका लागि उपयोगी सावित भए भने ४२ प्रतिशतका लागि साहित्यिक सामग्री र ६१ प्रतिशतका लागि चित्र कथा उपयोगी रहेको पाइयो। ५ देखि १८ प्रतिशतसम्मका पाठकहरूले भने उपरोक्त कुनै विषयहरूमा प्रतिक्रिया व्यक्त गरेनन्।


पत्रिकाको स्थायित्व, नियमितता र स्तरीयता कायम राख्न विज्ञापन आवश्यक छ तर विज्ञापन विषयगत लेखलाई भन्दा महत्त्व दिने हिसाबले राखिनु हुन्न भन्ने धारणा व्यक्त भएको छ।

**समग्रमा राय**

श्रमिक खवरमा प्रयोग गरिएका विषय-वस्तु तथा छापिएका सामग्रीहरूका सम्बन्धमा निम्न प्रतिक्रिया प्राप्त भएका छन् :

**सामग्री** : मजदुरलाई प्रेरणा मिल्ने उर्जावान लेख, सामान्य मजदुरले बुझ्ने सरल भाषाको प्रयोग, दर्शन सम्बन्धी नियमित लेख, अन्तरराष्ट्रिय ट्रेड यूनियन गतिविधिबारे स्तम्भ, सबै घटक यूनियनका नियमित गतिविधि, महासंघका नियमित गतिविधिहरू, मजदुरहरूसंगको अन्तरवार्ता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मजदुर आन्दोलनका चर्चित नेताहरूको जीवनी, तल्ला कमिटीका साथीहरूका लेख र रचनाहरूलाई स्थान दिने, स्थानीय प्रतिष्ठानले उठाएका समस्याहरूको प्रकाशन, राजनीतिक घटनाक्रमहरू बारे प्रतिक्रिया आदि सामग्रीहरू समावेश गर्नु पर्ने र सबै अंकमा समान स्तरका सामग्रीहरू









समावेश गर्नु पर्ने सुझाव प्राप्त भएको छ।

**कभर :** बाक्लो कागज राख्ने र साजसज्जामा काम गर्दै गरेका मजदुरहरूको फोटो नियमित राख्ने सुझाव आएको छ।

महासंघसंग आबद्ध घटक यूनियनमध्ये धेरैका आ-आफ्ना मुखपत्र प्रकाशन भए तापनि श्रमिक खवरमा यूनियनका गतिविधि सम्बन्धी लेखहरू समावेश गर्नु आवश्यक छ भन्ने पाठकहरू लगभग ८० प्रतिशत र यसको विपक्षमा मात्र १६ प्रतिशत पाठक रहेका छन्।

घटक यूनियनका गतिविधि श्रमिक खवरमा छापेपछि यूनियनका आफ्ना प्रकाशनहरूमा के कस्ता सामग्रीहरू राखिनु पर्छ भन्ने सन्दर्भमा धेरै पाठकहरूले आ-आफ्नै प्रतिक्रिया व्यक्त गर्दै निम्न कुराहरू राखिनु पर्ने बताउनु भएको छः

- प्रमुख गतिविधि श्रमिक खवरमा र सम्पूर्ण गतिविधि आ-आफ्नो प्रकाशनमा छाप्ने
- क्षेत्रगत चिनारी
- श्रम ऐन नियम
- सम्बन्धित क्षेत्रका समसामयिक लेख तथा अन्य ज्ञानवर्धक सामग्रीहरू
- पेशागत सुरक्षा तथा स्वास्थ्य सम्बन्धी जानकारी
- प्रेरणाका स्रोत व्यक्तित्वको जीवन
- मजदुरहरूसंगको अन्तरवार्ता र संस्मरण
- क्षेत्रगत आधारभूत ज्ञान

यसका अतिरिक्त केही पाठकहरू अहिलेको जस्तै हुनु पर्ने पक्षमा छन् भने केही घटक यूनियनका प्रकाशनहरू आवश्यक नभएको बताउँछन्।

हाल श्रमिक खवरमा छापिएका विषयहरूमा हटाउनु पर्ने खासै केही पाइएन। ३८ जना मध्ये मात्र एक जना पाठकबाट कवितालाई श्रमिक खवरबाट हटाउनु पर्ने राय आएको छ। तर, थप्नु पर्ने विषयहरू निकै देखिए। ती मध्ये प्रमुख विषयहरू यस प्रकारका छन् :

- मजदुरहरू र उनीहरूको आन्दोलनबारेका ऐतिहासिक घटनाहरू
- ट्रेड यूनियनका नियमित गतिविधि
- अन्य देशका ट्रेड यूनियनबारे जानकारी
- श्रमसंग सम्बन्धित रोचक प्रसंग
- जिल्ला अञ्चल तहका लेखहरूलाई पनि स्थान दिनु पर्ने
- मजदुरहरूले भोगेका समस्याहरू/ अन्तरवार्ता
- नीति-कथा
- महिला मजदुर सम्बन्धी नियमित सामग्री।
- नेता, कवि, कलाकार, राष्ट्रिय विभूति, प्रेरक व्यक्तिहरूको व्यक्तित्व
- वैज्ञानिक खोज
- सरकारी नीतिको चिरफार
- अन्तरराष्ट्रिय मजदुर आन्दोलन
- महासंघले गरेको समग्र कामहरू

सारमा श्रमिक खवर प्रतिको प्रतिक्रिया व्यक्त गर्ने क्रममा पाठकहरूले प्रमुख रूपमा ३ प्रकारका प्रतिक्रियाहरू व्यक्त गरेको पाइन्छ।

**पहिलो** -अति उपयोगी) :

- श्रमिक खवरले मजदुरहरूको अधिकार र दायित्वप्रति सचेत गरेको छ।
- अध्ययन सामग्रीको रूपमा विकास भएकोले ट्रेड यूनियन आन्दोलनका लागि उपयोगी
- मजदुरहरू माझ स्थापित
- अत्यन्तै समसामयिक र ज्ञानवर्धक
- अग्रज मजदुर नेताहरूका जीवनबाट प्रेरणा प्राप्त
- शब्द परिचयका कारण विषयहरू बुझ्न सजिलो

**दोस्रो** (उपयोगी /ठीकै) :

- समग्रमा राम्रो भए पनि सुधार गर्दै जानु पर्ने
- स्तम्भहरू ठिकै रहेको, राम्रो छ

**तेस्रो** (सुधार गर्नु पर्ने) :

- भाषा सरल बनाउनु पर्ने
- कार्टुन चित्र थप गर्ने
- मजदुरका आवाज प्रतिविम्बित गर्ने
- ग्राहकको हातमा समयमा पुऱ्याउने

# त्यो किसान जो कहिल्यै नेता हुन सकेन

**ओम कोइराला**

अखिल नेपाल महिला संघ, सुनसरीको चौथो जिल्ला सम्मेलन थियो। म पनि आमन्त्रित थिएँ र लीला दिदी पनि। लिला दिदीसंग भेरो त्यहाँ भेट भयो, उहाँसंग मेरो नर्भसा गाउँको बारेमा केही कुरा भएको थियो। त्यो गाउँ हाम्रो राजनीतिको आधारभूमि थियो। त्यहाँ हामीले लामो समयसम्म हाम्रो राजनीतिको बलियो आधार क्षेत्र बनाएका थियौं।

नर्भसालाई हामीले कहिल्यै बिर्सनु हुँदैनथ्यो। त्यो एउटा त्यस्तो इतिहास बोकेको ठाउँ हो जसले पूर्वी नेपालको कम्युनिस्ट आन्दोलनलाई साह्रै ठूलो देन दिएको थियो। चतरा नहरको काखमा अवस्थित त्यो गाउँ नेपाली कम्युनिस्ट आन्दोलनको लागि आधारभूमि थियो, त्यो एउटा ऐतिहासिक गाउँ थियो। त्यहाँका के वालक, के बृद्ध सबै नै कम्युनिस्ट पार्टीलाई माया गर्दथे। त्यो बस्ती चौधरीको थियो। एउटा घर मात्र मुसलमानको थियो।

त्यस गाउँका कमरेड साथीहरू मध्ये सबैभन्दा अगुवा र कम्युनिस्ट पार्टीको भावना र प्रकृति-सिद्धान्त बुझेको साथी सन्तलाल नै हुनुहुन्थ्यो। त्यस्तै, छत्रलाल इमान्दार र कम्युनिष्ट सिद्धान्त र भावनाले ओत-प्रोत भएका व्यक्ति हुनुहुन्थ्यो। घुरन, मेचन, यी सबै पार्टीप्रति लगनशील हुनुहुन्थ्यो। त्यो गाउँमा गैर कम्युनिस्ट कोही पनि थिएन। त्यो गाउँ कम्युनिष्ट पार्टीको लागि अविस्मरणीय गाउँ थियो। मैले दिदीलाई त्यो गाउँका बारेमा भन्दै थिएँ, दिदीले थप्नु भयो- त्यो त्यही गाउँ होइन जहाँ हामी एक जना पक्षाघात भएको साथीलाई भेट्न गएका थियौं र भेटेको बेलामा ती साथी खुब रोएका थिए। मैले भनें- हो त नि, वास्तवमा त्यो त्यही गाउँ थियो, जसले इतिहास बोकेको छ। एकताका पार्टी भित्रको वर्ग संघर्षलाई बोक्यो, एकताका सुनसरीको दमनलाई थाम्यो, के मात्रै गरेनन् पार्टीको लागि ती सन्तलाल कमरेडले, उनले गरेका सम्पूर्ण कार्यहरू निःस्वार्थ भावनाले प्रेरित थियो। उनले त सबै कुरा बोक्थ्यो तर त्यो गाउँ आज पनि जस्ताको त्यस्तै छ। त्यो गाउँ आज पनि त्यही कष्ट र कठिनाईलाई आफ्नो त्यो गाउँ छातीमा बोकेर उभिएको छ। कहिले माओवादी गएर जनतालाई दुःख दिने गरे, त कहिले पुलिस गएर।

त्यो नर्भसालाई कम्युनिस्ट आन्दोलनले एउटा धुरी बनाएको छ। र त्यो, गाउँले पनि सम्पूर्ण इतिहास थामेको छ। संघर्ष बोकेको छ। उसले सबैको बोझहरूलाई बोकेको छ। अब त कम्युनिस्ट आन्दोलनलाई माथि उठाउन सहयोग गर्ने त्यहाँका प्रायजसो साथीहरू अशक्त भइसक्नु भयो, आफ्नो सक्रिय जीवनबाट असक्षम भइसक्नु भएको छ। तर, पार्टीको उचित सहयोग र सम्मानको अभावले उहाँहरूको अनुहारमा एउटा निरासाको भाव प्रतिविम्वित भएको देखिन्छ।

एक दिन म लिला दिदीलाई लिएर त्यो गाउँमा गएको थिएँ जुन वेला लिला दिदी उप-सभामुख हुनु भएको थियो। मैले सन्तलाललाई हेर्नका लागि लिला दिदीलाई लिएर गएको थिएँ। जुन वेला हामी सन्तलालकोमा पुग्यौं त्यस वेला उनी सुतिरहेका थिए। मुखबाट ऱ्याल चुहिरहेको थियो। बोल्न असक्षम देखिन्थे, उनले एउटा हात माथि उठाए त्यो मुठ्ठी बटारिएको थियो। उनका आँखामा आँसु छचल्किरहेको थियो। लिला दिदीलाई उनले चिने र मलाई त झन नचिन्ने कुरै थिएन। किनकि म त अहिले सम्म समय अनुकूल त्यहाँ जाने गरेको थिएँ।

हामीले त्यहाँ सामान्य कुरा गऱ्यौं, सन्तलाल एउटा डोरी समाएर उभिए, उनको जिउ ऱ्यालै ऱ्यालले भरिएको थियो। एक पाटो हात-खुट्टा चल्दैनथ्यो। उनले संकेतले भने- आफूलाई औषधि गरिदिनका लागि पार्टीले सहयोग गरी देओस कोशीको संगठन रातो झण्डा लिएर सबै भन्दा पहिले म त्यहीं गएको थिएँ। त्यो वेला सन्तलाल मोटो र सबै गाउँलेको अगुवा थिए। हामीले विस्तारै त्यहाँ फेरि कम्युनिस्ट पार्टीको पुनर्गठन शुरु गऱ्यौं। त्यो गाउँ झापा आन्दोलन पछि, संगठन विहीन भएको थियो। त्यहाँको कम्युनिस्ट पार्टीको प्रचारमा लागेका टंक पोखेल र शम्भु खनालहरू त्यहाँबाट हिंडिसकेका थिए। त्यसपछि पार्टीको संगठन गर्न हामी त्यहाँ गयौं, त्यहाँको मुख्य मानिस सन्तलाल नै थिए, अनि छत्रलाल र वेचन।

समय बितिरहेको थियो। हामी पार्टीको काममा लागिरहेका थियौं। त्यहाँ रातो झण्डाको कोशीको बैठक चल्यो। त्यो बैठकमा चित्र निरौला, आनन्द सन्तोषी राई, चन्द्र पुरी त्यस्तै थिए, अरु पनि थिए। हामी ३ दिन पछि त्यहाँबाट बिदा भएका थियौं।

विस्तारै सन्तलाल त्यहाँको अगुवा भई राती एउटा लामो लाठी टेकेर एक टोलबाट अर्को टोलमा संगठन गर्न, एउटा गाउँबाट अर्को गाउँमा कमिटी बनाउन प्रत्येक बेलुका जाने गर्थे। वेलुकाको रुटिङ्ग उनले कहिले विराएनन्। त्यहाँबाट भमरी हुँदै छिटाहा सम्म गए। उनले आफ्नो जीवनलाई कम्युनिस्ट पार्टीको संगठन र निर्माणमा अर्पित गरेका थिए।

त्यहाँ धेरै नेता र कार्यकर्ता बास बसेका थिए। मदन भण्डारीले त्यो घरका सबैजनासंग बसेर बाल कथा भन्ने गर्नु हुन्थ्यो, त्यहाँ मदन भण्डारीलाई टाउको टेक्ने कमरेड भन्ने गर्थे। एकदिन साउन महिनाको दिन प्रचण्ड गर्मीमा सन्तलाल कमरेडले घर भित्र कपडालाई टाँगेर तल डोरी ल्याएर हल्लाउँदै पंखा बनाएको सम्झना छ।


त्यहाँ पार्टीको क्षेत्रीय स्तरको प्रशिक्षण, बैठकहरू भएका थिए। त्यो बैठकको सुरक्षामा सधैं सन्तलालले अगुवाई गर्नु भएको थियो। जुनवेला, भर्खर त्यति वेला बनेको नेकपा(माले)को केही दिन पछि मात्र पूर्वाञ्चल क्षेत्रीय स्तरको बैठक बसेको थियो। त्यो बैठकमा रत्नकुमार वान्तवाको उपस्थिति थियो। हिंडेको दिन बिहान त्यहीं कपाल काटेका थिए, वान्तवा शहीद भएपछि सन्तलाल त्यो वान्तवाको फोटो हेरेर रोएका थिए।

हामी गएको त्यो दिन सन्तलाल खुब रोए। उनको बोलि नआए पनि रुन आउँदो रहेछ। उनि असाध्यै विक्षिप्त देखिन्थे। उनी रोएको त्यो क्षण मलाई अहिले जस्तो लागि रहेछ।

सन्तलालले पार्टीलाई आफ्नो सबै जिन्दगी नै दिएका थिए। उनले आफ्नो सम्पूर्ण जीवन पार्टीकै लागि समर्पण गरे तर बदलामा उनले आफ्नो स्वार्थको लागि केही गरेनन्।

मैले लिला दिदीलाई भनें- थाहा छैन दिदी, आज त्यो साथीलाई कति जनाले संझन्छन्, अनि आफूलाई यहाँ माथि सम्म पुऱ्याउन उनको देन छ भन्ने सम्झना कतिलाई छ ? उनी त्यही उच्च रक्तचापको कारणले पक्षाघात भएर पछि मृत्यु भयो। उनको मृत्युमा कम्युनिस्ट पार्टीको रातो झण्डा ओढाई दिन कोही पुगे ? कहीं उनको सम्झनामा शोक सभा भयो ? कुनै पार्टी कमिटीले समवेदना प्रकट गरे ?

लिला दिदी केही नभनी मलाई हेर्दै हुनुहुन्थ्यो। मैले देखें- लिला दिदी पनि किसान सन्तलाल होइन नेता सन्तलाललाई खोज्दै हुनुहुन्थ्यो कि ?!



# फेरि कृषि मजदुरकै विषयमा

हाम्रो अर्थतन्त्र कृषिमा आधारित रहेको र विगत लामो समयदेखि हालसम्म प्रमुख प्राथमिकता र ठूलो लगानी कृषिमा नै गरिएको भए तापनि खाद्यान्न निर्यातको स्थितिबाट देश खाद्यान्न आयात गर्नु पर्ने बाध्यतामा रहेको लाजलाग्दो अवस्था छ। पारम्परिक प्रविधिमा परिवर्तन गर्दै छिटो गतिमा कृषिको व्यवसायीकरण नगर्ने हो भने स्थिति अझ अप्ठ्यारो मोडतिर धकेलिँदै जानेछ। आयातित मलको प्रतिवर्ष बढ्दो तथ्यांक र प्रतिवर्ष सिंचाइमा बढी रकमको विनियोजनले मात्र कृषि क्षेत्रमा परिवर्तनको अपेक्षा गर्न सकिंदैन। त्यस्तै, कृषिलाई व्यवसायीकरण गरी कृषिमा संलग्न कूल श्रम-शक्तिबाट अदृश्य वेरोजगार, अर्ध वेरोजगारहरूको ठूलो समूहलाई अन्य कामतर्फ नलगेसम्म कृषिमा सुधारको सम्भावना देखिंदैन। यसर्थ उत्पादकत्व, वितरण र रोजगारीका तीनवटै कोणहरूबाट भूमिसुधार अपरिहार्य छ। वर्तमान भूस्वामित्व र भूमिसम्बन्धको स्थितिमा परिवर्तन गर्ने साहसिक र दृढ कार्यक्रमहरू तथा प्रभावकारी कार्यान्वयन बिना कृषिको व्यवसायीकरण, प्राविधिक परिवर्तनहरू, भूमि र श्रमको उत्पादकत्व वृद्धि, कृषिमा फलदायी रोजगारको सृजना आदिको कल्पना गर्न सकिंदैन। कृषिमा संलग्न जनशक्तिको प्रभावकारी परिचालनले मात्र कृषिलाई रुग्णताबाट मुक्त गर्न सकिन्छ। सरकारले गर्नुपर्ने काम बाहेक जनस्तरमा किसान आन्दोलन र कृषि मजदुर आन्दोलनले नै यो परिचालनलाई गति दिन सक्छन्।

**किसान आन्दोलन र कृषि मजदुर आन्दोलनको सीमा**

आर्थिक रूपले सक्रिय जनसंख्याको मूल आधार कृषि भए पनि किसान आन्दोलनले अपेक्षित गति लिन सकिरहेको छैन। किसानको परिभाषा भित्र कृषिमा संलग्न भूमिहिन श्रमिकदेखि धनि किसानसम्मलाई समेट्नुपर्ने परम्परागत बाध्यताले पनि हाम्रो किसान आन्दोलनको गति अवरुद्ध भएको हो। त्यसैले, देशको किसान आन्दोलन मार्फत कृषि मजदुरहरूको हितको पनि प्रतिनिधित्व गराउन खोज्ने गलत नीतिलाई हामीले सूचीबाट हटाउनुपर्छ। किसान आन्दोलन भूमिसुधार, सिंचाइ, उत्पादकत्व-वृद्धि, सुपथ मूल्यमा उन्नत बीउ-विजन र मलखाद, नयाँ प्रविधि र दक्ष प्राविधिक जस्ता विषयहरूमा क्रियाशील हुनु पर्छ। र, कृषिमा संलग्न सबै मजदुरहरूको ज्याला-बनीमा वृद्धि, वेसाहा सुपथ मूल्यमा पाउनु पर्ने जस्ता पेशा संग सम्बन्धित हक, हितका मागहरू कृषि मजदुरहरूको छुट्टै प्लेटफर्मबाट उठाइनु पर्छ।

किसान र कृषि मजदुरको सम्बन्धलाई सूक्ष्म दृष्टिले हेर्ने हो भने कारखाना मालिक र कारखाना मजदुर बीचको सम्बन्धभन्दा तात्विकरूपले भिन्न देखिन्न। यसर्थ किसान आन्दोलनले कृषि मजदुरहरूको माग र समस्यालाई उठाउन र उनीहरूको हितको प्रतिनिधित्व गर्न सक्ने देखिंदैन। "३ ६" को स्थितिमा बसेका यी दुई पक्षका स्वार्थहरूलाई किसान आन्दोलनबाट समायोजन गर्न सम्भव पनि छैन। यसरी किसान आन्दोलन र कृषि मजदुर आन्दोलनको प्रष्ट सीमा कोर्न सकेमा मात्र आमूल परिवर्तनको हाम्रो लक्ष्यले गति लिन सक्छ।

**कृषि मजदुर र मजदुर आन्दोलन**

कृषि मजदुरको व्यापक क्षेत्रभित्र बगान र खेत दुवैमा काम गर्ने श्रमिक समुदाय पर्दछन्। तसर्थ यो विशाल समुदायभित्र चिया बगान वा अन्य बगानका मजदुरहरू, कृषि फर्मका मजदुरहरू, हली-गोठाला खेतालाहरू, वाँधा अवस्थाका मजदुरहरू, कृषि ज्यालामा आश्रित भूमिहीनहरू तथा आफ्नो थातवास र थोरै जमीन भए पनि कृषि ज्यालाबाटै जीवन धान्ने श्रमिकहरू पर्छन्। आम किसानहरूको वर्गीय स्वार्थ र यिनको वर्गीय स्वार्थमा अन्तर भएको हुंदा यी कृषि मजदुरहरूको हितको प्रतिनिधित्व गर्ने छुट्टै संगठन र आन्दोलन अपरिहार्य छ।

देशको राष्ट्रिय ट्रेड यूनियन आन्दोलन लगातार सुदृढ हुँदै गएको भए पनि सबैभन्दा शोषित-उत्पीडित कृषि श्रमिकहरूको विशाल पंक्तिलाई नसमेटेसम्म यसले प्रतिनिधित्व गर्ने संख्या सानो नै रहिरहन्छ। विभिन्न जनवर्गीय संगठन बीच मित्रतापूर्ण सहयोग कायम गर्ने र हामीले परिकल्पना गरेको सामाजिक परिवर्तनको बाटो फराकिलो पार्न श्रमिक आन्दोलनलाई व्यापक बनाउनु अपरिहार्य भइसकेको छ।

**कृषि मजदुर संघ र हाम्रो अवधारणा**

कृषि क्षेत्रमा मजदुर आन्दोलनको विकासलाई दुई धाराबाट अगाडि बढाउनु समयोचित हुन्छ भन्ने हामीलाई लागेको छ- बगान मजदुरहरूको पाटो र असंगठित कृषि मजदुरहरूको पाटो। बगान क्षेत्रमा चिया मजदुर यूनियन क्रियाशील छ। बगान वा प्लान्टेसन क्षेत्रको विकास हुँदै जाँदा हालका चिया मजदुरहरूको साथसाथै भविष्यमा अलैंची बगानका मजदुरहरू, भुईंकटहर बगानका मजदुरहरू, नरिवल-सुपारी बगान मजदुरहरू, उखु-बगान मजदुरहरू जस्ता थुप्रै श्रमिक समुदायको उल्लेखनीय संख्या विकसित हुनेछ। उनीहरूको प्लान्टेशन वा बगान मजदुर संघ विकसित गर्नु भविष्यमा अनिवार्य हुनेछ।

असंगठित कृषि मजदुरहरूको पाटोमा वाँधा अवस्थाका मजदुरहरू, कृषि फार्म मजदुरहरू तथा हली-गोठाला, खेताला-भूमिहीन कृषि मजदुर, र थोरै भूमि भए पनि कृषि ज्यालामा आश्रित श्रमिकहरूलाई समेटी कृषि मजदुर संघको घेरा फराकिलो पार्दै जानु अहिलेको प्रमुख अभिभारा हुन आएको छ।

**कृषि मजदुर संघ र अखिल नेपाल किसान संघ**

देशको किसान आन्दोलनलाई चुस्त र गतिवान बनाउन, नेपाली ट्रेड यूनियन आन्दोलनको दायरालाई विस्तृत बनाउन र असल समन्वय तथा सहकार्य गर्न अग्रसर हुनै पर्छ। यसो भएमा मात्र कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र छिटो विकास गर्न सकिन्छ। त्यसैले कृषि क्षेत्रको श्रमशक्तिलाई किसान आन्दोलन र कृषि मजदुर आन्दोलनका दुई पाटाबाट संगठित र परिचालन गर्नै पर्छ। किसान संघले २०५२ सालतिर कृषि मजदुरहरूलाई संगठित गर्न खोजेपछि जिफन्ट अन्तर्गतको कृषि मजदुर संघसंग ठूलै विवाद भएको थियो। सहमतिमा आयोग बनाएर छलफल गरी आयोगको ठहर अनुसार कृषि मजदुरहरू मजदुर आन्दोलनकै अभिन्न अंग हुन् र जिफन्ट अन्तर्गत नै उनीहरूलाई संगठित गरी परिचालित गर्नु पर्छ भन्ने सहमति २०५४ सालमै भएको हो। त्यस अनुसार अखिल नेपाल किसान संघले आफूले बनाएको कृषि मजदुर संघका सबै कमिटीलाई जिफन्ट आबद्ध कृषि मजदुर संघमा विलय गराउने भनी सर्कुलर समेत सबैतिर जारी गरिएको थियो। यसपछि २० भन्दा बढी विभिन्न जिल्लाका ७५ हजार कृषि मजदुर संलग्न रहेको कृषि मजदुर संघ, नेपाल ट्रेड यूनियन ऐन-०४९ बमोजिम दर्ता भइसकेको छ।


# कमैया तथा वलपुर्वक लगाइने श्रम विरुद्धको संघर्ष




लेखन तथा सम्पादनः विष्णु रिमाल
चित्रः बासु क्षितिज, संयोजनः महेन्द्र श्रेष्ठ



दासप्रथाको अवशेषको रूपमा रहेको कमैया प्रथा अन्त्य गर्न २०४६ सालको जन आन्दोलनको लगत्तै बहुपक्षीय अभियान शुरु भयो। इन्सेक लगायतका गैरसरकारी संस्थाहरूले विस्तृत सर्वेक्षण र सचेतनता अभियान शुरु गरे। विभिन्न दातृ संस्थाहरूले मानवताको सभ्यतामा लागेको यो कलंक मेटाउन आर्थिक–भौतिक सहयोग गरे। जिफन्टले दासहरूलाई गरीब वनाऔं भन्ने नारा सहित "कमैया मुक्ति मञ्च" गठन गरेर आन्दोलन शुरु गर्‍यो। सबै सम्मिलित कमैया सरोकार समूह गठन भएपछि यो आन्दोलनले गति पायो। परिणाम स्वरूप २०५७ साल साउन २ गते संसदले कमैया मुक्त भएको घोषणा गर्‍यो। त्यसपछिको डेढ वर्षको अवधिमा हाम्रो संसदले कमैया श्रम (निषेध गर्ने) ऐन पास गर्‍यो। २०५८ साल फागुन ११ गतेबाट यो ऐन व्यवहारमा लागू भएको छ।





देशभरीका कृषि मजदुरहरू प्रश्न गरिरहेका छन् ...
यो कस्तो खालको ऐन हो ?
यसले कस-कसलाई सहयोग गर्छ ?
कमैया श्रम भनेको के हो ?
कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ ले देहायको कारणबाट विना ज्याला वा कम ज्यालामा ऋण दिने, साहुको लागि सित्तैमा गर्ने कामलाई कमैया श्रम भनेको छ।
कमैया श्रम निषेध गर्ने व्यवस्था भनेको के हो?
कमैया श्रम भन्नाले
आफ् वा आफ्नो परिवारले लिएको ऋण वा सो को ब्याज चुक्ता गर्नको लागि
पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्नको लागि,
ऋण
ऋण दिने साहुसंग जमानी बसेको कमैया श्रमिकको ऋण चुक्ता गर्नको लागि
...गरिने काम हो।
कमैया श्रमिक भन्नाले ...
भैसवार
गोठाला / चरूवा
हलि
हलि / हरूवा
गैंवार
कमलरिया
.... र यस्तै प्रकारका काम गर्ने व्यक्तिहरु हुन्।
छेकरवार




यो ऐन लागू भएपछि कमैयाको रूपमा काम गर्ने व्यक्तिलाई मुक्त गर्नपर्छ। कसैले कसैलाई पनि कमैयाको रूपमा राख्न वा काममा लगाउनु हुँदैन।
त्यसो भए कमैयाले ऋण पनि तिर्नु पर्दैन त ?
ऐनले त त्यस्तै भन्छ।
त्यसो भए ऋण लिंदाको तमसुक पनि रद्द हुन्छ त?
हुन्छ। लिखित मात्र होइन मौखिक संझौता पनि रद्द हुन्छ।
'साहुकोमा बन्धकी राखेको सम्पति पनि ऐन लागू भएको तीन महिना भित्र फिर्ता दिनुपर्छ।
नयाँ ऐनले मुक्त कमैयालाई पुनर्स्थापना गर्न जिल्ला जिल्लामा काम गर्नको लागि मुक्त कमैया पुनर्स्थापना तथा अनुगमन समितिको व्यवस्था गरेको छ। जिल्ला विकास समितिका सभापति अध्यक्ष र कल्याणकारी अधिकृत सदस्य सचिव रहने गरी बन्ने त्यो समितिमा ट्रेड यूनियनका ३ जना तथा जिल्लाको प्रहरी कार्यालय, शिक्षा कार्यालय, वन कार्यालय, भूमिसुधार कार्यालय, श्रम कार्यालय, कृषि विकास कार्यालयका प्रमुख सदस्य रहने छन्। १६ सदस्यीय उक्त समितिमा जिल्ला प्रशासन कार्यालयका अधिकृत, जिल्लाका बैंकिङ्ग कार्यालयका प्रमुख मध्ये १, जिल्लाका किसान संगठनका प्रतिनिधि १, कमैया सम्बन्धी काम गर्ने गैरसरकारी संस्था मध्येका १ र मुक्त कमैयाका प्रतिनिधि समेत रहनेछन्।
त्यो समितिले के काम गर्छ ?
मुक्त कमैयाको पुनर्स्थापनाको व्यवस्था मिलाउने
मुक्त कमैयाको अभिलेख दुरूस्त राख्ने . . .
कसैलाई कमैया राखे, नराखेको अनुगमन गर्ने
मुक्त कमैयाको लागि संचालित आवास, शिक्षा, रोजगारमूलक तालिम वा सीप विकास गर्न संचालित कार्यक्रमहरूको समन्वय गर्ने जस्ता काम गर्छ।
मुक्त कमैयाको लागि आय आर्जन गर्न आवश्यक पर्ने ऋणको लागि सिफारिस गर्ने


ऐनले मुक्त कमैयाको हक–हितको लागि काम गर्न भूमिसुधार कार्यालयको अधिकृतलाई कल्याणकारी अधिकृतको रूपमा काम गर्न तोकिसकेको छ।
अब सरकारले हामी कृषि मजद्धुरको न्यूनतम ज्याला निर्धारण गर्न सक्छ।
अब कसैले पनि तोकेको भन्दा कम ज्यालामा हामीलाई काममा लगाउन पाउंदैनन्। ज्याला नदिइकन त काममा लगाउनै पाईदैन।
अब सरकारले हाम्रो बसोबास, रोजगारी तथा आय आर्जनको व्यवस्था गर्नुपर्छ।
कामा लगाउने जमिन्दारले कानून मिच्यो भने के हुन्छ ?
यो ऐन विपरित कुनै काम गरेमा ...
पीडित व्यक्तिले मुद्दा हेर्ने अधिकारीलाई उजुर गर्न सक्छ
हामीलाई लेख्न-पढ्न आउदैन कसरी उजुर गर्ने त ?
उजुर मौखिक पनि गर्न सकिन्छ।
तिम्रो, हाम्रो तर्फबाट यूनियनले पनि उजुर गर्न सक्छ।
कसैले कसैलाई कमैया राखेमा १५ हजार देखि २५ हजार रूपैंयाँसम्म जरिवाना हुन्छ। उसबाट काम गरेको अवधिभरको ज्यालाको रूपमा न्यूनतम ज्यालाको दोव्वर रकम भराइने छ। कसैले वन्धकी वा जमानतमा लिएको सम्पत्ति फिर्ता नगरेमा त्यस्तो व्यक्तिलाई १० हजार देखि १५ हजार रूपैंयाँसम्म जरीवाना गरी सो सम्पत्ति सम्वन्धित व्यक्तिलाई फिर्ता गरिन्छ। कसैले यस ऐन विपरित भएको कामको जांचवुझको सिलसिलामा वाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई ३ हजार देखि १० हजार रूपैंयाँसम्म जरिवाना गरिनेछ।
कमैया मुक्ति जिन्दावाद !
कमैयालाई थात -वासको व्यवस्था गर !
कमैयाको वुकुरा कायम गर !
न्यूनतम ज्याला लागू गर !

# दर्शन भनेको के हो?

मुकुन्द न्यौपाने



**हामीले भौतिक प्रकृतिको बारेमा निकै छलफल गऱ्यौं। त्यसो भए चेतना भनेको चाहिं के हो त ?**

बाइबलमा भनिएको छ- "ईश्वरले माटो र धर्तीको धुलोबाट मानिसको रचना गरे। यदि ईश्वरले आत्मा नहालेको भए त्यो धुलो निस्प्राण बन्ने थियो। धर्माबलम्बीहरूका अनुसार चिन्तनको उद्गम नै आत्मा हो र आध्यात्मिक मूलधार हो। आत्मा बिना शरीर रहन सक्दैन। तर शरीर बिना पनि आत्मा चाहिं रहन सक्छ।" यसै अनुमानमा पुजारी-पुरेतहरू बेरोकटोक दौडिरहेका छन्। उनीहरू प्रचार गर्छन्- "हामीहरू जे बोल्छौं, त्यसको जाँच पड्ताल कसले गर्न सक्छ ? यसको कोही साक्षी छैन।"

तर, इतिहासको विकासको क्रममा यी पुरेत र पुजारीहरूको भनाइको पनि सत्यताको पत्ता लागेको छ। यस विषयमा हामी पछि चर्चा गरौं। कुन कुरो पहिले उत्पन्न भयो- भौतिक कि आध्यात्मिक ? भौतिक क्षयशील र मरणशील छ कि कल्पना या चेतना ? यसै सम्बन्धमा हामी पुरेत र मठाधीशहरूको कुराको सच्चाइ बारे अध्ययन गरौं।

चेतनामा चिन्तन, अनुभूति, धारणा र आकांक्षा सामेल छन्। यी मुख्यत मानव प्राणीका विशेषता हुन्। यदि सोच्ने कोही छैनन् भने अनुभूति हुनै सक्दैन। कुनै आकांक्षी छैन भने आकांक्षा हुन सक्दैन। यदि कोही प्रदर्शित गर्ने छैनन् भने इच्छा पनि हुन सक्दैन।मानिसभन्दा बाहिर र ऊभन्दा अलग्ग इच्छा, अनुभूति, आकांक्षा, चेतना, मानव चिन्तनको अन्य अभिव्यक्ति कहिल्यै अस्तित्वमा थिएन।

जस्तो हामीलाई के थाहा छ भने प्रकृति, वस्तु त्यो बेला पनि थियो जब आफ्नो चेतना र मस्तिष्क लिएर मानिस आस्तित्वमा आएको थिएन। यसबाट के प्रष्ट हुन्छ भने प्रकृति, वस्तु प्राथमिक र चेतना, चिन्तन गौण हो र त्यसको उपज हो।

जीव विज्ञानको अध्ययनबाट के थाहा भएको छ भने प्रकृति मानिसको अस्तित्व भन्दा पहिले मात्र हैन समस्त प्राणी जगतको अस्तित्व भन्दा पनि पहिले देखि विद्यमान थियो। त्यो मानव चेतना भन्दा छुट्टै र स्वतन्त्र अस्तित्वमा थियो। त्यो नै प्राथमिक हो र वैज्ञानिकहरूको भनाइमा वस्तु, प्रकृतिभन्दा "चेतना" पहिले हुनै सक्दैनथ्यो।

**यो दर्शन र विज्ञानको कुरो त धेरै अध्ययनशील मानिसको लागि भयो तर सर्वसाधारणले यो कुरो कसरी बुझ्ने ?**

दर्शन र विज्ञान विद्वानहरूको हैन, दैनिक व्यवहारमा ल्याउने कुरो भएकोले दर्शन सर्वसाधारणले आफ्नो दैनिक कामको व्यवहारबाटै बुझ्दछन्। उदाहरणको लागि लिउँ- कुनै मानिस रुखमा चढ्छ र अचानक चिप्लिएर रुखबाट खस्छ। शरीरमा लागेको गहिरो चोटको कारण ऊ बेहोस हुन्छ। उसको चेतनाको ह्रास हुन्छ। यस्तो किन हुन्छ ? स्वास्थ्य विज्ञानले स्पष्ट गरेको छ- उसको दिमागमा चोटको कारण रक्तस्राव बन्द हुन्छ, अथवा चेतना, शरीर, मस्तिष्क ज्ञान तन्तुमा हुने प्रक्रिया चोटको कारण खलबलिन्छ।

हामी यस्ता उदाहरण अरु पनि दिन सक्छौं। एउटा पियकड मजदुर रात दिन पिउन थाल्छ। विस्तारै उसको शरीर गल्दै जान्छ र त्यसपछि फोक्सोमा दमको गडबडी शुरु हुन्छ। पाचन क्रिया खत्तम हुँदै जान्छ र उसले मानवोचित गुणहरू पनि विस्तारै गुमाउँदै जान्छ। चेतना पनि विस्तारै गुमाउँदै जान्छ। यसले के पुष्टि गर्छ भने शरीरको क्षतिको परिणाम स्वरूप चेतनाको पनि क्षति हुन्छ र शरीर बिना चेतनाको अस्तित्व रहन सक्दैन।

त्यस्तै अर्को उदाहरण हेरौं, एउटा मजदुर कामले अत्यन्तै थाकेको छ अथवा ऊ बिरामी परेको छ भने उसले आफ्नो जिम्माको काम राम्ररी गर्न सक्दैन। त्यति मात्र हैन उसले आफ्नो शरीरलाई स्वस्थ राख्न आवश्यक क्यालोरी भएको खाना खाएन भने पनि उसले उत्पादनको काममा आफ्नो दक्षता देखाउन सक्दैन। ऊ जब आराम गर्छ र राम्रो खाना खान्छ तब ऊ पुन: स्वस्थ हुन्छ र आफ्नो सोच विचारका साथै उत्पादनका कामहरू पनि राम्ररी गर्न सक्छ। यी सबै उदाहरणबाट हामी के निष्कर्षमा पुग्छौं भने वस्तु बिना चेतना न त थियो न त हुनै सक्दछ।

**त्यसो भए के हरेक वस्तु, मस्तिष्कले काम लिन सक्छन् ?**

हाम्रो चारैतिरको प्रकृति र वस्तुको अध्ययन गर्ने हो भने त्यसको उत्तर

नकारात्मक हुन सक्छ। उदाहरणको लागि ढुंगोले चिन्तन गर्दैन। ढुंगो मात्र होइन सम्पूर्ण जीवित पदार्थमाथि पनि यो कुरा लागू हुन्छ। धेरै जीवित प्राणीमा चेतनाको कुनै चिन्ह पाइँदैन।

**त्यसो भए चेतनाको उत्पत्ति कसरी भयो त ?**

आधुनिक विज्ञानले के सिद्ध गरेको छ भने जिवित प्रकृतिको उत्पत्ति निर्जीव प्रकृतिबाट भएको छ। यो धेरै महत्त्वपूर्ण कुरा हो। आदर्शवादीहरूको मत के छ भने "निर्जीव प्रकृतिसंग सजीव प्रकृतिको कुनै सम्बन्ध छैन।" उनीहरूको तर्क छ, निर्जीव र सजीव एक दोस्राबाट विल्कुल भिन्न छन्। जिवित पदार्थ मात्र चल्न र टिक्न सक्छ।

के यो कुरो सही छ ? जिवित प्राणी र निर्जीव प्रकृतिमा विल्कुलै भिन्नता छ। साथ साथै यी एक दोस्रासंग अभिन्न रूपले जोडिएका पनि छन्। जिवित प्राणी पनि त्यही रसायनिक तत्त्व कार्वन, उद्धजन, अक्सिजन, फलाम, गन्धक फोसफोरस आदिबाट बन्दछ जुन प्रायः निस्प्राण प्रकृतिमा पनि पाइन्छ। जिवित प्राणीमा कुनै यस्तो तत्त्व हुँदैन जुन निस्प्राण प्राणीमा नपाइयोस्। दुवैको बीचको प्रगाढ सम्बन्ध स्पष्ट छ।

सोभियत वैज्ञानिक ओपारिनले निस्प्राण वस्तुबाट पृथ्वीमा जीवनको शुरुवातको एउटा भौतिकवादी उप कल्पना पेश गरे। तर, पृथ्वीमा जीवनको उत्पत्तिको अर्थ चेतनाको पनि प्रथम अवस्थामै अस्तित्व थियो भन्ने होइन। मानव जीवनको साथ साथै चेतनाको पनि प्रथम अवस्था अस्तित्वमा आयो।

रुसी वैज्ञानिक इवानसोत्री नोवले भनेका छन् "चेतना मस्तिष्कको एउटा खास भागको नाडी प्रक्रियासंग जोडिएको छ।" उनले के देखाए भने "यो मस्तिष्कको माथिल्लो हिस्सामा भइरहने दैनिक क्रियामा आधारित छ। मस्तिष्कको यो हिस्सा स्वयं विकासको एउटा यस्तो लामो इतिहासको उपज हो, जसको परिणाम चेतना नाडीको व्यवस्था विकसित भयो र त्यसको प्रक्रिया अधिकाधिक जटिल हुँदै गयो।

यसै जटिल प्रक्रियाबाट हुर्कदै गएको जनावरहरूको व्यवहार पनि विकसित हुँदै गयो र अधिकाधिक जटिल हुँदै गयो। अन्तत्वोगत्वा मानव मास्तिष्कको उत्पत्ति भयो र मानव चेतनाको प्रादुर्भाव भयो।

**माथिको निस्कर्ष मानिस भन्दा बाहेक अरु प्राणीसंग मस्तिष्क हुँदैन भन्ने हो ?**

यो अत्यन्त जटिल प्रश्न हो। अहिलेसम्मको वैज्ञानिक खोजबाट थाहा भएको कुरा के हो भने मस्तिष्कको आवरणसंग चेतना प्रक्रियाको उच्च अभिव्यक्ति जोडिएको छ। चेतना अवस्थाको विकास र त्यसको संगै जनावरको व्यवहारमा रहेको जटिलताको तुलनात्मक विवेचनाबाट यो कुरा स्पष्ट देख्न सकिन्छ।

माछाको मस्तिष्कको आवरण हुँदैन। त्यसकारण हामी त्यसमा अत्यन्त सहज प्रतिक्रिया पाउँछौं। चराको प्रतिक्रिया माछाको भन्दा कहीं अधिक जटिल हुन्छ किनकि उसमा मस्तिष्कको आवरण मुल तत्त्व विद्यमान छ। कुकुरको प्रतिक्रिया चराको भन्दा अरु जटिल छ किनकि उसको मस्तिष्कको आवरण कहीं अधिक विकसित छ। वनमान्छेको हरेक गति मस्तिष्कको माथिल्लो हिस्साको आवरणमा आश्रित हुन्छ। फेरि पनि जनावरमा चिन्तन शक्ति छ भन्ने कुरा बताउन सकिंदैन। चिन्तनको मतलव नै मानिसको चिन्तन प्रक्रिया हो। यस प्रकार चिन्तन परम संगठित वस्तुको मस्तिष्कको प्रक्रियाको उपज हो।

चिन्तन मस्तिष्कको काम हो। मस्तिष्क विना त्यसको अस्तित्व हुन सक्दैन। मस्तिष्क उसको भौतिक आधार हो। रुसी वैज्ञानिक पावोलोबले लेखेका छन्- "मानसिक क्रिया मस्तिष्कको एक निश्चित भागको क्रियाको उपज हो।"

"मस्तिष्क भन्दा बाहिर आत्माको अस्तित्व छैन भन्ने कुराको दोस्रो उदाहरणलाई हामी हेरौं। यस सम्बन्धमा डि चेरेपानोव नाम गरेका रुसी सैनिकको घतलाग्दो कथा यस्तो छ। आफ्नो आत्म-कथाको अत्यन्त प्रमुख घटनाको स्मरण गर्दै उनले यसको वर्णन गरेका छन्- "मेरो मृत्युको तुरुन्तै म घर फर्किएर टेक्नीकल स्कुलमा भर्ना भएँ। यो घटना यसरी घट्यो-

"चरेपानोव नामका रुसी सैनिक पछिल्लो युद्धमा पूर्णरूपले घायल भए डाक्टरले भने। पुरै क्षति भएको छ। दिमागमा ठूलो क्षति पुगेको छ।" अस्पतालमा त्यो सिपाहींको दशा एकदमै विग्रँदै गयो र ऊ बेहोस भयो। केही समय पछि रजिस्ट्रारले घोषणा गऱ्यो- रगतको धेरै क्षति भएको कारण ३ मार्च १९७४ ई. को साँझ ७ बजेर ४१ मिनेटमा उसको मृत्यु भयो।" "बिरामी मऱ्यो।" तर, तुरुन्तै सर्जन प्रोफेसर नोगोवस्की अस्पताल आए। उनी डाक्टरहरूको एउटा दल लिएर मोर्चाका अस्पतालहरूको दौडाहा गरिरहेका थिए। ती डाक्टरले उसलाई धेरै जटिल तरिकाले पुनर्जिवित गरे। उसको हृदयमा फेरि गति आयो र सास नली फेरि चल्न थाल्यो।"

"डाक्टरले भूतपूर्व लाससंग सोध्न थाले- "तिमीमाथि यो बीचमा कस्ता घटना घटे?" उसले जवाफ दियो- "म त मरेको थिएँ। मलाई दोस्रो दुनियाबाट फर्काइयो" "तिमीले दोस्रो दुनियामा के देख्यौ ?" "मर्नुभन्दा पहिले मैले आफ्नो होस गुमाएँ। अपरेसन हुँदासम्म मेरो होस फर्केन। मृत्युको अवधिमा म सुतिरहें।"

"यसरी एउटा साक्षी परलोकबाट फर्किएको थियो र उसले त्यहाँ केही पनि पाउन सकेन। यदि मृत्युको मतलब दोस्रो दुनियामा चिन्तन र आत्माको प्रवेश हुन्थ्यो भने चेरेपानोव पुनर्जीवित हुनुको मतलब हुन्थ्यो उसको चिन्तन र आत्मा त्यो दुनियामा फर्किनु।"

यो दृष्टान्त माथि सावधानीपूर्वक विचार गरौं, वास्तवमा भएको के थियो। चेतना पनि सक्रिय थियो "तर रगतको अत्यधिक क्षतिको कारण" मानिस मऱ्यो। तर त्यसको चेतनाको अर्को लोकमा सरुवा भएन। तत्पश्चात डाक्टरले विलकुल भौतिक उपकरणले उसको शरीरको अपरेसन गरे। उसको चेतना फर्केर आयो।

"मानिसको लागि यो सच्चाइसंग सहमत हुनुभन्दा अर्को विकल्प छैन। चेतना शरीरमा वास्तवमा मस्तिष्कमा निर्भर गर्दछ। यो घटनाले के पनि प्रमाणित गर्दछ भने खास कारणको मृत्युको पाँच सात मिनेट भित्र उपयुक्त उपचार हुन्छ भने जीवनलाई फर्काउन सकिन्छ।"

एक जना विद्वान लेखक हर्जनले भनेका छन्, "शरीर विना पनि आत्मा रहन सक्छ भन्ने दावा गर्नु कालो विरालो कोठाबाट बाहिर निस्कदा आफ्नो कालो रङ कोठामा छोडेर जान्छ भन्नु जस्तै हो।" जस्तो कुनै चरो पखेटा विना उड्न सक्दैन त्यस्तै शरीर विना चेतना हुनै सक्दैन।

# रोजा लग्जेम्वर्ग

## विश्व समाजवादी आन्दोलनका अथक योद्धा

विन्दा पाण्डे



समाजवादको लक्ष्य जनताको भाग्य निर्माणसंग गाँसिएको छ। त्यो अत्यन्त उच्च छ र प्राप्त गर्न त्यति सहज र सजिलो छैन। यहि कुरा बुझेर आफ्नो सम्पूर्ण जीवन त्यहि ऐतिहासिक आन्दोलनमा समर्पित गर्ने विश्व समाजवादी आन्दोलनका अथक योद्धा हुन् – रोजा लग्जेम्वर्ग। फ्रेन्च मजदुरहरूले पेरिस कम्युन घोषणा गर्नुभन्दा केही दिन अगाडि मात्र मार्च ५, १८७१ मा पोल्याडको जामोस्कमा जन्मिएकी रोजाले आफ्नो जीवनको सम्पूर्ण शक्ति, क्षमता र वुद्धि विश्व समाजवादी आन्दोलन निर्माणको लागि लगाइरहिन्। वार्साको विद्यालयमा अध्ययन गर्दाखेरी, जब उनले राजनैतिक संगति प्राप्त गरिन्, त्यस समयदेखि १९१९ मा उनको हत्या हुँदासम्म पनि उनी यही आन्दोलनमा निरन्तर लागिरहेकी थिइन्।

आफ्नो हत्या हुनु भन्दा दुई दिन अगाडि मात्रै पनि आफूसंगै काम गर्ने कमरेडसंग रोजाले भनेकी थिइन्- "एक दिन पूँजीवादको अन्त्य हुनेछ र त्यो अन्त्य संधैको लागि हुनुपर्छ भन्ने कुरामा हामीले आजैदेखि गम्भिरतापूर्वक सोच्नुपर्छ। यस विषयलाई सर्वहारावर्गको मात्रै काम हो भनेर छोड्नु हुँदैन। पूँजीवादले जन्माएको समस्याको विकल्पमा हामीले दिने समाधान भनेको पुरानो समाजको ध्वंसले जन्माउने नयाँ समाजको संरचना हो।" वास्तवमा यही विचारले उनको सिंगो जीवनलाई आन्दोलनमा लागिरहन मार्ग निर्देशन गरिरह्यो।

रोजा, परिवारका पाँच छोराछोरीमा सवैभन्दा कान्छी थिइन्। उनी साढे दुई वर्षको हुँदा नै उनको सिंगो परिवार वार्सामा बसाइ सरेको थियो। पछि पाँच वर्षको उमेरमा उनी गम्भिर रूपमा विरामी परिन्। उनको फिलामा आएको घाउको कारण एक वर्षसम्म ओछ्यान परिन्। डाक्टरले उनलाई क्षयरोग लागेको छ भनेर औषधि दिए, तर त्यो क्षयरोग होइन रहेछ। र, गलत औषधिको कारण उनि जिन्दगीभर लंगडो हुन पुगिन् र बैसाखीको सहयोगमा जीवन हिडाइन्।

वार्साको कन्या माध्यमिक विद्यालयमा अध्ययन गर्दै गर्दा (१४ वर्षको उमेरमा) उनी गोप्य रूपमा क्रान्तिकारी गतिविधिमा लागिन्। त्यतिखेर उनी एउटा सानो सर्वहारावर्गीय पार्टीको सेल कमिटीमा संगठित भइन। सन् १८८७ मा उनले अत्यन्तै राम्रो अंक ल्याएर आफ्नो अध्ययन पुरा गरिन्। तर यस मामिलामा विश्व विद्यालय निकायमा केही खिचलो उत्पन्न भएकोले उनले गोल्ड मेडल लिन भने अस्वीकार गरिन्। आफ्नो अध्ययन पुरा भएपछि उनले दुई वर्षसम्म घरैमा बसेर राजनैतिक गतिविधि जारी राखिन्। राजनैतिक गतिविधिको बारेमा प्रहरीले सुइको पायो र १८८९ मा उनी विरुद्ध पक्राउ पुर्जी काटियो। यो कुरा थाहा पाएपछि उनी पोल्याण्ड छाड्ने निर्णयमा पुगिन्। आफ्नो अध्ययनलाई फेरि जारी राख्ने निर्णयसहित उनी पश्चिम युरोपतिर लागिन्। १८८९ मा उनी जुरिच पुगिन् र त्यहाँ उनले नौ वर्षहरू बिताइन्। जुरिचमा रहँदा उनी आप्रवासी आन्दोलनमा सहभागी भइन्। यो दोस्रो अन्तरराष्ट्रियको आसपासको समय थियो। उनी पनि राजनैतिक अन्यौलताको विवादमा फसिन् र त्यसपछि, उनी गहिरोसंग मार्क्सवादी अध्ययनमा लागिन्।

१८९२ मा जुरिचमा नै पोल्याण्ड प्रजातान्त्रिक समाजवादी पार्टीको गठन गरियो र उनी संस्थापक सदस्य भइन्। पछि, त्यस पार्टीभित्र राष्ट्रवादको विषयमा एउटा समस्या देखा पर्‍यो। यही विवादको कारणबाट पार्टीमा फुट आयो र १८९४ मा आप्रवासीहरूले "सोसल डेमोक्र्यासी अफ द किङ्डम अफ पोल्याण्ड" पार्टीको गठन गरे, जसको नाम पाँच वर्षपछि "सोसल डेमोक्र्याटिक पार्टी अफ पोल्याण्ड एण्ड लिथुआनिया" हुन गयो।

रोजा एक जना राम्रो प्रशिक्षक र लेखक थिइन्। १८९७ मा आफ्नो अध्ययन पुरा गरिसकेपछि उनी जर्मनी गइन्। उनले त्यहीं गुस्ताव लेवेक भन्ने एक जना जर्मनसंग विवाह गरिन् र त्यहींको

नागरिक बनिन्। त्यसपछि उनी जर्मनीको प्रजातान्त्रिक समाजवादी पार्टीमा सक्रिय हुन थालिन्।

जर्मनीमा काम गर्दै जाने क्रममा पटक-पटक उनी दिक्क नभएकि पनि होइनन्। जर्मनहरू एउटा विदेशी युवा, त्यो पनि महिलालाई पार्टी नेतृत्वको उच्च तहमा रहेको हेर्न चाहँदैन थिए। त्यसैले एक पटक, उनलाई पार्टीले पार्टीको नेतृत्व तहबाट हटेर त्यही पार्टीको महिला संगठनमा काम गर्न प्रस्ताव गरे। उनीहरूले सोचे कि महिला संगठन नै उनको सही ठाउँ हो। यस प्रस्तावको पछाडि लुकेको एजेण्डा थियो - महिला संगठनको नामबाट उनलाई पार्टी नेतृत्वबाट किनारा लगाउने र पार्टी जीवनको मूलधारबाट हटाउने।

क्लारा जेट्किन, जो प्रजातान्त्रिक समाजवादी पार्टी र त्यसको महिला संगठनको अत्यन्तै स्थापित नेता थिइन्, रोजा लग्जेम्बर्गको जीवनको एक जना निकट साथी र पार्टीको सहकर्मी थिइन्। क्लारालाई सामाजिक क्रान्तिको आन्दोलनमा संगठित रूपमा महिला सहभागिताको महत्त्व कति छ भन्ने थाहा थियो, तर पनि पार्टीभित्र रहेको महिला सम्बन्धी परम्परागत सोचको भने उनी डटेर विरोध गर्थिन्। त्यसैले उनले रोजालाई महिला संगठनतिर पठाउने प्रस्ताव तुरुन्तै अस्वीकार गरिन् र कामको अन्य क्षेत्रको खोजी गर्न थालिन्।

रोजा असाध्यै राम्रो लेखक र प्रशिक्षक हुँदाहुँदै पनि उनले जीवनमा सायदै महिला मुक्तिको बारेमा छुट्टै र विशेष कुनै प्रस्ताव तयार गरिन्। उनी आफूलाई महिला नेता मात्र होइन, महिला र पुरुष सबैको नेताको रूपमा सोच्ने गर्थिन् र महिलाको बारेमा छुट्टै कुरा उठाउनु महिलालाई होच्याउनु हो भन्ने ठान्थिन्। त्यसैले उनको विश्वास थियो- समाजवादी क्रान्तिले आर्थिक, सामाजिक र पारिवारिक सवै बन्धनहरू चुडालिदिने छ र त्यसपछि महिलाहरूले मुक्ती पाउने छन। यही विश्वासकासाथ उनले जीवनको सम्पूर्ण शक्ति क्रान्तिको लागि लगाइन्।

जीवनको अन्तिम दुई महिना, नोभेम्वर ९, १९१८ देखि जनवरी १५, १९१९ सम्म रोजा मानसिक र शारीरिक दुवै हिसाबले अत्यन्तै व्यस्त रहिन्। नोभेम्वर ९, १९१८ मा जर्मनीमा राजतन्त्रको अन्त्य भयो। त्यसपछि, अब कसले शासनको वागडोर सम्हाल्ने भन्ने प्रश्न खडा भयो। अन्ततः प्रजातान्त्रिक समाजवादी पार्टी र युनाइटेड प्रजातान्त्रिक समाजवादी पार्टीको संयुक्त सरकार बन्यो। र, छ सदस्यीय जन परिषद आयोग पनि बनाइयो।

युनाइटेड प्रजातान्त्रिक समाजवादी पार्टीका संगठक स्पार्टाकसले यस आयोगको विरोध गर्दै सबै अधिकार श्रमिक र सुरक्षा परिषदलाई दिइनु पर्ने माग गरे। रोजा पनि यही सोच राख्ने एक जना सदस्य थिइन्। यस्तो विचार राख्नेहरूको एउटा समूह बन्यो र यसले थुप्रै गतिविधिहरू गर्‍यो। अन्त्यमा उनीहरूले जर्मनी कम्युनिस्ट पार्टीको गठन गरे र डिसेम्वर ३०, १९१८ देखि जनवरी १, १९१९ सम्म स्थापना अधिवेशन गरे। रोजाले आफ्नो जीवनको अन्तिम भाषण यही अधिवेसनमा गरेकी थिइन्। यस अधिवेसनमा कार्यकारी कमिटीको तर्फबाट रोजाले पार्टीको कार्यक्रम पेश गरिन् र अधिवेशनले यसलाई पास गरेको थियो।


त्यसपछि यस पार्टीको विरुद्ध सरकारमा रहेको युनाइटेड प्रजातान्त्रिक समाजवादी पार्टीले आक्रमण गर्न थाल्यो। यस पार्टीका धेरैजसो नेता र कार्यकर्ताहरूले शहर छाडे। रोजा र अर्का एक जना नेता लिवनेक्चले भने शहर छाड्न मानेनन्।

उनीहरू प्रजातान्त्रिक समाजवादी पार्टीद्वारा संचालित प्यारामिलिटरी शाखाको हेडक्वाटरमा भूमिगत रूपमा बस्न थाले। यो कुरा प्रजातान्त्रिक समाजवादी पार्टीलाई थाहा थियो।

जनवरी १५, १९१९ मा सरकारी सेनाले प्यारामिलिटरी शाखाको हेडक्वाटरमा छापा मार्‍यो। त्यहाँबाट भाग्न लागेको भन्दै लिवनेक्चलाई सेनाले हेडक्वाटरबाट बाहिर ल्याएर हत्या गर्‍यो। रोजा लग्जेम्वर्गलाई टाउकोमा गोली हानी घरभित्रै हत्या गर्‍यो र उनको मृत शरीरलाई फोहोरको ढलमा फालिदियो। जनवरीमा फालिएको उनको शरीर मे महिनामा मात्र फेला परेको थियो।

नीति कथा

## घमण्ड



एउटा मान्छे आफूलाई ठूलो विद्वान ठान्दथ्यो। ऊ हरेक ठाउँमा आफ्नो विद्वता छाँट्ने कोसिस गर्दथ्यो।

एकपल्ट उसले एउटा गधा किन्यो। नियम अनुसार बेच्ने र किन्नेहरूको बीच एउटा लिखित अनुबन्धको जरुरी थियो। ऊ आफै अनुबन्ध पत्र लेख्न बस्यो। तर तीन पेज लामो लेखिसकेपछि पनि उसको कलम रोकिएन।

अनुबन्ध पत्रमा केवल यति नै लेख्नु जरुरी थियो कि खरिद बिक्रीपछि दुवै पक्षमा लेनदेन बाँकी छैन। उसले लगातार लेखेको देखेर बेच्ने मानिसले दिक्क भएर उसलाई सोध्यो "यति लामो तपाईं के लेखिरहनु भएको छ?"

"हतार नगर। म अब गधाको बिक्रीको बारेमा लेख्न गइरहेको छु" किन्ने मान्छेले भन्यो।

उसले जुन अनुबन्ध पत्र तीन पेज लामो लेखेको थियो त्यसमा गधाको बिक्रीको बारेमा एक शब्द पनि थिएन। घमण्ड साँच्चै नै एउटा हास्यास्पद कुरो हो।



# ग्लोबल यूनियन फेडरेसन्स

## संक्षिप्त चर्चा

शीत युद्धको समाप्ति संगै अन्तरराष्ट्रिय ट्रेड यूनियन आन्दोलनको स्वरूप पनि फेरिएको छ। विश्वको ट्रेड यूनियन आन्दोलनको आकार र दिशा आजभोली आईसीएफटीयू-इन्टरनेशनल फेडेरेसन अफ फ्रि ट्रेड यूनियन्स्को योजना र निर्देशनमा भरपर्दो हुन थालेको छ। यसरी आईसीएफटीयू आज वास्ता गर्नै पर्ने संस्थाको रूपमा अगाडि आएको छ।

ICFTU
INTERNATIONAL CONFEDERATION OF FREE TRADE UNIONS

आईसीएफटीयूमा विभिन्न देशका राष्ट्रिय केन्द्रहरू सदस्य छन्। दक्षिण अफ्रिकाको कोसाटु, ब्राजिलको कुट र दक्षिण कोरियाको केसिटियूको प्रवेश पछि आईसीएफटीयूको महत्त्व अझै बढ्न गएको छ।

आईसीएफटीयूको स्थापना १९४९ सालमा डब्लुएफटियूबाट विभाजित भएर बनेको हो। यसमा १४८ देशका २२५ राष्ट्रिय केन्द्रहरू आबद्ध छन्। आईसीएफटीयूको जम्मा सदस्य संख्या १५ करोड ७० लाख छ। यसको केन्द्रीय कार्यालय ब्रसेल्स, बेल्जियममा रहेको छ। यसको प्रमुख कार्यकारी महासचिव हुन्छन्- वेलायती नागरिक गे राइडर अहिले त्यो पदमा छन्। हालसालै आईसीएफटीयूको स्टेरीङ कमिटी बैठकले ब्राजिलको ट्रेड यूनियन केन्द्र-कुटका संगठन सचिव होसे ओलिभिया मिरन्डा ओलिभिएरा-लाई यसको उपमहासचिव निर्वाचित गरेको छ। ओलिभिएरा तेस्रो मुलुकका प्रगतिशील यूनियन आन्दोलनबाट आईसीएफटीयूको कार्यकारी उच्च तहमा निर्वाचित पहिलो व्यक्ति हुन्।

आईसीएफटीयूका मूलत तीनवटा क्षेत्रीय संगठनहरू छन्। तिनीहरू, अमेरिका-रिजनल अफिस फर नर्थ एण्ड साउथ अमेरिका, भेनेजुयला( ओरिट), अफ्रिका- अफ्रिकन रिजनल अर्गनाइजेशन, नैरोबी-केन्या (एफ्रो) र एशिया- एशियन एण्ड प्यासेफिक रिजनल अर्गनाइजेशन, सिंगापुर (एप्रो) हुन्। यसका अतिरिक्त युरोपियन ट्रेड यूनियन कन्फेडेरेसन (ईटियूसी) संग यसले नजीक रहेर काम गर्दछ। १९७३ सालमा स्थापित ईटियूसीमा युरोपभरीका ट्रेड यूनियन केन्द्र र विषयगत संघहरू संलग्न छन्। ब्रसेल्स, बेल्जियममा केन्द्रीय कार्यालय रहेको ईटियूसीमा ३४ देशका ७४ वटा महासंघ र ११ वटा उद्योग संघहरूमा संगठित करिब ६ करोड सदस्य छन्।

आईसीएफटीयूले विभिन्न अन्तराष्ट्रिय संगठनमा श्रमिकको लागि प्रतिनिधित्व गर्दछ। हाल यसको विश्वका विभिन्न संस्थामा स्थायी प्रतिनिधिहरू छन्। आईसीएफटीयूका स्थायी प्रतिनिधि रहेको स्थानः जेनेभा, संयुक्त राष्ट्र संघ-न्यूयोर्क र वासिङ्गटन, एफएओ-रोम, आईएईए-भियना, एनआईएस-मास्को, दक्षिण पूर्वी युरोप-सारायेभो, ट्रेड यूनियन अधिकार नेटवर्क-सोफिया, बोस्निया-हर्जगोभिना, सीईई/जेन्डर परियोजना-जाग्रेव, क्रोसिया,सम्पर्क कार्यालय- हङकङ र अम्मान-जोर्डन छन्।

आईसीएफटीयूले ग्लोवल यूनियन फेडेरेशन्ससंग सम्बन्धित रहेर काम गर्दछ। ग्लोवल यूनियन फेडेरेशन्स ( जियूएफ) आईसीएफटियूसंग सम्बन्धित तर स्वायत्त विषयगत अन्तर्राष्ट्रिय ट्रेड यूनियन केन्द्रहरू हुन्। यिनिहरूलाई पहिले ईन्टरनेसनल ट्रेड सेक्रेटारियट्स (आई टि एस) भनिन्थ्यो।

सन् २००२ को जनवरीमा प्रागमा भएको अन्तरराष्ट्रिय ट्रेड सेक्रेटारियटको सम्मेलनले पहिले देखि चल्तीमा रहेको

**जि यू एफ का अफ्रिका, अमेरिका, यूरोप र एशिया प्यासिफिक गरी ४ क्षेत्रहरू छन्। जि यू एफको संक्षीप्त परिचय यस प्रकार छ–**

| | |
|---|---|
| **EI** | **एजुकेशन इन्टरनेशनल** |
| **कार्यक्षेत्र** | प्रशिक्षक, शिक्षक, प्राध्यापक र शिक्षण पेशाका अन्य कर्मचारीहरू |
| **स्थापना** | सन् १९९३ |
| **आबद्ध संघ** | १५५ देशका ३०५ यूनियन। जम्मा सदस्य संख्या २ करोड ४० लाख |
| **कार्यालय** | केन्द्रः ब्रसेल्स। क्षेत्रः अफ्रिका, अमेरिका र एशिया |

| | |
|---|---|
| **ICEM** | **इन्टरनेशनल फेडेरेशन अफ केमिकल, इनर्जी, माइन एण्ड जनरल वर्कर्स** |
| **कार्यक्षेत्र** | विद्युत, केमिकल उद्योग, रबर र प्लास्टिक उद्योग, हिरा, गहना उत्पादन, सेरामिक उद्योग, कागज उद्योग, ग्लास, सिमेन्ट, वातावरण संरक्षण उद्योग, कोइला खानी, खनिज उद्योग, ढुंगा र बालुवा उत्पादन क्षेत्र। |
| **स्थापना** | सन् १९९५ |
| **आबद्ध संघ** | १०८ देशका ३९९ यूनियन। जम्मा सदस्य संख्या २ करोड |
| **कार्यालय** | केन्द्र : ब्रसेल्स। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया र पूर्वी युरोप |

| | |
|---|---|
| **IFBWW** | **इन्टरनेशनल फेडेरेशन अफ विल्डिङ एण्ड उड वर्कर्स** |
| **कार्यक्षेत्र** | निर्माण उद्योग, काठ उद्योग, वन र सम्बद्ध क्षेत्र। |
| **स्थापना** | सन् १९३४ |
| **आबद्ध संघ** | १२४ देशका २८५ यूनियन। जम्मा सदस्य संख्या १ करोड ३० लाख |
| **कार्यालय** | केन्द्र : जेनेभा। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया (५ ठाउँमा) |

| | |
|---|---|
| **IFJ** | **इन्टरनेशनल फेडेरेशन अफ जोर्नालिस्ट** |
| **कार्यक्षेत्र** | छापा, प्रसारण, सिनेमा र टेलिभिजन, न्यूज एजेन्सी, छापाखाना, जनसम्पर्क एजेन्सी, विद्युतीय संचारमा काम गर्ने पूर्णकालीन पत्रकाहरू। |
| **स्थापना** | सन् १९५२ |
| **आबद्ध संघ** | १०४ देशका १४३ यूनियन। जम्मा सदस्य संख्या ४ लाख ५० हजार |
| **कार्यालय** | केन्द्र : ब्रसेल्स। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया, युरोप। |

| | |
|---|---|
| **IMF** | **इन्टरनेशनल मेटल वर्कर्स फेडेरेसन** |
| **कार्यक्षेत्र** | अटोमोवाइल उद्योग, नागरिक उड्डयन र हवाइ उद्योग, इलेक्ट्रीकल इञ्जिनियरिङ, इलेक्ट्रोनिक्स, मेकानिकल इञ्जिनियरिङ, जहाज निर्माण, फलाम तथा स्टील उत्पादन र विविध प्रकृतिका मेटल उद्योगहरू। |
| **स्थापना** | सन् १९०४ (१८९३) |
| **आबद्ध संघ** | १०१ देशका १९३ यूनियन। जम्मा सदस्य संख्या २ करोड ३० लाख। |
| **कार्यालय** | केन्द्र : जेनेभा। क्षेत्र : अफ्रिका, अमेरिका र एशिया। |

| | |
|---|---|
| **ITGLWF** | **इन्टरनेशनल टेक्सटायल, गार्मेन्ट एण्ड लेदर वर्कर्स फेडेरेसन** |
| **कार्यक्षेत्र** | टेक्सटायल, गार्मेन्ट, छाला तथा जुत्ता उद्योग। |
| **स्थापना** | सन् १९६० |
| **आबद्ध संघ** | ११० देशका २२० यूनियन। जम्मा सदस्य संख्या १ करोड भन्दा माथि। |
| **कार्यालय** | केन्द्र : ब्रसेल्स। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया र युरोप। |

**ITF** **इन्टरनेशनल ट्रान्सपोर्ट वर्कर्स फेडेरेसन**

**कार्यक्षेत्र** यातायात सेवा (आन्तरिक विभाग - रेल सेवा, सडक यातायात, आन्तरिक जल यातायात, बन्दरगाह, समुद्री यातायात, माछा उद्योग, नागरिक तथा पर्यटन।)

**स्थापना** सन् १८९६

**आबद्ध संघ** १३४ देशका ५७८ यूनियन। जम्मा सदस्य संख्या ४ करोड ५० लाख।

**कार्यालय** केन्द्र : लण्डन। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया र युरोप।

**IUF** **इन्टरनेशनल यूनियन अफ फुड, एग्रिकल्चर, होटल, रेस्टुराँ, क्याटेरिङ, टोवाको एण्ड अलाइड वर्कर्स एशोसिएसन**

**कार्यक्षेत्र** खाद्य/पेय क्षेत्र, होटल-रेस्टुराँ, क्याटेरिङ र पर्यटन सेवा, कृषि र बगान क्षेत्र, सूर्ति प्रशोधनका क्षेत्र।

**स्थापना** सन् १९२०

**आबद्ध संघ** ११८ देशका ३२६ यूनियन। जम्मा सदस्य संख्या १ करोड।

**कार्यालय** केन्द्र : स्वीट्जरल्याण्ड। क्षेत्र : अफ्रिका, अमेरिका, एशिया ( ४ ठाउँ), क्यारेबियन र युरोप (७ ठाउँ)।

**PSI** **पब्लिक सर्भिस इन्टरनेशनल**

**कार्यक्षेत्र** निजामती सेवा, स्थानीय सरकार तथा निकाय, सार्वजनिक संस्थान, प्रतिष्ठानहरू, ग्यास, बिजुली, खानेपानी तथा फोहर मैला व्यवस्थापन गर्ने कम्पनीहरू, वातावरण, सामाजिक र स्वास्थ्य सेवा,
अन्तरराष्ट्रिय संस्थामा कार्यरत कर्मचारी आदि।

**स्थापना** सन् १९०७

**आबद्ध संघ** १४० देशका ५०० भन्दा बढी यूनियनहरू। जम्मा सदस्य संख्या २ करोड।

**कार्यालय** केन्द्र : फ्रान्स। क्षेत्र : अफ्रिका र अरब (३ ठाउँ), अमेरिका ( ५ ठाउँ), एशिया (३ ठाउँ) युरोप (४ ठाउँ)।

**UNI** **यूनियन नेटवर्क इन्टरनेशनल**

**कार्यक्षेत्र** हुलाक र दूरसंचार सेवा, उद्योग-व्यापार सेवा, सूचना उद्योग (आई टी), बाणिज्य क्षेत्र, वित्तीय सेवा, बीमा सेवा, व्यवस्थापकीय कर्मचारी।
खवर पत्रिका, स्यागेजिन, प्रकाशन गृह, विज्ञापन एजेन्सी, छपाइ उद्योग, कागज प्रशोधन र प्याकेजिङ, टेलिभिजन र संचारमा काम गर्ने प्राविधिक तथा अन्य कर्मचारी, फिल्म उत्पादन तथा अन्य मेडिया, नाट्यशाला र त्यस्तै प्रकृतिका कलाकार तथा मनोरञ्जन उद्योग।
आन्तरिक विभागः १२ क्षेत्र- वाणिज्य, इलेक्ट्रीसिटी, वित्तीय, ग्राफिक्स, कपाल तथा ब्यूटी पार्लर, व्हाइट कलर पेशाकर्मी तथा आई टी स्टाफ, मेडिया, मनोरञ्जन र कला, हुलाक, प्रपर्टी सेवा, बीमा, दूरसंचार, पर्यटन।

**स्थापना** सन् २००० साल (यो केन्द्र जनवरी १, २००० मा कम्युनिकेशन इन्टरनेशनल, इन्टरनेशनल फेडेरेशन अफ कमर्सियल, क्लेरिकल, प्रोफेसनल एण्ड टेक्नीकल इम्प्लाइज, इन्टरनेशनल ग्राफिकल फेडेरेशन र मेडिया एण्ड इन्टरटेनमेन्ट इन्टरनेशनल बीचको एकताबाट बनेको हो)।

**आबद्ध संघ** १४० देशका ९०० यूनियन। जम्मा सदस्य संख्या १ करोड ५५ लाख।

**कार्यालय** केन्द्र : नेओन-स्वीट्जरल्याण्ड। क्षेत्र : अफ्रिका (३ ठाउँ), अमेरिका (३ ठाउँ), युरोप (४ ठाउँ), एशिया (४ ठाउँ)।


नाम- ईन्टरनेसनल ट्रेड सेक्रेटारियट्स (आई टि एस) फेर्ने निर्णय गर्‍यो। आई टि एस शव्द यूनियन कार्यकर्तालाई बुझ्न र बुझाउन कठिन भएकोले यसलाई फेर्ने निर्णय गरिएको हो। हाल आई टि एस लाई ग्लोवल यूनियन फेडेरेसन्स (जि यू एफ) नामाकरण गरिएको छ। ग्लोवल यूनियन फेडेरेसन्स भित्र आईएफटियू, ईटियूसी र टियूएसी समेत पर्दछन्।

ट्रेड यूनियन एड्भाइजोरी कमिटी टु द अर्गनाइजेशन फर इकोनोमिक को-अपरेशन एण्ड डेभलपमेन्ट (टियूएसी) भनेको आर्थिक सहयोग र विकासको लागि संगठन अर्थात ओइसीडी (अर्गनाइजेशन फर इकोनोमिक को-अपरेशन एण्ड डेभलपमेन्ट) देशका राष्ट्रिय ट्रेड यूनियन केन्द्रहरू सम्मिलित संगठन हो। ओइसीडी देश भन्नाले अस्ट्रेलिया, अस्ट्रिया, वेल्जियम, क्यानडा, चेक गणतन्त्र, डेनमार्क, फिनल्याण्ड, फ्रान्स, जर्मनी, ग्रिस, हंगेरी, आइसल्याण्ड, आयरल्याण्ड, इटाली, जापान, कोरिया, लक्जेम्बर्ग, मेक्सिको, नेदरल्याण्ड, न्यूजिल्याण्ड, नर्वे, पोल्याण्ड, पोर्चुगल, स्पेन, स्लोभाकिया, स्वीडेन, स्वीट्जरल्याण्ड, टर्की, बेलायत र संयुक्त राज्य अमेरिका हुन्।

टियूएसीको स्थापना १९७३ सालमा भएको हो। हाल यसमा ३० वटा देशका ५६ वटा राष्ट्रिय केन्द्रहरू आबद्ध छन्। यसको सदस्य संख्य ७ करोड छ र केन्द्रीय कार्यालय पेरिस, फ्रान्समा छ।

**प्रस्तुति : विष्णु रिमाल**

# आफ्नो आस्थामा दृढ कृषि मजदुर सीताराम चौधरी



२०११ सालमा बारा खोपुवा श्रीपुरमा जन्मिएका कृषि मजदुर चौधरीका छोरा श्रीराम चौधरीसंग नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नुभएको कुराकानी।

**तपाईंको अहिलेको पेशा ?**

हाल मसंग जमिन छैन, मोहियानी जमिन पनि अब सिद्धिसक्यो। साहुले मुद्दा हालेको छ। मैले तिरेको धानको रसिद साहुले नदिने भएकोले गाविसमा बुझाएँ। ०५३ देखि कुत बुझाइरहेको छु तर ८ वर्ष भइसक्यो मुद्दाको फैसला हुँदैन। मैले तारिख पनि छोडि सकें। कति लड्नु, कहिल्यै सकिदैन। साहुले तारिख खेपेको छकि छैन मलाई थाहा छैन।

**तपाईंको राजनीतिक जीवन कहिलेदेखि शुरु भयो ?**

म ०२८ सालदेखि राजनीतिमा लागें। विसनपुरवाबाट सुवाइ भन्ने मानिसले ल्याएर किताब दिन्थे। बाराकै पुराना नेता नन्दन पनि आउँथे। बेलुका बसेर छलफल गर्थ्यौं। विसनपुरवाका बासु दशैंजीहरू पनि आउँथे। हामीलाई साहुको अत्याचारको बारेमा बताउँथे। मोहियानीको सुरक्षाको कुरा गर्थे। त्यो वेला राजनीति भनेको खाली मोहीको सुरक्षाको मात्रै कुरा थियो। अरु राजनीति मलाई थाहा थिएन।

**गाउँमा कुनै आन्दोलन पनि भए कि ?**

बारामा ०२७-२८ सालमा खासै आन्दोलन भएको मलाई थाहा छैन। तर हाम्रो गाउँको नजिकै गडहलमा ०११ सालमा ठूलो आन्दोलन भयो भन्ने हामीले सुनेको हो। हाम्रो बाबुले पनि त्यसमा सक्रिय भाग लिएका थिए रे। बाबु हामी सानै छँदा मरेकोले सबै कुराको दुःख भयो, उम्कन सकिएन।

**२८ साल पछि कुनै आन्दोलनमा भाग लिनु भयो ?**

२०२८ साल पछि बारा जिल्ला राजनीतिबाट पुरा निस्क्रिय भयो। नन्दन आउनै छोडे। सुवाइ पनि हराए। गडहलको शोदन चौधरी चीन पढ्न गए। हामी त्यसै निस्क्रिय भयौं। साहूहरूको थिचोमिचोको विरोध गर्ने मानिस पनि थिएनन्। रविन्द्र भन्ने गडहलमै सक्रिय कार्यकर्ता थियो, त्यो पनि डकैतीमा लागेर भाग्यो।

**अनि फेरि कसरी सक्रिय हुनुभयो ?**

०३० सालमा शर्मा नाम गरेका एक जना कामरेड विसनपुरवामा आए। त्यहींबाट श्रीपुरा सम्पर्क भयो। श्री पुरामा हामीले बस्ने ठाउँ बनायौं। त्यति वेला त्यसलाई सेल्टर भन्थे। साना मान्छेको कमिटी छुट्टै थियो। ठूला मान्छेको कमिटीमा मेरो दाइ लालमोहन थिए। म बाल रक्षा दलमा थिएँ। हामी गाउँका बालकहरूलाई एकजुट गर्थ्यौं र साथीहरूलाई गीतहरू सुनाउँथ्यौं। जमिन्दारको अत्याचारको कथा सुनाउँथ्यौं। ठूला कामरेडबाट हामी कथाहरू सुन्ने गर्थ्यौं।

**त्यो वेला कुनै आन्दोलन भए कि भएनन् ?**

२०३३ सालको शुरुमै कृषि मजदुरहरूले आन्दोलन गर्ने निर्णय गरे। विसनपुरवा, खोपुवा, श्रीपुरा, मुर्की, नाकाटोला, सोनापुर, लोतन, पडरी, वनर्मुला धेरै ठाउँमा यो आन्दोलन फैलियो। यो आन्दोलन विसनपुर्वाबाट शुरु भएको थियो। यो आन्दोलन पार्टीको नेतृत्वमा भएको थियो र श्रीपुरामा पलट चौधरीलाई यसको अगुवा बनाएका थियौं। हामीले श्रीपुरामा आन्दोलन सफल पार्‍यौं, हाम्रो बनि बढ्यो। खोपुवामा केही समय पछि बढ्यो। यी सबै गाउँलाई जोड्न हामीले एरिया स्तरको कमिटी पनि बनाएका थियौं। हामीलाई शर्माजीले सधैं किसान आन्दोलन र किसान मुक्तिको बारेमा बताउने गर्नु हुन्थ्यो। बनि बढाउने आन्दोलन संगसंगै हामीले ब्याज घटाउने आन्दोलन पनि शुरु गर्‍यौं। हामीले साहुसंग धान ऋण लिंदा डेढा ब्याज तिर्नु पर्थ्यो। हाम्रो आन्दोलनले सवाइमा झार्‍यो र अब मनको सवा मात्र तिर्दा पुग्ने भयो। तर यो एक वर्ष मात्र चल्यो।

**किन एक वर्ष मात्र चल्यो त ?**

सबै जमिन्दारहरूले किसानलाई धान नदिने निर्णय गरेछन्। किसानहरू धान माग्न जाँदा धान छैन भनेर फर्काउन थाले। किसानहरूले भित्र भित्रै डबल ब्याजको कागज गरेर पनि धान लिन थालेछन्। धान लिनु पर्ने किसानको बाध्यता र जमिन्दारको नाकाबन्दीले गर्दा सबै मजदुर, किसान झुके, सबैले धान लिए। तर हामी नेतृत्व गर्ने साथीहरूको बिल्लीवाठ भयो। साहुले नेता भनेर हामी सबैलाई ऋण नदिने निर्णय गरेछन्। बनि पाउन पनि गाह्रो पर्‍यो। त्यसपछि मलाई ती किसानसंग रिस पनि उठ्यो। हामी उनीहरूको निम्ति लड्ने तर उनीहरू चाहिं भित्रभित्रै साहुसंग मिलेर सम्झौता तोड्ने ? तर रिसाएर के गर्नु, आफ्नै किसान, फेरि सम्झाउन थाल्यौं तर किसान ब्याज घटाउने आन्दोलनमा फेरि संगठित भएनन्।

**किसानले यसरी किन आफ्नै नेतालाई धोका दिन्छन् ?**

खै, म पनि अत्यन्तै गरीब मानिस हुँ। मैले आजसम्म कसैलाई धोका दिएको छैन। साथीहरूकै सल्लाहमा हिंडेको छु तर अधिकांश किसानहरू सल्लाह र निर्णय अनुसार हिंडेको मैले पाइन। अन्तको कुरा म भन्न सक्तिन तर हाम्रो गाउँ वरिपरिको किसानको स्थिति कस्तो छ भने जताबाट लाभ आउँछ त्यतै लाग्ने बानी छ। ब्याज घटेको भन्ने सुने। सबै हामीपट्टि लागे। १ वर्ष चहलपहल भयो। अब साहुलाई खुसी नपारी धान पाइंदैन, साहु रिसाए रे भन्ने हल्ला आयो फेरि साहुतिरै लागे। यो बारम्बार भएको छ। एकपल्ट मात्र होइन, धेरै पल्ट।

**कृषि मजदुर – बनि गर्नेहरूको स्थिति पनि यस्तै हो ?**

होइन, बनि बढेको बढ्यै भयो। त्यसपछि बनि बढायौं पहिले ३ सेर थियो। ३ किलो बनायौं। त्यसपछि खाना खाएर पाँच किलो बनायौं र अझै बढाउने पक्षमा कृषि मजदुर

दृढ छन्। उनीहरूसंग त्यो भन्दा अरु लेनादेना पनि छैन। श्रम बेच्नु भन्दा अर्को आधार पनि छैन।

**यो खाना खाएर ५ किलो कसरी भयो ?**

नेपाल ट्रेड यूनियन महासंघले ६० रूपैयाँ भन्दा कम नलिने भनेर कृषि मजदुरलाई आव्हान गरेको कुरा सुन्यौं। त्यसपछि हामी साहुकोमा गएर रु. ६७ को माग गऱ्यौं। साहुहरूले यो कारखाना होइन। पैसाको हिसाब हुँदैन भने। हामी कृषि मजदुरले पनि हामी रु. ६०। भन्दा तल काम गर्दैनौं भनेपछि ३ किलोबाट ५ किलो बनाउने र खाना समेत खुवाउने संझौता भयो।

**यो संझौता कहाँ कहाँ लागू भयो ?**

श्रीपुरा बाहेक अन्यत्र अहिले पनि ३ किलो छ। अन्यत्रका साथीहरू राम्ररी जुटेनन् त्यसकारण लागू भएको छैन।

**अहिले गाउँमा शोषणको अवस्था कस्तो छ ?**

गाउँको स्थिति पहिले भन्दा एकदमै बदलिएको छ। पहिले धान ब्याजमा लगाउने साहुले अब पैसा लगाउँछन्। साहुहरू पहिले भकारीमा, गोदाममा २ वर्षसम्म धान राख्थे। धान ब्याज लगाउने। अब आएर धान भ्कार्नासाथ सहर पुऱ्याउँछन्। आफूलाई खान मात्र राख्छन् र किसानहरूलाई पैसा ब्याजमा लगाउँछन्। पैसाको ब्याज पनि अत्यन्तै महंगो छ। सयकडा ५ र १० सम्म प्रति ६ महिनाको। मजदुरहरू ऋण लिएर पंजाब, हरियाणा जान्छन्। ५ हजार, १० हजार ऋण लियो अनि महिनाको सयकडा १० का दरले ब्याज तिर्दा उता कमाएको जोगिने त कुरै छैन उल्टो ऋणमा डुबेको डुबै हुने। त्यसकारण गाउँको जीवन अरु दुःखपूर्ण छ।

गाउँमा पहिले भन्दा अहिले अर्को नयाँ र अनौठो स्थिति उत्पन्न भएको छ। बहुदल आएपछि मजदुरी गर्ने हलवाइ, कुम्हाल र बनियाहरू साना साना ब्यापारिक पेशामा लागे। गाउँगाउँमा साना साना हाटे बजार खुले। हप्तामा एक दिन लाग्ने यस्तो बजार आज बाराका प्रत्येक गाउँमा छन्। पहिले बारामा बारा बजार भन्ने एउटा मात्र बजार लाग्थ्यो। अहिले हरेक बजारले गर्दा हलवाइ कुम्हाले र बनियाहरू, जो पहिले गरीब किसान र मजदुर थिए, १० वर्षमा उनीहरू हुने खाने व्यापारी बने। त्यति मात्र होइन उनीहरू धेरैजसो जमिन मालिक पनि भइसके, यिनै नयाँ जन्मेका जमिन मालिकहरू बनि बढाउने कुराको विरोधमा लागेका छन्। उनीहरू हाटबजारमा ब्यापारमा लाग्छन् र अरुलाई जमिन जोताउँछन्। बनि बढाउने कुराको विरोधमा मोर्चा कस्छन्। यो नयाँ स्थिति हो।

**अलिकति प्रसंग बदलौं, हाल माओवादीको हल्लाले जनतामा के प्रभाव पारेको छ ?**

जनता माओवादीको गतिविधिबाट पीडित छन्। उनीहरूले जे जस्ता गतिविधि गरिरहेका छन् ती जनताको हितमा छैनन्। गाविस भवन जलाउने, स्कूल जलाउने, खानेपानी भत्काउने, पुल, भत्काउने, जनताका पसिनाले निर्माण भएका जनताका सम्पत्तिमा आगो लगाउने आदि कामले गर्दा आज जनताको मन रोएको छ, जनता दुःखित भएका छन्। पहिले पहिले हामी कहाँ शर्माजी र शम्भु आउँथे। पहिलेका मालेका नेताहरू आउँथे। उनीहरूले हामीलाई अनुशासनका कस्ता नियमहरू सिकाउँथे भने जनताबाट सियो र धागोको टुप्पोसम्म नलेऊ, नम्र भएर बोल, जनतालाई कुटपिट र हप्काउने नगर, महिलासंग छाडा व्यवहार नगर, गरीब-गुरुवालाई दुःख नदेउ भनेर सिकाउँथे तर आज माओवादीबाट धेरै जनताले दुःख पाएको कुरा हामी सुन्छौं। यता प्रशासनले पनि दुःख दिएको कुरा सुनिन्छ। जनताको निम्ति यो राम्रो होइन। जनतालाई दुःख दिनु भएन। आज जनता पीडित छन्। एमालेले मात्र जनताको निम्ति केही गर्छ कि भन्ने हामीलाई लागेको छ अहिलेसम्म जनतालाई दुख नदिने र विकासप्रति चासो देखाउने एमाले मात्र देखिएको छ।

**तपाई आफ्नै बारेमा केही बताउनु हुन्छ कि ?**

आफ्नो बारेमा के भनौं, सबै कुरा तपाईंलाई थाहा नै छ। मलाई जिन्दगीभरी आर्थिक कठिनाइले थिचेको छ। तर पनि म आत्तिएको भने कहिल्यै छैन। जन्म देखि नै हामी जस्ता मानिसले यो कठिनाइ झेल्नु पर्छ। गाउँमा म भन्दा पनि कठिनाइझेल्ने मानिसहरू छन्। आज हरियाणा र पंजाबमा मजदुरी गर्न जानेहरूको संख्या पनि त्यत्तिकै छ। यति भएर पनि म जस्ता गाउँका गरीबहरू अझै पनि आशावादी छौं। हाम्रो जीवनमा परिवर्तन आउँछ भनेर पर्खेर बसेका छौं।

**तपाई गाउँका गरीबहरूको आशावादको कारण के हो ?**

हामीले लामो कालसम्म संघर्ष गऱ्यौं। ०३६ साल पछि त हाम्रो संघर्ष निरन्तर जारी रह्यो। साहुहरूको थिचोमिचोको विरुद्ध लड्यौं। जनतामा जागरण आयो- ०४६ सालको जनआन्दोलनले। पहिले हामी बोल्न पाउँदैनथ्यौं। एउटा कर्मचारी देख्दा तर्सन्थ्यौं तर आज हामी सांसदसंग बहस गर्ने भएका छौं। मन्त्रीसंग ठाडो शीर पारेर कुरा गर्छौं। हामीलाई विगतमा ठूला-बडाले जसरी हेप्ने गर्थे आज 'तपाईं' भनेर बोलाउँछन्। पंचायत कालमा तँ रे गे भन्नेहरूले तपाईं, हजुर भन्न थालेका छन्। यो जीवनको ठूलो उपलब्धि हो। यो उपलब्धिलाई देख्न सकेनौं भने हामी फेरि दास हुन्छौं। एकदलीय व्यवस्थाले मान्छेलाई दसश बनाउँछ। राणा कालमा हाम्रा बाहरूले भोगे। पंचायती कालमा हामीले भोग्यौं। अब हामीले ती चीजहरू दोहोऱ्याउनु हुन्न भन्ने मेरो धारणा छ। तर, एउटा कुरो म के भन्छु भने हामी जस्ता गरीबको जीवनका कठिनाइ हटाउन सरकारले काम गर्नु पऱ्यो। पार्टीहरूले गरिबी हटाउने बारेमा चिन्तन गर्नु पऱ्यो। जनता देशको विकासको लागि मरिमेट्न तयार छन्। गाउँमा भएको चर्को शोषणको अन्त्य गर्न पार्टीहरू र सरकारले कदम चाल्नु पऱ्यो। सयकडा १० महिनाको ब्याज ख्वाएर गरीब जनता के गरी बाँच्छ ? यसमा सरकारले नियन्त्रण गर्नु पऱ्यो। यसो गर्ने हो भने यहाँ माओवादी पनि बन्दैनन्। मारामार पनि हुँदैन। मेरा व्यक्तिगत कुरा म भन्दिनँ। देश उँभो लागे हामी सबै उँभो लाग्छौं। काम गर्ने श्रमिक गरीबमा निराशा आयो भने देश पनि उँभो लाग्दैन। सबैले दुःख पाउँछन्।

**अन्त्यमा केही भन्नुहुन्छ - नेपाल ट्रेड यूनियन महासंघप्रति ?**

नेपाल ट्रेड यूनियन महासंघले हामी कृषि मजदुरको ज्याला बढाउन जुन संघर्ष गऱ्यो, सरकारलाई दवाव दियो यसको लागि म बाराका कृषि मजदुरका तर्फबाट महासंघलाई धन्यवाद दिन चाहन्छु। कति ठाउँमा लागू भयो भएन भन्ने कुरो तसंगठित अवस्थामा आफैं संगठित नभई माथिबाट बढाइदिएका भरमा कसरी पाइन्छ ? आफू संगठित नहुने, मालिकहरूको चापलुसीमा फस्ने, अनि नेतालाई दोष दिएर बस्ने ? यो हाम्रो कृषि श्रमिकहरूको कमजोरी हो। हामीले पनि आफ्ना कमजोरीलाई हटाउनु पर्छ र चेतनशील बन्नु पर्छ।

**प्रस्तुति : मुकुन्द न्यौपाने**

# कृषि मजदुर : समस्या र समाधान

रुद्र गौतम

### कृषि मजदुर

नेपालको रोजगारीको सन्दर्भमा कृषि क्षेत्र केन्द्रविन्दुको रूपमा रही आएको छ। यस क्षेत्रले ६० लाख भन्दा बढी मानिसलाई रोजगारी दिएको छ। जसमध्ये दुई तिहाइ स्वरोजगार अर्थात आफ्नो जग्गामा मात्र काम गर्दछन्। बाँकी एक तिहाइमा आधा आफ्नो र अरुको जग्गामा काम गर्दछन् भने आधा पूर्ण रूपमा ज्याला मजदुरको रूपमा काम गर्दछन्। पूर्ण ज्याला मजदुरको चाप तराइ क्षेत्रमा बढी रहेको छ। साथै स्थायी ज्याला मजदुरहरूको घनत्व पनि यसै क्षेत्रमा बढी छ। औषतमा प्रति जिल्ला चार हजार स्थायी कृषि मजदुर रहेका र सबैभन्दा बढी तराइमा रहेका छन् (तालिका-१)। यति ठूलो संख्यामा रहेका कृषि मजदुरहरूको ठूलो हिस्साले वर्षको बाह्रै महिना काम नपाउने र ज्यालादर न्यून भएका कारण, अन्य क्षेत्रका मजदुरहरूको तुलनामा कृषि मजदुरहरूको अवस्था ज्यादै नाजुक छ। स्थायी प्रकृतिका काममा अधिकांश पुरुष रहने गरेको पाइन्छ भने दैनिक ज्याला आर्जक मजदुरहरूमा ६० प्रतिशत भन्दा बढी महिला रहेको पाइन्छ।

गत साल सरकारद्वारा कमैयाहरूलाई मुक्त घोषणा गरे पश्चात स्थायी कृषि मजदुरको संख्यामा केही कमी आएको हुन सक्ने अनुमान गरिएको छ।

### छानिएका जिल्लाहरूको कृषिको अवस्था

जिफन्ट विशेष कार्यक्रम अन्तर्गत छानिएका कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही र नवलपरासी आठ वटै जिल्लाहरू तराइका जिल्ला भएकोले कुल भू-भागको धेरै अंश खेती योग्य रहेको छ। खेती योग्य जमिनमध्ये लगभग ८० प्रतिशतभन्दा बढीमा हाल खेतीपाती गरिएको छ। यो क्षेत्र पनि देशको आम कृषि समस्याबाट अलग छैन। सिंचाइको अभावका कारण मौसममा भर पर्नु पर्ने, उन्नत बीउ तथा रासायनिक मल समयमा नपाइने, प्राविधिक ज्ञानको अभावका कारण पाइएका बखत मल, बीउ अन्दाजका भरमा प्रयोग गर्ने, प्राविधिकहरू गाउँघरमा नपुग्ने आदि समस्याहरू यस क्षेत्रमा पनि जीवन्त छन्। तराइको कुल खेतीयोग्य जमिनको ३७.३ प्रतिशत र नेपालको सन्दर्भमा २०.७ प्रतिशत खेतीयोग्य जमिन कार्यक्रम लागू भएका आठ जिल्लामा रहेको पाइन्छ।


### कृषि मजदुरका समस्याहरू

नेपाली कृषि मजदुरहरू विभिन्न प्रकारका समस्याबाट पीडित छन्। तीमध्ये प्रमुख समस्याहरू निम्न प्रकारका छन्-

१. **रोजगारीको अवसरमा कमी** : सिंगो राष्ट्र नै बेरोजगार समस्याबाट प्रभावित छ। कृषि भूमि नबढ्ने, गैह्र कृषि क्षेत्रको विकास मन्द हुनु र जनसंख्या वृद्धि तीव्र भएकाले पहिलेदेखि नै छद्म बेरोजगारीको समस्याबाट प्रभावित कृषि क्षेत्र माथिको चाप झन् झन् बढ्दै गएको छ। फलस्वरूप, कृषि मजदुरहरूलाई काम पाउन कठिन हुँदै गएको छ। साथै, काम पाइहाले पनि नियमित रूपमा पाइँदैन।

२. **भारतीय मजदुरहरूको प्रयोग** : आफ्नै गाउँ-घरका कृषि मजदुरहरू काम नभएर कठिन जीवन बाँच्न विवश हुँदा हुँदै जमिन्दारहरू आफ्नो निहित स्वार्थ पुरा गर्न सस्तो र सजिलोका बहानामा भारतीय मजदुरलाई लगाइरहेका छन्। जसले गर्दा नेपाली मजदुरहरू विस्तार विस्तार विस्थापित हुँदै छन्।

३. **ज्यालादर न्यून हुनु** : एकातिर काम नपाइने समस्या छ भने अर्कोतिर कृषि मजदुरहरूको ज्याला अति नै कम छ। श्री ५ को सरकारले न्यूनतम ज्याला प्रति दिन रु. ६०।- तोके तापनि कतिपय ठाउँमा सो लागू भएको छैन र धेरै मजदुरहरू



**तालिका-१ : स्थायी तथा दैनिक ज्यालादारी कृषि मजदुर (दैनिक)**

| जिल्ला | स्थायी वा लामो अवधिका कृषि मजदुर | महिलाको प्रतिशत | ज्यालामा काम गर्ने कुल कृषि मजदुर | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| नवलपरासी | ३३३५ | १२.९ | ५९६१८ | ६१.४ |
| रूपन्देही | ५७२५ | १७.८ | ५३५९२ | ६५.५ |
| कपिलवस्तु | ९८८९ | ३१.५ | ६७२८८ | ५९.३ |
| दाङ | ७९६७ | ३२.७ | १७४९० | ५३.४ |
| बाँके | ४७६३ | २१.१ | १४७०४ | ४५.४ |
| बर्दिया | ११५८० | ३५.५ | ३१६३८ | ४८.३ |
| कैलाली | ३०९५८ | ४४.० | ३११२४ | ५९.१ |
| कञ्चनपुर | ३५४८ | ३४.२ | ६३९४ | ५५.८ |
| तराइ | २०८२१२ | २१.८ | ९३४०४८ | ५७.० |
| नेपाल | ३०१६७४ | २३.७ | २०४२४७६ | ६१.५ |

स्रोत : शिव शर्मा १९९९, प्रोसिडिङ्स, जिफन्ट

पनि यस व्यवस्था बारे जानकार छैनन्। कतिपय श्रमिकहरू अझै पनि प्रतिदिन रु. २०।- मा काम गर्न बाध्य छन्। ज्याला वृद्धिको कुरा राख्दा कामै नपाइएला भन्ने डरले जमिन्दारसंग बोल्न डराउँछन्। कति घन्टा काम गर्दा कति ज्याला पाउनु पर्छ भन्ने कुराको जानकारी अधिकांश मजदुरमा छैन।

४. **अशिक्षा/चेतनाको कमी** : अधिकांश कृषि मजदुरहरू अशिक्षित छन्, चेतनाको स्तर ज्यादै कम छ। अशिक्षाकै कारण उनीहरूलाई आफ्नो अधिकारबारे थाहा छैन। आफूले काम गरेको हिसाब बताउन सक्दैनन्। फलस्वरूप उनीहरू जाली-फटाहाहरूबाट शोषित भइरहेका छन्। उनीहरू अशिक्षाकै कारण सामाजिक विकृतिका शिकार बन्न समेत पुगेका छन्।

५. **व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाको अभाव** : संगठित क्षेत्रमा पनि भर्खर मात्र चर्चामा आएको यो समस्या कृषि क्षेत्रमा पनि भयावह छ। तर पनि यस तर्फ कसैको चासो गएको देखिंदैन। फलस्वरूप कृषि मजदुरहरू जानी नजानी हुने दुर्घटनाहरूबाट पीडित छन् र जमिनका मालिकबाट कुनै प्रकारको क्षतिपूर्ति पाउँदैनन्।

६. **सुरक्षित बसोबासको अभाव** : धेरैजसो कृषि मजदुरहरू भूमिहीन भएकाले बसोबासको समस्याबाट पिरोलिएका छन्। उनीहरू कहिले सडकको छेउमा त कहिले खोला बगर अनि जंगलभित्र अस्थायी रूपमा बस्न बाध्य छन्। यसरी बसोबास गर्दा कहिले सडक विभागले त कहिले वन विभागले उनीहरूका छाप्रा भत्काइदिने, बगरमा बस्दा वर्षायाममा बाढीले सताउने हुँदा उनीहरू आफूलाई सधैं असुरक्षित ठान्दछन्।

७. **श्रम कानूनको अपर्याप्तता** : कृषि मजदुरहरूले भर्खरै मात्र संगठित हुने अधिकार पाएका हुन्। तर, नेपालको श्रम कानूनमा कृषि मजदुरहरूका हकहितसंग सम्बन्धित कुनै पनि श्रम कानून छैन। शोषित-पीडित मजदुरले आफूलाई परेको पीर मर्काबारे सुनाउने ठाउँ नहुनु, सुनाउन डराउनु र सुनाए पनि सुनुवाइ नहुनु श्रम कानूनको अपर्याप्तताको प्रतिफल हो।

## तालिका-२ : खेतीयोग्य जमिन

| जिल्ला | खेतीयोग्य जमिन (हेक्टरमा) |
|---|---|
| नवलपरासी | ६७६१९ |
| रूपन्देही | ६९१३८ |
| कपिलवस्तु | ८५९२६ |
| दाङ | ५१०७५ |
| बाँके | ४७४१६ |
| बर्दिया | ४७८८४ |
| कैलाली | ६७४०५ |
| कञ्चनपुर | ४४९२४ |
| तराइ | १२८९७०० |
| नेपाल | २३२४३३० |

स्रोत : केन्द्रीय तथ्यांक विभाग

**समस्या समाधानका उपायहरू**

कृषि मजदुरका उपरोक्त समस्याहरूको समाधानका लागि मुख्य रूपमा निम्न उपायहरू अपनाउनु पर्ने देखिन्छ :

१. **रोजगारीको व्यवस्था** : गैह्र कृषि क्षेत्रको विकास गरी कृषि क्षेत्र माथिको चाप घटाउँदै लैजानु पर्छ।

२. **सीपमूलक तालिम** : कृषि क्षेत्रमा निर्भर मजदुरहरूलाई अन्य क्षेत्रमा लैजानको लागि श्रम बजारको अध्ययन गरी माग अनुसार आवश्यक सीपमूलक तालिम दिने।

३. **चेतना अभिवृद्धि कार्यक्रम** : अशिक्षाको कारण पछाडि परेका कृषि मजदुरहरूको चेतना स्तर वृद्धि गर्न अनौपचारिक

## न्यूनतम ज्याला र कृषि मजदुर

१. **तोकिएको/नतोकिएको** : कार्यक्रमले समेटेका आठवटै जिल्लामा जिल्ला तहमा न्यूनतम ज्याला रु. ६०। देखि रु. ८०। सम्म तोकिएको छ तर धेरै गाविसहरूमा अझ सम्म पनि तोकिएको छैन।

२. **ज्यालाबारे जानकारी** : लगभग आधा कृषि मजदुरहरूले कुनै न कुनै माध्यमबाट श्री ५ को सरकारबाट न्यूनतम ज्याला तोकिएको बारे जानकारी पाएका भए तापनि जिल्लाबाट तोकिएको न्यूनतम ज्याला बारे धेरै अनभिज्ञ छन्।

३. **लागू भए/नभएको** : न्यूनतम ज्याला तोकिएर पनि लागू हुन नसक्नु कृषि मजदुरका लागि ठूलो समस्या हो। सबै गाविसमा न्यूनतम ज्याला नतोकिएको र तोकिएका गाविसमध्ये पनि ४० प्रतिशत गाविसमा मात्र लागू भएको पाइन्छ।

४. **वर्तमान ज्यालादर** : वर्तमान अवस्थामा कृषि मजदुरहरूले पाइआएको दैनिक ज्याला दर जिल्ला, क्षेत्र, गाविस, व्यक्ति तथा समय अनुसार फरक-फरक पाइन्छ। हाल मजदुरहरूले नगद वा जिन्सीमा ज्याला पाउने गरेका छन्। नगद वा जिन्सी जेमा पाए पनि दैनिक रु. २० देखि १२० सम्म दिने गरेको पाइएको छ।

५. **ज्याला दरमा भिन्नता** : केही अपवादलाई छोडेर सबै ठाउँमा समान कामको लागि पुरुष र महिला बीच ज्यालामा भेदभाव गरिएको छ। पुरुषले बढी ज्याला पाउने र महिलाले कम। कहीं कहीं जातीय आधारमा पनि ज्यालामा भेदभाव भएको पाइन्छ। जिल्लाको अध्ययनले बताउँछ - वर्तमान ज्याला दरमा प्रति दिन पुरुषको २० देखि १२० रूपैयाँ सम्म र महिलाको २० देखि ८० रूपैयाँसम्म रहेको छ।

६. **ज्याला सम्बन्धमा उजुरी** : प्रायः कृषि मजदुरहरू ज्यालाका समस्याबाट पीडित छन्। धेरै काम गराएर थोरै ज्याला दिने, ज्याला नै नदिई काम गराउने, काम गरेर पनि हर्जाना तिर्नु पर्ने आदि समस्याहरू बराबर आउने गरेका छन्। तर, धेरैजसो मजदुरहरूलाई यस प्रकारको शोषण विरुद्ध उजुरी गर्ने निकायको बारेमा थाहा नभएर र थाहा हुनेले पनि न्याय मजदुरका पक्षमा हुन्छ भन्ने विश्वास नभएका कारण ज्याला सम्बन्धी समस्या धेरै हुँदा हुँदै पनि उजुरी असाध्य थोरै आउने गरेका तथ्य हाम्रा अगाडि छन्।

शिक्षाका साथै अन्य चेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू ल्याई उनीहरूलाई सहभागी गराउँदै लैजानु पर्छ।

४ **स्थानीय सरकारलाई अधिकार** : कृषि मजदुरमाथि ज्याला तथा अन्य माध्यमबाट भइरहेको शोषण अन्त्य गर्न स्थानीय सरकारलाई आवश्यक कानूनी अधिकार दिनु पर्छ।

५. **सुरक्षित बसोबासको व्यवस्था** : बसोबासको समस्याले पिरोलिएका भूमिहीन कृषि मजदुरलाई सरकारले श्रमको माग बढी भएका ठाउँमा स्थायी बसोबासको व्यवस्था गरिदिनु पर्छ।

६. **व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य** : यस सम्बन्धमा चेतनामूलक कार्यक्रम, आवश्यक कानूनको तर्जुमा गर्नु पर्दछ।

७. **ऋणको सुविधा** : मजदुरहरूलाई साह्रो-गाह्रो पर्दा अन्यत्र ऋण नपाइने र जमिन्दार वा गाउँका साहु महाजनबाट उनीहरूले तोकेका सर्तमा ऋण लिनु पर्ने बाध्यता हुने हुँदा मजदुरहरू सधैं जमिन्दारको जालोमा पर्न बाध्य हुन्छन् र त्यसबाट उम्कन सकिरहेका छैनन्। तसर्थ, उनीहरूलाई परेको समस्यामा सरकारले सहयोग गर्ने वातावरण बनाउन सके शोषणबाट मुक्त हुनेछन्।

८. **मजदुर कल्याण कोष** : यातायात क्षेत्रमा स्थापना भएको भलाइ कोष जस्तै कृषि क्षेत्रका मजदुरहरूका अपर्झट आइपर्ने आपतविपतमा सहयोग पुर्‍याउने उद्देश्यले एक मजदुर कल्याण कोषको स्थापना गरी सरकारबाट समेत अनुदान उपलब्ध गराउनु पर्ने।

९. **भारतीय मजदुरको प्रयोगलाई निरुत्साहन** : भारतीय मजदुरहरूको बढ्दो प्रयोगले नेपाली मजदुरहरू विस्थापित हुँदै गइरहेका हुनाले नेपाली मजदुरहरूलाई प्राथमिकता दिनु पर्ने र नभई नहुने अवस्थामा मात्र औचित्य पुष्टि गरी भारतीय मजदुरलाई प्रयोग गर्न पाउने व्यवस्था हुनु पर्ने।

**समस्या समाधानका लागि जिम्मेवार निकाय**

कृषि मजदुरका उपरोक्त समस्याहरू समाधान गर्न निम्न निकायहरूले जिम्मेवारी लिनु पर्दछ :

## कृषि मजदुर र कार्यघन्टा

१. **दैनिक कार्यघन्टा** : कृषि मजदुरहरूलाई उनीहरूले पाउने ज्यालाका लागि दैनिक कति घन्टा काम गर्नु पर्ने हो थाहा छैन। मेला (काममा) जाने समय ठाउँ अनुसार फरक-फरक भए तापनि प्रायः सबै ठाउँमा दिनको १०/१२ घन्टा सम्म काम गर्नु पर्ने हुन्छ।

२. **अतिरिक्त ज्याला** : अतिरिक्त समयमा काम गरे बापत न्यूनतम ज्यालाका अतिरिक्त थप ज्याला पाउनु पर्छ भन्ने जानकारी प्रायः मजदुरहरूलाई छैन र रोजगारदाताहरूले पनि दिने गरेका छैनन्। बढी समय काम गरे बापत नगद नपाए पनि समय अनुसार र कामको प्रकृति हेरे खाना तथा खाजा खान पाउँछन्। कपिलवस्तुको जयनगर गाविसमा कृमसं जिल्ला कमिटीको सक्रियतामा जति घन्टा काम गरे पनि घन्टाको रु. १०। ज्याला दिनु पर्ने निर्णय गरी कार्यान्वयन गराइएको छ।

१. केन्द्रीय सरकार
२. स्थानीय सरकार
३. ट्रेड यूनियन
४. किसान संगठनहरू
५. सामाजिक संघ-संस्था
६. राजनीतिक दलहरू

यी सबै संस्थाहरूले आआफ्नो तर्फबाट समस्या समाधानका लागि प्रयास गरिरहेको देखिन्छ। तर, उक्त संस्थाहरूको छुट्टा-छुट्टै प्रयास मात्र कृषि मजदुरहरूका समस्या समाधान गर्न पर्याप्त नहुने भएकाले यस क्षेत्रमा चासो राख्ने सम्पूर्ण निकाय वा संघ-संस्थाहरूको सामूहिक प्रयास भएमा कृषि मजदुरका समस्याहरू छोटो अवधिमा नै समाधान गर्न सम्भव छ।

# कृषि क्षेत्र र बालबालिकाको स्थिति

छानिएका जिल्लाका बालबालिकाहरूको स्थिति हेर्दा सरदरमा २० प्रतिशतदेखि ५० प्रतिशतसम्म बालबालिकाहरू विद्यालय जाने गरेका छन् भने बढी मात्रामा विद्यालय जानेबाट बञ्चित छन्। घरको आर्थिक पछौटेपनकै कारण विद्यालय जाने मध्ये ६० प्रतिशत जति ज्याला मजदुरी गर्न आमाबाबुका साथमा वा छुट्टै जाने गरेका छन्। यी जिल्लाहरूमा लगभग ६० प्रतिशत केटाकेटी आफ्नै घरमा (आमाबाबुसंग) बसेर ज्याला मजदुरी गर्न जाने गरेका छन् भने ४० प्रतिशत आफ्नो घर बाहिर बसेर स्थायी रूपमा काम गरिरहेका छन्। यसमा घरायसी काममा लागेकाको संख्या सबैभन्दा बढी रहेको अनुमान छ।

**समाजमा महिलाको स्थान**

आम महिला झैं यस क्षेत्रका महिलाहरू पनि आर्थिक, सामाजिक र पारिवारिक शोषणका शिकार बनेका छन्। पुरुषको तुलनामा उनीहरूको जीवन बढी दुःखदायी र कष्टकर छ। उनीहरूमा घर र बाहिरको दुवै जिम्मेवारी भएर पनि दोस्रो दर्जाका नागरिक ठानिन्छन्। समाज तथा परिवारमा ठूलो भेदभाव छ। यौन दुरुत्साहनका शिकार बनेका छन्। उनीहरूको दर्द सुन्ने कमै भेटिन्छन्।

**जिविस तथा गाविसबाट सहयोग**

प्रायः धेरैजसो जिविस तथा गाविसले कृषि मजदुरका समस्याहरूमा चासो दिई सहयोग पुर्‍याइरहेका भए तापनि शिक्षाको अभावका कारण मजदुरहरू आफ्नो समस्या तथा पिरमर्काका सम्बन्धमा सम्बन्धित पदाधिकारी समक्ष छलफल गर्न हिच्किचाउनाले पनि उक्त संस्थाहरूले गर्नु पर्ने जति सहयोग गर्न नसकिरहेको गुनासो जनप्रतिनिधिहरूको पनि रही आएको छ।

वर्तमान अवस्थामा कृषि मजदुरहरूको उपरोक्त सवालहरूमा सरकारका साथै अन्य कुनै एक संस्थाले मात्र लागेर नहुने भएकोले यस क्षेत्रमा चासो दिने संघसंस्थाले एक आपसमा समन्वय कायम गरी अगाडि बढ्नु पर्ने र सरकारले समन्वयकर्ताको भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ।

आपसी समन्वय कायम गर्न सकेमा कृषि मजदुरहरूका नाममा गरिएको खर्चको राम्रो सदुपयोग हुने र थोरै सहयोगबाट धेरै मजदुरहरूले फाइदा पाउन सक्ने कुरामा कसैको दुई मत छैन। कुन सवालमा कुन संस्थाले बढी जिम्मेवारी लिनु पर्ने भन्ने कुरामा अझ वृहत छलफल चलाइनु पर्छ।

# बालश्रम विरुद्ध विश्व दिवसको उपलक्ष्यमा सांस्कृतिक कार्यक्रम



जुन १२ (जेठ २९ गते), बालश्रम विरुद्ध विश्व दिवस नेपालमा पनि भव्यताका साथ मनाइयो। यसै अवसरमा नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को संयोजकत्वमा नेपालमा बालश्रम विरुद्ध अभियानमा संलग्न आइएलओ लगायतका १३ वटा संस्थाहरूले संयुक्त रूपमा राजकीय प्रज्ञाप्रतिष्ठानमा एउटा भव्य सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको थिए।

निबन्ध प्रतियोगितामा प्रथम भएका अजित गौलीको निबन्धका साथै बालश्रम शोषण सम्बन्धी गीत, नृत्य, नाटक तथा बालश्रमबारेको कथा रिभर्स अफ सेम (लाजको भंगालो) नामक वृत्तचित्र पनि प्रस्तुत गरिएको थियो।

सांस्कृतिक कार्यक्रमको शुरुवातमा आइएलओ नेपालका निर्देशक लैला टेग्मो रेड्डीले सांस्कृतिक कार्यक्रम र बालश्रम विरुद्ध विश्व दिवसको महत्त्वका साथै नेपालमा बालश्रम विरुद्ध भइरहेका आइएलओ अभियानबारे आफ्नो संक्षिप्त मन्तव्य दिनुभएको थियो।


अन्त्यमा, कन्सर्न नेपालको आयोजनामा भएको निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनामा विजयी विद्यार्थीहरू अजित गौली, पुष्पा श्रेष्ठ, गणेश ढकाल, प्रेरणा बज्राचार्यलाई आइएलओ नेपालका डाइरेक्टर लैला टेग्मो रेड्डीले पुरस्कार तथा शिल्ड वितरण गर्नुभयो। यसै गरी नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल शिक्षक संघको आयोजनामा भएको वक्तृत्व कला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनामा विजयी विद्यार्थीहरू सुधा पराजुली, कोपिला कटेल, चण्डेश्वरी श्रेष्ठ तथा निराजन न्यौपानेलाई पनि वहाँले पुरस्कार वितरण गर्नुभयो।

शुभतारा र सीवीनको संयुक्त प्रस्तुति डकुमेन्ट्री नाटक, काठमाडौं महानगर पालिकाको बालनृत्य, नेपाल डिकोन्टको नाटक, नेपाल ट्रेड यूनियन कांग्रेसको एउटा बाल नृत्य र नेपाल ट्रेड यूनियन महासंघ जिफन्टको बालश्रम सम्बन्धी ३ वटा नृत्यहरू प्रस्तुत गरिएको थियो।

कार्यक्रमको अन्त्यमा आइएलओका यादव अमात्यले धन्यवाद ज्ञापन गर्नु भयो।

यो दिवस बालश्रम शोषणमा परेका विश्वका करीब २५ करोड बालबालिकाको उद्धारको उद्देश्य राखेर विश्वव्यापी रूपमै यसै वर्षदेखि मनाउन थालिएको हो। नेपालमा २६ लाख बालबालिकाहरू श्रममा संलग्न छन्। त्यसमध्ये कतिपय जोखिमपूर्ण तथा हानिकारक कामहरूमा समेत संलग्न छन्।

# प्रेस मजदुर यूनियनको चौथो राष्ट्रिय सम्मेलन




नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) संग आबद्ध ट्रेड यूनियन संघ नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियनको चौथो राष्ट्रिय सम्मेलन गत जेठ २५ गते राजकीय प्रज्ञाप्रतिष्ठानको सभाकक्षमा भव्यताका साथ सम्पन्न भयो। सम्मेलनको उद्घाटन नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नुभएको थियो। उद्घाटन कार्यक्रममा मुद्रण उद्योग संघका अध्यक्ष कमल जोशी र जिफन्टका काठमाडौं विशेष अञ्चल कमिटीका अध्यक्ष हरिदत्त जोशीले शुभकामना दिनुभएको थियो।

यूनियनका केन्द्रीय अध्यक्ष कवीन्द्र शेखर रिमालको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा सम्पूर्ण प्रतिनिधि तथा अतिथिको स्वागत उपाध्यक्ष महेन्द्र श्रेष्ठले गर्नु भएको थियो।

**"समृद्ध जीवनको लागि सुदृढ संगठन, सम्पूर्ण प्रेसमा श्रम कानूनको कार्यान्वयन"** नाराका साथ सम्पन्न उक्त सम्मेलनले कवीन्द्र शेखर रिमालको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरेको छ। कमिटीको उपाध्यक्षमा महेन्द्र श्रेष्ठ, सचिव वकिलमान शाक्य, सहसचिव वृद्धि आचार्य, कोषाध्यक्ष श्यामसुन्दर धिमाल र सदस्यहरूमा ऋषिराम सापकोटा, अच्युतम आचार्य, सुभद्रा उप्रेती, शम्भु पौडेल, धन बहादुर श्रेष्ठ, धनइ राउत कुर्मी, रामकृष्ण अधिकारी, प्रेम वाग्ले र चित्र बहादुर बस्नेत हुनुहुन्छ।

नेपाल स्वतन्त्र प्रेस मजदुर यूनियनको स्थापना २०३६ सालमा भएको हो। यो यूनियन जिफन्टको स्थापनादेखि नै जिफन्टसंग संलग्न भएको यूनियन हो। यस पटकको सम्मेलनले पब्लिसिङ हाउस अन्तर्गतका हकर्स र कम्प्युटरमा काम गर्ने मजदुरहरूलाई समेत विशेष योजना बनाई संगठित गर्ने निर्णय गरेको छ।

उपत्यका बाहिरका ८ जिल्ला र उपत्यकाका अधिकांश प्रेसहरूबाट ९६ जना प्रतिनिधिहरू सहभागी भएको सो सम्मेलनले आगामी ३ वर्षको लागि सदस्य विस्तार, सीपमूलक तालिम, शैक्षिक कार्यक्रम, अन्तरराष्ट्रिय सम्पर्क, श्रमिक सहकारी कार्यक्रम र पूर्णकालीन कार्यकर्ताको व्यवस्था गरी ६ वटा कार्यक्रमहरू पारित गरेको छ।

# यूनिट्राभको आठौं राष्ट्रिय सम्मेलन

नेपाल ट्रेकिङ-ट्राभल्स-र्‍याफ्टीङ मजदुर यूनियनको आठौं राष्ट्रिय सम्मेलन गत जेठ ३ गते काठमाडौं, भृकुटी मण्डप स्थित पर्यटन बोर्डको हलमा सम्पन्न भयो। सम्मेलनको उद्घाटन नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले गर्नु भयो। उद्घाटन कार्यक्रममा महासंघको सदस्य यूनियनहरूको तर्फबाट क्षेत्रीय संयोजक उद्धव केसी र नेपाल ट्राभल एजेन्ट्स एशोसिएसनका प्रथम उपाध्यक्ष सूर्य श्रेष्ठले शुभकामना मन्तव्य दिनु भएको थियो। सम्मेलनले सार्की तामाङको अध्यक्षतामा १३ सदस्यीय केन्द्रीय कमिटी निर्माण गरेको छ। जस अनुसार- उपाध्यक्षमा कृपा अकिञ्चन, सचिव-दिपक पौडेल, सहसचिव- कृष्ण प्रसाद तिवारी, कोषाध्यक्ष-दिनेश रोक्का र सदस्यहरूमा राजेन्द्र राज हमाल, वि. वि. थापा, पूर्णचन्द्र भुसाल, सोनाम जाङबु शेर्पा, लीला सुब्बा, कृष्ण भण्डारी, आङ छेवाङ शेर्पा र बमवहादुर नेपाली हुनुहुन्छ।




सम्मेलनमा श्रम विभागमा दर्ता भएको नेपाल स्वतन्त्र ट्रेकिङ मजदुर संघ, यूनिट्राभमा एकीकरण भएको घोषणा भएको थियो। यूनिट्राभले ट्रेकिङमा जाने मजदुरहरूको हक हितको लागि संघर्ष गर्दै आएको छ। विशेषत: ट्रेकिङमा जाने मजदुरहरूको जीवन कुनै पनि वेला जान सक्ने र ज्यानै माया मारेर जानु पर्ने पेशा भएकोले यूनियनले मजदुरको बीमामा जोड दिंदै आएको छ। यूनियनकै जोडदार मागमा श्री ५ को सरकारले यसै वर्ष ट्रेकिङमा जाने मजदुरहरूको निम्ति न्यूनतम २ लाख ५० हजार रुपैंयाँको बीमा अनिवार्य गर्नु पर्ने नियमावली समेत पारित गर्दैछ, यूनियनले अतिरिक्त क्रियाकलापमा पासाङ ल्हामु शेर्पा फुटबल प्रतियोगिता तथा नियमित हिमाल सफाइ अभियान पनि चलाउँदै आएको छ। पोखरामा मजदुरहरूको सहयोग गर्ने उद्देश्यले "आफ्नो लागि आफै सोचौं" भन्ने आर्थिक कार्यक्रम पनि सञ्चालन गरिरहेको छ।

# नेपालमा उर्जा क्षेत्रको पुनर्संरचना र निजीकरण : ट्रेड युनियनको रणनीति

**राष्ट्रिय सेमिनारको निष्कर्ष (२०५९ वैशाख २४-२५)**




नेपाल ट्रेड यूनियन महासंघ, आई.सी.ई.एम. ( इन्टरनेशनल फेडेरेशन अफ केमिकल, इनर्जी, माइन एण्ड जनरल वर्कर्स) र एफ.ई.एस. (फ्रेडरिक इबर्ट स्टुफटन) को संयुक्त आयोजनामा 'नेपालमा उर्जा क्षेत्रको पुनर्संरचना र निजीकरण : ट्रेड यूनियनको रणनीति' विषयमा गत वैशाख २४ र २५ गते काठमाडौं स्थित पर्यटन बोर्डको हलमा राष्ट्रिय कार्यशाला कार्यक्रम सम्पन्न भयो।

वैशाख २४ गते उद्घाटन गरिएको उक्त कार्यक्रममा नेपाल ट्रेड यूनियन महासंघका अध्यक्ष मुकुन्द न्यौपाने, आइएलओ नेपालका निर्देशक लैला टेग्मो रेड्डी, डिकोन्टका अध्यक्ष राजेन्द्र राउत, एनटीयूसीको महासचिव पुस्कर आचार्य, आइसीइएमका शिक्षा अधिकृत एलिजावेथ कटनले कार्यशालाको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

आईसीइएम एशिया पासिफिकका सचिव फि जुङ-सुन र जिनो गोविन्दरको समेत संलग्नता रहेको कार्यशालाले निम्न निष्कर्षहरू निकालेको छ -

- संस्थानहरू विभिन्न कारणले अप्ठचारोमा परेका छन्। यो स्थिति नेपालको मात्र हैन विश्वव्यापी प्रवृत्ति हो।
- कार्यपत्र प्रस्तुतिमा हामीले थाहा पायौं कि उर्जा क्षेत्र सार्वजनिक क्षेत्रका कामदार कर्मचारीको चासोको विषयमात्र हैन यो विकासको साँचो पनि हो। यो राजनैतिक विषय पनि हो।
- विश्वको विभिन्न ठाउँका रक्तपात, युद्ध समेत उर्जा कै कारणले भएको तथ्य जगजाहेर छ। नेपालमा हाल चर्चा चलेको पुनर्संरचना र निजीकरणको प्रसंग पनि यसै संगै जोडिएको छ।
- नेपालमा पनि दक्षिण एसियाका अन्य देशमा जस्तै हाल उर्जा क्षेत्रको तीनै पक्ष उत्पादन, प्रशारण र वितरणलाई निजीकरण गर्ने चर्चा चलिरहेको छ।
- हामी यूनियनहरू निजीकरण असफल भइसकेको मतमा छौं तर व्यवस्थापन पक्ष सबै समस्याको एक मात्र औषधि निजीकरण हो भन्ने मतमा छ।

**हामी निजीकरणको विकल्पमा संस्थान पुनर्संरचनाको पक्षमा छौं। पुनर्संरचना भन्नाले -**

- कर्मचारीको कटौती होइन, निजीकरण पनि होइन। यो कार्य अवस्था सुधारका निम्न कुराहरूसंग समेत सम्बन्धित छ :

**संगठनात्मक ढाँचामा पुनर्संरचना**

- संचालक समितिको गठन गर्दा विज्ञहरू, ट्रेड यूयिनन र उपभोक्ता तथा उत्पादकहरूका प्रतिनिधि सामेल गर्ने
- संचालकहरूको स्पष्ट अधिकार र जिम्मेवारी तोकी अधिकारको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्नु पर्ने
- निष्पक्ष नियुक्ति, अवकास नीति र सेवा सुविधाको स्पष्टता सहितको कर्मचारी-कामदार नीति तय गर्ने।
- संस्थान सेवा आयोग गठन गर्ने,  कामदारको वैज्ञानिक काम बाँडफाँड गर्ने र त्यसै आयोग मार्फत कामदार कर्मचारी नियुक्ति र वर्खास्तीको काम गर्ने।
- ओभर स्टाफिङको समस्या स्वेच्छिक अवकास तथा अनावश्यक शाखा-महाशाखाहरू खारेज गरेर हल गर्ने

**आर्थिक व्यवस्थापनमा पुनर्संरचना**

- आवधिक निष्पक्ष लेखा परीक्षण
- लेखा परीक्षणले औंल्याएको गल्तीको आधारमा दण्डको व्यवस्था
- चुहावट, चोरी, हिनामिना रोक्ने

**प्रविधिहरूको पुनर्संरचना**

- पुराना यन्त्रहरू तथा प्रविधिमा परिवर्तन
- पुनर्संरचनाको प्रक्रियालाई कार्यान्वयन तहमा पुऱ्याउने गतिविधिहरू गर्न निम्न यूनियनहरूमा संलग्न हामी सबै सहभागी सहमत भएका छौं -
  - समस्याहरूको पहिचान गर्ने। शैक्षिक कार्यक्रम मार्फत श्रमिकहरू बीच त्यसलाई अवगत गराउने र संचारका माध्यम, प्रचार सामग्री तथा लेख-रचना मार्फत उपभोक्ता लगायत समाजका सबै पक्षलाई अवगत गराउने
  - श्री ५ को सरकारलाई निजीकरण होइन पुनर्संरचनामा अघि बढ्न आव्हान गर्ने,  निजीकरण इकाइले गरेको गलत कामको सार्वजनिक प्रचार मार्फत सचेतना बढाउने काम गर्ने।
  - संस्थानको पुनर्संरचनाबारे महासंघहरू, राजनैतिक पार्टी र अन्य सरोकारवाला संस्थाहरू बीच उपयुक्त संयन्त्र तय गर्न प्रयास गर्ने
  - सूचना व्यवस्थापनलाई सुदृढ गर्ने
  - स्थानीय यूनियनलाई गतिशील बनाउने, अन्तरराष्ट्रिय अनुभवहरूबाट सूचना प्राप्त गर्ने र आन्दोलनको लागि सहयोग प्राप्त गर्ने
  - समस्या पहिचान, उपायको खोजीको प्रक्रियामा देशभित्रका यूनियन, राजनैतिक पार्टी, सामाजिक संघसंस्थाहरू बीच छलफल, अन्तरक्रियाका प्रयत्नहरूलाई जारी राख्ने।
  - यस प्रक्रियामा अन्तरराष्ट्रिय आन्दोलनसंग ऐक्यवद्धताको लागि आव्हान गर्ने

# आइएफबीडब्लुडब्लु व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी उपक्षेत्रीय कार्यशाला

आइएफबीडब्लुडब्लु दक्षिण एशियाको आयोजनामा गत मे १६-१८ (जेठ २-४) मा काठमाडौंमा निर्माण क्षेत्रमा स्वास्थ्य तथा सुरक्षा (ओएसएच) विषयमा उपक्षेत्रीय स्तरको कार्यशाला सम्पन्न भयो।


दक्षिण एशियामा कार्यरत निर्माण क्षेत्रका मजदुरहरूलाई व्यवसाय सम्बन्धी रोग र सुरक्षा विषयमा सचेत गर्ने र सरकारलाई स्वास्थ्य सुरक्षा सम्बन्धी कानून समेत निर्माण गर्न दवाव दिने उद्देश्यले यो कार्यशाला गरिएको थियो। कार्यशालाले २ वर्ष (सन् २००२ र २००३) को लागि निम्न प्रस्तावहरू पारित गरेको छ-

**क. युनियनस्तरमा गर्नु पर्ने कार्यहरू**

१. चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू
२. ओएसएचका विषयहरूमा प्रचार सामग्रीहरू बनाउने
३. ओएसएचमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम गर्ने
४. ओएसएचको समितिहरू बनाउने

**ख. राष्ट्रिय स्तरमा गर्नुपर्ने कार्यहरू**

१. आवश्यक कानून निर्माणका लागि सरकारसंग लबिङ गर्ने
२. निर्माण क्षेत्रको लागि त्रिपक्षीय समिति गठनका लागि पहल गर्ने
३. ओएसएचका सम्बन्धमा राष्ट्रिय स्तरको त्रिपक्षीय कार्यशाला संचालन गर्ने
४. तथ्यांक भण्डारको विकास गर्ने
५. निर्माण क्षेत्रमा ओएसएचको स्थितिको बारेमा वृत्तचित्र निर्माण गर्ने




**ग. स्थानीय र कार्यस्थल स्तरमा गर्नु पर्ने कार्यहरू**

१. स्थानीय र कार्यस्थल स्तरमा ओएसएच समितिहरू गठन गर्ने
२. स्वास्थ्य शिविर संचालन गर्ने
३. श्रमिकहरूलाई व्यवसायजन्य रोगहरूका बारेमा जानकारी दिने

**घ. उप-क्षेत्रीयस्तरमा गर्नुपर्ने कार्यहरू**

१. मध्यावधिक मूल्यांकन कार्यशाला गर्ने
२. द्विवार्षिक मूल्यांकन एवं योजना कार्यशाला गर्ने
३. ओएसएच अनुसन्धान एवं सूचना केन्द्रको स्थापना गर्ने

**ङ. अभियान कार्यक्रम**

१. निर्माण क्षेत्रको छुट्टै कानूनका निर्माणका लागि अभियान चलाउने
२. आइएलओको अभिसन्धि नं. १६७ को अनुमोदनका लागि अभियान चलाउने
३. कार्यस्थलमा ओएसएच का सम्बन्धमा विभिन्न स्तरमा त्रिपक्षीय आचार संहिता बनाउनका लागि अभियान चलाउने।

कार्यक्रममा आइएफबीडब्लुडब्लुका एशिया प्रशान्त क्षेत्रका उपाध्यक्ष आर सी कुन्तीया, दक्षिण एशिया क्षेत्रका प्रमुख बी.के. सुड लगायत भारत, बंगलादेश, पाकिस्तान तथा नेपालको सहभागिता रहेको थियो। नेपालका सहभागीहरूमा निर्माण क्षेत्रमा कार्यरत २ वटा यूनियनहरू जिफन्टसंग आबद्ध यूनियन क्युपेक-नेपाल र डिकोन्टसंग आबद्ध यूनियन काउनको सहभागिता रहेको थियो।

# गरिबी न्यूनीकरण र कार्यथलोमा प्रजातान्त्रिकरण सम्बन्धमा उच्चस्तरीय परिसम्बाद कार्यक्रम




नेपाल ट्रेड यूनियन महासंघको आयोजनामा गरीबी न्यूनीकरण र कार्यथलोमा प्रजातान्त्रिकरण सम्बन्धमा असार १५-१६ र असार १७-१८ गते दुई वटा बेग्लाबेग्लै उच्चस्तरीय परिसम्बाद कार्यक्रम सम्पन्न भयो।

पुतलीसडक स्थित महासंघको केन्द्रीय कार्यालय मनमोहन मजदुर भवनमा सम्पन्न त्यस कार्यक्रमको उद्घाटन कार्यक्रम १५ गते भएको थियो। उद्घाटन कार्यक्रममा आइएलओका प्रतिनिधि सोलेमन राजबंशी र महासंघका अध्यक्ष मुकुन्द न्यौपानेले बोल्नु भएको थियो।

असार १५-१६ गतेको कार्यक्रममा तीन वटा सत्रमा अर्थविद् डा. युवराज खतिवडाले गरिबी र योजना बारे कार्यपत्र प्रस्तुत गर्नु भयो। आइएलओका डा. सादिकले आइएलओ र पीआरएसपी सम्बन्धमा तथा विष्णु रिमालले गरिबी न्यूनीकरण रणनीतिक कार्यपत्रमा ट्रेड यूनियनको सुझाव प्रस्तुत गर्नुभयो। सत्रका अध्यक्षहरू एफइएसका देवराज दाहाल, उमेश उपाध्याय र मुकुन्द न्यौपाने हुनुहुन्थ्यो।

कार्यपत्र प्रस्तुति पछि ४ वटा समूह विभाजन गरी कृषि र भूमिसुधार, वैदेशिक रोजगार, असल ज्याला प्रणाली र सामाजिक सुरक्षा विषयमा कार्यशाला गरी निचोड निकालिएको थियो।

यसैगरी १७ र १८ गते सम्पन्न उच्चस्तरीय परिसम्बाद कार्यक्रममा ४ वटा सत्रहरू मध्ये पहिलो सत्रमा डा. नारायण मानन्धरले श्रम बजार लचकता, दोस्रो सत्रमा रमेश बडालले श्रम कानून र लचकता, तेस्रो सत्रमा उमेश उपाध्यायले उत्पादकत्व र श्रम लचकता र चौथो सत्रमा विष्णु रिमालले हाम्रो कार्यथलोमा प्रजातान्त्रिकरण सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। सत्रका अध्यक्षहरू प्रो. दिनेश चापागाईं, पवन ओझा, डा. नारायण मानन्धर र मुकुन्द न्यौपाने हुनुहुन्थ्यो।

कार्यपत्र प्रस्तुत गरिएपछि ४ समूहमा विभाजित कार्यशालाबाट काममा प्रवेश र बर्खास्ती, कार्यावस्था र सुविधा, श्रम सम्बन्ध र व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा विषयमा भिन्नाभिन्नै निचोड प्रस्तुत गरिएको थियो।

आगामी ५ वर्षको लागि 'श्रम विषय' तयार गर्ने उद्देश्यले आयोजित परिसम्बाद कार्यक्रममा नेपाल ट्रेड यूनियन महासंघ राष्ट्रिय कमिटीका सदस्यहरू र १५ वटा सदस्य यूनियनहरूका अध्यक्ष तथा सचिवहरूको सहभागिता थियो।



# आइएलओमा जिफन्टको मुद्दा

यस वर्षको अन्तरराष्ट्रिय श्रम सम्मेलन (जुन ३-२०, २००२), जेनेभामा नेपालको श्रमिक प्रतिनिधि छान्ने मामिलामा सरकारले गरेको जाली कामको विरुद्ध महासंघले २०५९ जेठ ७ गते क्रिडेन्सीयल कमिटीमा मुद्दा दायर गऱ्यो।

क्रिडेन्सीयल कमिटीमा मुद्दा दायर गर्नु भन्दा अघि श्रम मन्त्री पाल्तेन गुरुङलाई आइएलओको विधान अनुसार सरकारले मजदुर प्रतिनिधि छनौट गर्दा सबैभन्दा प्रतिनिधिमूलक ट्रेड यूनियनका प्रतिनिधिलाई छनौट गर्न गरिएको अनुरोधको बेवास्ता गरी जिफन्टभन्दा कम प्रतिनिधिमूलक यूनियनलाई सरकारले प्रतिनिधि मनोनयन गऱ्यो। यस सम्बन्धमा अन्तरराष्ट्रिय श्रम सम्मेलनले गरेको निर्णयको नेपाली रूपान्तर तल दिइएको छ -

नेपाल ट्रेड यूनियन महासंघ जिफन्टले नेपाल अधिराज्यको तर्फबाट श्रमिक प्रतिनिधिको रूपमा मनोनयन गरेको प्रतिनिधि विरुद्ध क्रिडेन्सीयल कमिटीमा गरेको उजुरीलाई नेपाल ट्रेड यूनियन कांग्रेसका अध्यक्षले समर्थन गऱ्यो। साथै जिफन्टले उक्त यूनियन नेपालको सर्वाधिक प्रतिनिधिमूलक यूनियन भएको दावी गर्दै आफ्नो यूनियनमा ३१०,५७५ व्यक्तिगत सदस्य भएको र ट्रेड यूनियन दर्ता अभिलेखका आधारमा आफ्नो यूनियन अन्तर्गत धेरै ट्रेड यूनियन आबद्ध भएको (जिफन्टसंग ८५३, एनटीयूसीसंग ६३० र डिकोन्टसंग २८) प्रमाण पेश गऱ्यो। जिफन्टले आइएलओको धारा ३ प्याराग्राफ ५ अन्तर्गत श्री ५ को सरकारलाई ६ मे २००२ मा गरेको अनुरोधका बाबजुद क्रिडेन्सीयल कमिटीमा श्रमिक प्रतिनिधिको नाम पठाउनु पर्ने मिति २१ मे २००२ सम्म पनि सरकारले श्रमिक प्रतिनिधिको नाम न त सार्वजनिक गऱ्यो न त त्यस सम्बन्धमा कुनै छलफल नै भएको पाइयो। जिफन्टले आफ्नो यूनियनको प्रतिनिधिलाई मनोनयन गरिएमा उजुरीको औचित्य नरहने कुरा समेत उजुरीमा उल्लेख गरेको छ। उजुरीमा आइएलओको विधानको धारा ३ प्याराग्राफ ५ को मात्र उल्लंघन नभई नेपालको ट्रेड यूनियन ऐन २०४९ को दफा २६ क. को उल्लंघन भएको जिकिर गरेको छ, जसमा भनिएको छ- "श्री ५ को सरकारले ट्रेड यूनियनको तर्फबाट प्रतिनिधि मनोनयन गर्दा वा ट्रेड यूनियनबाट प्रतिनिधित्व गराउँदा एउटै विषयवस्तुसंग सम्बन्धित एक भन्दा बढी यूनियन भएमा त्यस्तो यूनियनबाट समानुपातिक रूपमा वा आलोपालो गरी मनोनयन वा प्रतिनिधित्व गराउने छ- "क्रिडेन्सीयल कमिटीले जवाफ दिने अवस्था दिएपछि श्रम तथा यातायात व्यवस्था मन्त्रालयको तर्फबाट १० जुन २००२ मा लिखित उत्तर मन्त्रालयका सचिव प्रेमनिधि ज्ञवालीले दिंदा जिफन्ट, एनटीयूसी र डिकोन्ट तीन वटा ट्रेड यूनियनहरू राष्ट्रिय स्तरमा प्रतिनिधिमूलक भएको उल्लेख गर्नुभयो। ट्रेड यूनियन ऐन २०४९ ले तीनै वटा महासंघलाई आइएलओको सम्मेलनमा भाग लिन योग्य ठानेको छ। ट्रेड यूनियन ऐनमा ती महासंघ मध्ये सदस्य संख्या र आकारका आधारमा सर्वाधिक प्रतिनिधिमूलक छुट्याउने मापदण्ड निर्धारण नगरी सबैलाई समानुपातिक व्यवस्था छ। त्यसैले ती महासंघ मध्येबाट समानुपातिक रूपमा वा आलोपालो गरी प्रतिनिधित्व गराउने पद्धति विकास गरिएको हो। अघिल्ला वर्षहरूमा जिफन्ट र एनटीयूसीले सम्मेलनमा भाग लिई सकेको र डिकोन्टलाई आलोपालो पद्धति अनुसार यस वर्ष मनोनयन गरिएको हो।"

कमिटीले अनुरोध गरेपछि, जेनेभाका लागि उप-स्थायी प्रतिनिधि श्री जीवराज कोइरालाको सहयोगमा श्री ज्ञवालीले पुनः मौखिक स्पष्टीकरण पेश गर्नुभयो। वहाँले १० जुन २००२ मा दिएको लिखित स्पष्टीकरणमा उल्लेख गरे झैं जिफन्ट, एनटीयूसी र डिकोन्ट तीन वटै यूनियनलाई राष्ट्रिय स्तरमा सर्वाधिक प्रतिनिधिमूलक संस्थाको रूपमा सरकारले स्वीकार गरेको उल्लेख गर्नुभयो। वहाँले जिफन्टले ट्रेड यूनियन दर्ता अभिलेख अनुसार दिएको तथ्यांक सम्बन्धमा न त विस्तृत रूपमा केही बताउनुभयो, न त उक्त तथ्यांकको प्रतिवाद नै गर्नुभयो। वहाँले ट्रेड यूनियन ऐनमा आलोपालोको व्यवस्था गरेबाटै सरकारका दृष्टिमा जिफन्ट, एनटीयूसी र डिकोन्ट तीन वटै यूनियन समान स्तरका भएको उल्लेख गर्नुभयो।

श्री ज्ञवालीले थप गर्नुभयो - "ट्रेड यूनियन ऐनले सबै यूनियनलाई सम्मेलनमा भाग लिन समान अवसर प्रदान गरेको छ। सरकारले जम्मा एक जना श्रमिक प्रतिनिधिको मात्र खर्च व्यहोर्न सक्छ, यदि आफै खर्च व्यहोर्ने हो भने अन्य यूनियनलाई सल्लाहकारको रूपमा नियुक्ति गर्ने कुरामा विमति छैन।" श्रमिक प्रतिनिधि मनोनयन सम्बन्धमा तीन वटै यूनियन र सरकार बीच छलफल गरिएन भनी सोधिएको प्रश्नमा श्री ज्ञवालीले भन्नुभयो- "आलोपालो पद्धति अनुसार प्रतिनिधि मनोनयन गर्ने व्यवस्थाको प्रयोग गर्ने सरकारको निर्णय बमोजिम छलफल गर्नु आवश्यक ठानिएन।"

अन्त्यमा, श्री ज्ञवालीले जोड दिन दिनुभयो- "आगामी वर्षको सम्मेलन देखि श्रमिक मनोनयन सम्बन्धी व्यवस्थालाई पुनरविचार गर्ने सरकारले तयारी गरेको छ।"

क्रिडेन्सीयल कमिटीले सरकारद्वारा सम्मेलनका लागि श्रमिक प्रतिनिधि मनोनयन गर्दा सर्वाधिक प्रतिनिधिमूलक संगठनसंग परामर्श नगरेको र तिनको महत्त्वको मूल्यांकन नगरेको र सरकारको निर्णय अनुसार आलोपालो पद्धतिलाई मात्र अनुसरण गरेको कुरालाई गम्भीरता साथ लिएको छ। कमिटीले यसभन्दा अगाडि नै धेरै पटक उल्लेख गरिसकेको छ कि श्रमिक प्रतिनिधिको मनोनयन आलोपालो पद्धति त्यस बखत मात्र अवलम्बन गर्न सकिन्छ जब सम्बन्धित देशमा कार्यरत सर्वाधिक प्रतिनिधिमूलक संगठनहरूले आपसमा त्यस किसिमले प्रतिनिधित्व गर्ने गरी सम्झौता गर्दछन्।

तसर्थ राष्ट्रिय कानूनमा जेसुकै लेखिए तापनि सरकारले एकतर्फि रूपमा आलोपालो पद्धतिको अवलम्बन गर्न पाउँदैन। ट्रेड यूनियन ऐनले समानुपातिक प्रतिनिधित्वकै कुरा उल्लेख गरेको भए तापनि यस सम्बन्धमा कमिटीका पूर्व निर्णय बमोजिम आलोपालो पद्धति अपनाउनुका लागि प्रतिनिधिमूलक यूनियन बीच सम्झौता हुन पर्ने कुरालाई जोड दिन्छ।

सरकारले तीन वटै ट्रेड यूनियनहरू समानस्तरमा भनी जवाफ दिए पनि यूनियन दर्ता अभिलेखलाई उद्धृत गर्दै जिफन्टले दिएको तथ्यांक अनुसार जिफन्ट र एनटीयूसी डिकोन्ट भन्दा धेरै अंकले प्रतिनिधिमूलक भएको तथ्यलाई पुष्टि गर्दछ। श्रमिक प्रतिनिधिको मनोनयन सर्वाधिक प्रतिनिधिमूलक यूनियनमध्येबाट सरकारले गर्नु पर्छ भन्ने विधानमा भएको स्पष्ट व्यवस्था विपरित, जिफन्ट र एनटीयूसी जस्ता प्रतिनिधिमूलक यूनियनसंग परामर्श छलफल समेत नगरी श्रमिक प्रतिनिधि मनोनयन गरेको स्पष्ट छ। नेपाल सरकारले आईएलओको विधानको धारा ३ प्याराग्राफ ५ को स्पष्ट उल्लंघन गरी श्रमिक प्रतिनिधि मनोनयन गरेको प्रति कमिटी खेद व्यक्त गर्दछ। तर सरकारले आगामी वर्षको सम्मेलन भन्दा अगावै गल्तीलाई सच्याउने वचनबद्धता व्यक्त गरेको कुरालाई मनन गर्दै यस वर्ष कुनै कारवाही नगर्ने निर्णय गरेको छ।

**प्रस्तुति : रमेश बडाल**